# अध्याय एक (CHAPTER ONE)

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

शिक्षा मानव सभ्यता र विकासको आधार हुनाको साथै शिक्षा मानिसको नैंसर्गिक अधिकार पनि हो । शिक्षाको सुरुवात कोक्रोबाट सुरु भई चिहानमा अन्त्य हुन्छ । परापूर्वकालदेखि नै अग्रजहरुले आफूले जानेका ज्ञानका कुराहरु आ-आफ्नो सन्ततिलाई हस्तान्तरण गर्दै आएको पाइन्छ । शिक्षा नै देश विकासको मेरुदण्ड हो । जबसम्म देशका सम्पूर्ण नागरिक साक्षर, शिक्षित एवम् प्रशिक्षित हुँदैनन् त्यसबेलासम्म समष्टिगत रुपमा देश विकास हुँदैन । वास्तवमा भन्ने हो भने शिक्षा रहर र बाध्यता होइन यो आजको आवश्यकता हो । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनासँगै शिक्षामा द्रुत विकास हुन थाल्यो । वि.सं. २००९ सालमा नेपाल राष्ट्रिय शिक्षा आयोगको गठन भई वि.सं. २०११ मा प्रतिवेदन पेश भयो । उक्त प्रतिवेदन अनुसार शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षा प्रदान गर्न प्राथमिक र प्रौढ शिक्षालाई निःशुल्क गर्ने, शिक्षा व्यवसायिक हुनुपर्ने, शिक्षकलाई तालिमको व्यवस्था गर्ने, शिक्षालाई विकेन्द्रिकरण गर्ने जस्ता सुझावहरु समावेश गरिएको थियो (शर्मा, २०६७) ।

नेपालको माध्यमिक शिक्षाको सुधारका लागि विभिन्न प्रयासहरु भएका छन् । वि.सं.२०३९ सालदेखि विज्ञान शिक्षा परियोजना र जनसङ्ख्या शिक्षा परियोजना, वि.सं. २०५० सालदेखि माध्यमिक शिक्षा विकास परियोजना, सन् २००३ देखि २००७ सम्म माध्यमिक शिक्षा सहयोग कार्यक्रम र वि.सं. २०५९ सालपछि सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्न सुरु गरेतापनि खासै उपलब्धि प्राप्त हुन सकेको छैन (राष्ट्रिय योजना आयोग, २०६७) ।

सन् १९९० मा थाइल्याण्डको जोमटिन भन्ने शहरमा “सबैका लागि शिक्षा” भन्ने विश्व सम्मेलन भयो । केही समयपछि सेनेगलको राजधानी डकारमा सन् २००० मा भएको विश्व शिक्षा मञ्चको बैठकले जोमटिन घोषणापत्रलाई समीक्षा गर्दै २०१५ सम्ममा सर्वशिक्षा अभियान स्वरुप सम्पूर्ण उमेरका बालबालिकालाई अनिवार्य रुपमा शिक्षा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेको थियो । यसरी विश्वपरिवेशमा सबै बालबालिकालाई शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यले गठित विविध सम्मेलनमा नेपालले सहभागिता जनाए तापनि वर्तमान

अवस्थामा नेपालको माध्यमिक तहमा विद्यार्थी प्रवाहदर घट्दै गएको पाइन्छ । (शिक्षा, विभाग, २०७२) ।

शैक्षिक दक्षता भन्नाले शैक्षिक तहमा वा स्तरमा लगानीकर्ताले गरेको लगानीअनुसारको आशा राख्छ भन्ने कुरालाई लिइन्छ । दक्षतालाई निष्कर्षमा हेर्दा एवम् गणना गर्दा शैक्षिक उत्पादन र शैक्षिक लगानीको अनुपातमा शिक्षामा कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने प्रवृत्ति बढी हुने हुँदा शिक्षाको दक्षताको आयतन घट्न जान्छ जसलाई शैक्षिक क्षेत्रमा भएको शैक्षिक क्षतिको रुपमा हेर्ने गरिन्छ (सेरिड, १९९३) ।

विद्यार्थीहरु विद्यालयमा भर्ना भएपछि विद्यार्थीहरुको प्रवाहदर हेरिन्छ । विद्यार्थीहरुको प्रवाहदरले कक्षा उत्तीर्ण, अनुतीर्ण, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने दरलाई समेत जनाउँछ । यो शिक्षाको आन्तरिक दक्षताको दर समेत हो । प्रवाहदर जसलाई Input, process र output को रुपमा व्यक्त गरिनेछ । विद्यार्थीलाई Input को रुपमा मान्ने हो भने तिनीहरुलाई राम्रो विद्यालय तथा विद्यालयको शैक्षिक, भौतिक वातावरण प्रक्रियाको रुपमा तथा अन्त्यमा विद्यार्थीहरु विभिन्न कक्षा पार गर्दै उक्त तह पुरा गर्नुलाई output को रुपमा व्यक्त गरिन्छ (शिक्षा विभाग, २०६४) ।

शैक्षिक क्षतिलाई स्रोत व्यवस्थापनको प्रभावकारिता सँग जोडेर हेरिन्छ । विद्यार्थीको शैक्षिक क्षति तिन प्रकारले हुने गर्दछ । पहिलो शैक्षिक सत्र पुरा नगरी बिचैमा कक्षा छाड्ने, दोस्रो बारम्बार कक्षा दोहोऱ्याउने र तेस्रो कक्षामा अनुत्तीर्ण भई उपल्ला कक्षामा जान नसक्ने । यी ३ कारणले गर्दा शैक्षिक क्षति हुन जान्छ भनी Coombs and Hallak, 1972 ले प्रस्तुत गरेका छन् (लम्साल, २०६९) ।

सामाजिक साँस्कृतिक मूल्य मान्यतालाई पनि विद्यार्थी प्रवाहदर घट्ने बढ्ने कारणको रुपमा लिन सकिन्छ । परम्परागत प्रचलनले पनि विद्यार्थी प्रवाहदरलाई मलजल गर्ने गर्दछ । जस्तै छात्रालाई शिक्षामा प्राथमिकता नदिने परम्परा र गरिबी अर्को कारणका रुपमा रहने गर्दछ । शिक्षाबापत लाग्ने प्रत्यक्ष र परोक्ष खर्च व्यवस्था हुन नसक्दा पनि बालबालिकाले बिचैमा विद्यालय छाड्न बाध्य हुन्छन् । शिक्षण सिकाइ क्रियाकलापमा सबै बालबालिकाको उचित सम्मानको अभाव, शिक्षकलाई तालिमको अभाव तथा कक्षाकोठामा तालिमको प्रयोगको अभावले शैक्षिक उपलब्धिमा ह्रास देखा पर्न जान्छ (दाहाल, २०७०) ।

कमजोर आर्थिक अवस्था, शिक्षाप्रति चेतनाको अभाव, विविध सामाजिक कारणले बालबालिका विद्यालय छाड्न बाध्य रहेका छन् । कति कक्षा दोहोऱ्याउन यस्तो समस्या उत्पन्न हुनुमा भाषागत समस्या, बालमैत्री कक्षाको अभाव साथै शिक्षण सिकाईमा विद्यमान कमी कमजोरी, शिक्षकलाई तालिमको व्यवस्था नगरिनु र तालिम प्राप्त भएता पनि कक्षा कोठामा प्रयोग नगरिनु, कक्षा कोठाको भौतिक वातावरण उपयुक्त नहुनु, शैक्षिक समाग्रकिो प्रयोग उपयुक्त ढङ्गबाट नगरिनु, सन्दर्भ सामग्री, शिक्षक निर्देशिका प्रयोग नगरिनु वा विद्यालयमा उपलब्ध नुहुन आदि रहेका छन् । प्र.अ. शिक्षक तथा जानकारहरुसँग बसी विषयवस्तुको प्रस्तुति, पठनपाठनका नौला तरिकाहरुको बारेमा छलफल गर्ने परिपाटी बसाल्न सकेको देखिदैन भने विद्यार्थी स्वयम्ले समेत आफ्नो कारणले विद्यालय जान्छु भनी अन्य कुनै स्थानमा गएर विद्यालयको समय बिताइ अभिभावकलाई झुक्याएर एवम् पढाइ कमजोर भएकाले सधैंको लागि कमजोर मनोवृति बनाउनु जस्ता कारणले शिक्षा क्षेत्रमा नराम्रो असर पुगेको पाइन्छ जसले शिक्षाको आन्तरिक र बाह्य दक्षतामा प्रभाव पारिरहेको छ (शिवाकोटी २०७२) ।

शैक्षिक उपलब्धि प्राप्त नभएको भन्नाले सबैका लागि शिक्षा प्रदान गर्न असफल भएको अवस्था, बालबालिकालाई विद्यालयभित्र ल्याउन नसकेको अवस्था, लगानी अनुसार प्रतिफल प्राप्त नभएको अवस्था, विद्यालयमा आएका बालबालिकालाई टिकाइ राख्न नसक्ने अवस्था, शैक्षिक लक्ष्य र उद्देश्य तय गर्न नसकेको अवस्था र अदक्ष लक्ष्य प्राप्तिको अवस्थालाई लिइन्छ । सबै बालबालिकालाई विद्यालयमा ल्याउनुपर्छ, विद्यालय आएका बालबालिकाको शैक्षिक चाहना पुरा हुनुपर्छ र आएका विद्यार्थीले पुरा शैक्षिक चक्र पार गर्नुपर्छ । कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने अवस्था रहनु हुँदैन साथै राज्यले तय गरेका शिक्षाका लक्ष्य तथा उद्देश्य पुरा हुनुपर्छ अन्यथा शैक्षिक क्षेत्रमा लगानी अनुरुप प्रतिफल प्राप्त गर्न नसकिने देखिन्छ (शर्मा, २०७०) ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ अनुसार शिक्षालाई समय सापेक्ष बनाउने देशमा एकै प्रकारको शिक्षा लागु गर्नुपर्ने, शिक्षा निशुल्क र अनिवार्य हुनुपर्ने, प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनुपर्ने, गुणस्तरिय शिक्षा प्रदान गर्नुपर्ने जस्ता कुरामा जोड दिएको थियो । वि.सं. २०१८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) गुणात्मक शिक्षाको विकास र विस्तार गर्ने उद्देश्यले दीर्घकालिन योजनाको रुपमा लागु गरियो । पाठ्यक्रम, पाठ्यपुस्तकको विकास, व्यवसायिक शिक्षा, विद्यार्थी मूल्याङ्कन

प्रणालीको विकास र निरीक्षण प्रणालीको स्थापना गरी देशको शिक्षा पद्धतिमा आमुल परिवर्तन गरी शिक्षाको गुणात्मक विकासमा अहम भूमिका खेलेको पाइन्छ । वि.सं. २०२८ मा सामुदायिक र संस्थागत विद्यालयलाई राष्ट्रियकरण गरी एउटै किसिमको विद्यालय राखियो । २०३६ सालमा पुनः संस्थागत विद्यालय खोल्न अनुमति प्रदान गरियो (शर्मा, २०४३) ।

नेपालमा अन्तरिम संविधान २०६३ ले नागरिकको माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने आधारभुत अधिकार प्रत्याभूत गरेको छ । प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी मुलुकको आर्थिक एवम् सामाजिक रुपान्तरणमा योगदान गर्न सक्ने, विश्वव्यापीकरणको युगमा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र राष्ट्र निर्माणको दायित्वलाई बहन गर्न सक्ने, देशभक्त नागरिक तयार गर्न सरकार प्रयासरत रहेको छ । सोही अनुरुप विगतका उपलब्धिहरुलाई सुदृढ गर्दै विविध विधा र तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, सहस्राब्दी विकास लक्ष्यलगायत राज्यले राष्ट्रिय एंव अन्तराष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धताहरुलाई पुरा गर्ने, शिक्षालाई जीवनोपयोगी, सान्दर्भिक एंव रोजगारमूलक बनाउने र सकारात्मक सामाजिक परिवर्तनको संवाहकका रुपमा विकास गर्ने तर्फ राज्यले विशेष जोड दिनुपर्ने र निरन्तर रुपमा शिक्षा क्षेत्रको विकास र परिवर्तनका लागि राज्यका सबै पक्ष लाग्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ (राष्ट्रिय योजना आयोग, २०६७) ।

सामुदायिक विद्यालयमा प्राविधिक धार सुरु भए पनि प्रयोगात्मक कक्षा सञ्चालन गर्न पूर्वाधार व्यवस्थापन नगर्दा विद्यार्थी सैद्धान्तिक कक्षा मात्रै लिन बाध्य छन् । सरकारले सामुदायिक विद्यालयमा प्रविधिक शिक्षा सञ्चालन गर्न अनुमति दिएतापनि बजेट नहुँदा विद्यार्थीले प्रयोगात्मक कक्षा लिन पाएका छैनन् । विद्यालयले प्राविधिक शिक्षा पढाउने भन्दै विभिन्न प्रवेश परीक्षा लिएर विभिन्न शुल्क उठाइरहेको भएतापनि प्रविधिक शिक्षाको जग कमजोर बन्दै गएको देखिन्छ (श्रेष्ठ, २०७३) ।

शैक्षिक लगानी पश्चात मात्र शैक्षिक उपलब्धि प्राप्त गर्न सकिन्छ । मानवीय जीवनलाई समय सापेक्ष वातावरणअनुसार परिष्कृत गराउन सक्नु र समाजको प्रतिनिधिको रुपमा व्यवहार गर्न सक्ने हुनुलाई शैक्षिक उपलब्धिको रुपमा मान्न सकिन्छ । शैक्षिक उपलब्धि भनेको शैक्षिक लगानी गरेपछि मानवीय व्यवहारलाई उपयोगी बनाउने कार्य गर्नुका साथै

गुणस्तरीय जीवन व्यतित गर्दै समाजमा शिक्षाको ज्ञान बढाउने कुरामा सहयोग गर्नुलाई मान्न सकिन्छ । शैक्षिक उपलब्धिलाई उत्तीर्ण प्रतिशत, कक्षा छाड्ने प्रवृत्ति, उत्तीर्ण श्रेणी, कक्षा दोहोऱ्याउने प्रवृत्ति, चेतना, शिक्षित र अशिक्षित बीचको अन्तर जस्ता कुराले निर्धारण गर्दछ (गौतम, २०६७) ।

राष्ट्रिय परम्परा, सामाजिक, सांस्कृतिक सम्पदा र लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वास्थ्य नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो साथै देशको सर्वाङ्गीण विकासका लागि क्षमता अनुरुप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान, सीप प्रदान गरि सचेत नागरिक तयार पार्नु हो । त्यसका लागि माध्यमिक तथा उच्च माध्यमिक शिक्षामा उल्लेखनीय प्रगति/उपलब्धिको आवश्यकता छ (परिमार्जित उच्च माध्यमिक शिक्षा परिषद् २०६४) ।

समाजको सामाजिक रुपान्तरण शिक्षाको पहुँच र अवसरमा निर्भर गर्दछ । शिक्षाको माध्यमबाट समाजले सचेत, सजग र सुसूचित नागरिकको परिकल्पना गरेको हुन्छ । यसका अतिरिक्त शिक्षाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका उत्पादनशील जनशक्ति निर्माण गर्दछ । त्यसैले शिक्षा सामाजिक तथा आर्थिक विकासको आधारशीला हो (खनाल र आचार्य, २०६३) ।

## १.२ समस्याको कथन (Statement of the Problems)

शिक्षा विकासको मेरुदण्ड हो तर शिक्षालाई हरेक व्यक्तिको पारिवारिक, आर्थिक तथा सामाजिक अवस्थाले प्रत्यक्ष तथा अप्रत्यक्ष असर पारिरहेको हुन्छ । के हाम्रो जस्तो विकासोन्मुख देशमा परिवारको आर्थिक, सामाजिक र पारिवारिक कारणले गर्दा बालबालिकाहरु विद्यालय छाड्ने, कक्षा दोऱ्याउने, अनुत्तीर्ण हुँदै जाने क्रम बढ्दै गइरहेको छ ? कतिपय बालबालिकाहरु विद्यालयमा भर्ना समेत नहुने परम्परा हावी हुँदै गएको स्थितिमा माध्यमिक तहमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने बालबालिकाहरु धेरै रहेका छन् जसले शिक्षा क्षेत्रलाई पछाडि नै धकेलिरहेको पाइन्छ । यस्तो अवस्थामा सरकारी पक्षबाट शिक्षामा पहुँच वृद्धि गर्न विभिन्न समयमा विभिन्न कार्यक्रम जस्तै सबैका लागि

शिक्षा, अनुदान कार्यक्रम सञ्चालन गरिएतापनि शिक्षामा अझै पनि सबैको पँहुच पुऱ्याउन किन सकिएको छैन ? यो प्रश्न आजको चुनौती बन्न पुगेको छ ।

शिक्षामा पहुँच वृद्धि गर्न विभिन्न समयमा विभिन्न कार्यक्रमहरु सरकारी क्षेत्रबाट कार्यान्वयन नगरेको भएता पनि आजसम्म पनि सम्पूर्ण बालबालिकालाई शिक्षाको उज्यालो ज्योति दिन सकिएको छैन । शिक्षा भनेको दीर्घकालीन योजना हो जसलाई भावी पुस्तासम्म ज्ञान बढ्न पुगोस् । यसै क्रममा शिक्षाको प्रतिफल तत्काल प्राप्त हुँदैन शिक्षाबाट प्रतिफल पाउन धेरै वर्ष पर्खिनु पर्ने हुन्छ । यसै सन्दर्भमा चिनिया दार्शनिक कम्फ्युसियस (Confucius) ले भनेका छन् "यदि तिमी एक वर्षको लागि योजना बनाउँदैछौ भने धान खेती गर, दश वर्षको लागि योजना बनाउछौं भने फलफूल खेती गर र सय वर्षको लागि योजना बनाउछौं भने शिक्षामा लगानी गर अर्थात मानिसको खेती गर ।" यहि कुराबाट पनि शिक्षा क्षेत्रमा गरिएको लगानी खेर जाँदैन तर प्रतिफल ढिलो प्राप्त भएतापनि दीर्घकालिन रुपमा प्राप्त हुने कुरालाई बुझ्नु आजको आवश्यकता बन्न पुगेको छ । (सिंह, २०६९) ।

शैक्षिक क्षेत्रमा बजेटको १७ प्रतिशत माध्यमिक शिक्षामा लगानी गरेतापनि विद्यार्थीहरुको उपलब्धी स्तरमा भने खासै परिवर्तन ल्याउन सकिएको छैन । माध्यमिक तहमा भर्ना भएका विद्यार्थीमध्ये धेरैजसोले सो तह पुरा नगरी बिचैमा विद्यालय छाड्ने गर्दछन् वा अनुत्तीर्ण हुने गर्दछन् । जसले शिक्षामा गरेको लगानीबाट राम्रो प्रतिफल प्राप्त हुन सक्दैन (शिक्षा विभाग २०७२) ।

शिक्षामा सबैको पहुँच तथा  निःशुल्क शिक्षा भन्ने कुरा विभिन्न राजनैतिक दलहरुले आफ्नो घोषणापत्रमा उद्घोषण गरेको भएता पनि शिक्षामा सरकारले पर्याप्त मात्रामा लगानी गर्न नसकेको र अभिभावकहरुले आफ्ना छोराछोरीहरुप्रति पर्याप्त शिक्षामा खर्च गर्न नसकेको अवस्थाले शिक्षा लिने दिने कार्य कठिन बन्दै गएको छ । माध्यमिक शिक्षामा अभिभावकले थोरै रकम खर्च गरेता पनि उच्च माध्यमिक तहको शिक्षामा सरकारी अनुदान न्यून दरको रहेकाले पूर्णत शुल्क लिएका आधारमा सञ्चालन गर्नुपर्ने देखिन्छ । सामुदायिक मा.वि. मा आयका स्रोतहरु सरकारी अनुदान, स्थानिय निकाय, गैरसरकारी संस्थाहरु र अभिभावक तथा विद्यार्थी नै हुन् भने संस्थागत मा.वि.मा आयको स्रोत पूर्ण रुपमाअभिभावक नै हुन् । प्रा.वि, नि.मा.वि.र मा.वि.तहमा सरकारले निशुल्क शिक्षा उपलब्ध गराउने नीति कार्यान्वयनगरेको

भएता पनि शिक्षामा गुणस्तरीय र प्रभावकारिता कमजोर रहेको  देखिन्छ । जसले गर्दा उल्लेखनीय शैक्षिक उपलब्धी हुन सकेको छैन ।

कुनै पनि राष्ट्रको समग्र विकास त्यस राष्ट्रले शैक्षिक क्षेत्रमा गरेको दीर्घकालिन लगानीमा भर पर्दछ । तसर्थ राष्ट्रले कूल बजेटको झण्डै २० प्रतिशत लगानी शैक्षिक क्षेत्रमा गर्नुपर्ने आवश्यकता छ । मा.वि. तह पास भएका विद्यार्थीहरु सशुल्क रुपमा उ.मा.वि. को शिक्षा प्राप्त गर्नबाट वञ्चित हुन नपरोस् भन्ने तर्फ ध्यान दिनु पर्दछ । अभिभावकको लगानी र त्यसको प्रभावकारिता पक्षबीच धमिलो सम्बन्ध देखिन्छ जसले गर्दा समय र आर्थिक लगानी सँगै धेरै मेहनतका साथ पास भएका विद्यार्थीहरुको भविष्य तर्फपनि ध्यान पुऱ्याउन मनासिब देखिन्छ । शिक्षालाई सीपमुलक, गुणस्तरीय, समान पहुँच र सामाजिक समतामुलक बनाउन सकिने कुरामा प्रश्न चिन्ह खडा हुन थालेको छ जुन देशको लागि दुर्भाग्य हुन सक्छ ।

के माध्यमिक तहमा भर्ना भएका सबै विद्यार्थीहरुले आफ्नो पढाईलाई निरन्तरता दिन सकेका छन् वा छैनन ? माध्यमिक तहमा कक्षा दोऱ्याउने, अनुर्तीण हुने साथै बिचैमा कक्षा छाड्ने दर सामुदायिक विद्यालयमा किन बढी र संस्थागत विद्यालयमा कम देखिन्छ ? जसको मूलभूत समस्याका रुपमा शिक्षण सिकाइ कृयाकलापमा कमजोरी, शिक्षकहरुलाई तालिमको अभाव, विषय शिक्षकको अभाव, विद्यार्थीहरुका पारिवारिक, आर्थिक तथा सामाजिक पक्षको प्रभावले हो ? यिनै समस्याको सेरोफेरोमा रहेर झापा जिल्ला अन्तर्गत भद्रपुर नगरपालिकाकोएकसामुदायिक र एक वटा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदर र उपलब्धिको तुलनात्मक अध्ययन गर्ने प्रयत्न गरेकी छु ।

## १.३ अध्ययनको महत्व (Significance of the Study)

नेपाल सरकारले सरकारी विद्यालयहरुमा लगानी गरिएतापनि प्रतिफल आशाअनुरुप पाउन नसक्नु एउटा दुखद विषय बन्न पुगेको छ । सबै बालबालिका विद्यालय जान सकेका छैनन भने गएका पनि सो तह पुरा नगरी बिचैमा विद्यालय छाड्ने, कक्षा दोऱ्याउने, अनुतीर्ण हुने दर बढ्दो रुपमा पाइन्छ । विद्यालयमा देखिएका यस्ता समस्यालाई हटाएर माध्यमिक तहका बालबालिकाको शैक्षिक क्षतिलाई कमगर्दै शिक्षाको दक्षता बढाइ सबैलाई विद्यालयको पहुँच सम्म पुऱ्याइ शिक्षाको उज्यालो घामबाट चम्किने बालबालिकालाई भोलीका दिनमा खराब बाटोमा सम्मिलित हुन नदिनका लागि यो अध्ययन उपयोगी रहेको छ ।

राज्यको विकास गर्नका लागि यातायात, स्वास्थ्य, कृषि, सञ्चार, उद्योग आदि क्षेत्रमा मात्र लगानी गरेर पुग्दैन । यसको सफलताको लागि शिक्षामा पनि सोही अनुपातमा लगानी बढाउनुपर्दछ । त्यसैले भनिन्छ, विद्यालय समुदायको एउटा साझा आस्थाको केन्द्र हो जसले अन्धकारमा दीप प्रज्वल गर्ने, समाजको भावी रेखा कोर्ने, अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा समेत प्रतिस्पर्धी भई राष्ट्रिय एंव अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त गर्न सक्ने जनशक्ति तयार गर्ने भएकाले यो एउटा पवित्र मन्दिर हो । शिक्षा र तालिमको माध्यमबाट प्रदान गरिने समसायिक र सान्दर्भिक ज्ञानको भण्डारलाई मानव संसाधन भनिन्छ भने मानव संसाधनमा गरिएको लगानीले राष्ट्रिय उत्पादकत्वमा वृद्धि भई अर्थतन्त्रमा सकारात्मक असर पार्दछ । यसैले शिक्षा क्षेत्रमा गरिएको लगानी अन्य क्षेत्रमा गरिएको लगानीभन्दा भिन्न प्रकृतिको हुने गर्दछ । शिक्षा क्षेत्रमा गरेको लगानीबाट प्रत्येक व्यक्तिले आर्जन गर्ने ज्ञान र धारणा नै देशको वास्तविक पुँजी हो भन्ने धारणाको विकास गराउनु नै यस अध्ययनको महत्व रहेको छ ।

माध्यमिक तहको विद्यालयमा देखिएको प्रवाहदर र उपलब्धिलाई वृद्धि गर्दै लान यससँग सम्बन्धित समस्याहरुपत्ता लगाइ समाधानका उपायहरु खोज्न यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्नेछ । यस अध्ययनविद्यालय, शैक्षिक योजना निर्माता, शिक्षाविद्, जि.शि.का., पाठ्यक्रमविदहरु, शिक्षकहरु, विद्यार्थीहरु साथै प्रशाशकहरुलाई, सम्बन्धित विषयसँग सरोकार राख्ने व्यक्ति, निकाय तथा संघसंस्थालाई पनि उपयोगी बन्नेछ ।यसका साथै यस अध्ययनले भविष्यमा यस विषयवस्तुप्रति सम्बन्धित रहेर अधययन गर्न चाहने अनुसन्धानकर्तालाई मार्गदर्शन प्रदान गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत माध्यमिक तहकोविद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्नु रहेको छ भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न रहेका छन् :

१. अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयको माध्यमिक तहको विद्यार्थी प्रवाह दर पत्ता लगाउनु ।

२. सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागत पत्ता लगाउनु ।

३. सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्नु ।

## १.५ अनुसन्धान प्रश्न (Research Question)

यस अध्ययनमा माध्यमिक तहको बालबालिकाको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण, विद्यालयको स्थिति, शिक्षकहरुको स्थिति, विद्यार्थीहरुको भर्ना स्थिति साथै विद्यालय छाड्ने कारण, कक्षा दोहोऱ्याउने र अनुर्तीण हुने कारणहरुका सम्बन्धमा रहेका कठिनाइ जसबाट देखिएको विद्यार्थी प्रवाहदर र उपलब्धिस्तर बढाउनचाल्नुपर्ने कदमहरुको खोजी गर्न निम्न प्रकारका प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. के कस्ता कारणले गर्दा विद्यार्थीहरुले कक्षा छोड्ने र दोहोऱ्याउने गरेका हुन् ?

२. के सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थी प्रवाहदर बढी छ ?

३. माध्यमिक तह पुरा नगरी बिचैमा विद्यालय छोड्दा वा कक्षा दोहोऱ्याउँदा बालबालिकाहरुमा कुनै समस्या छैन ?

४. माध्यमिक विद्यालयमा प्रतिविद्यार्थी लागतको अवस्था कस्तो छ ?

५. माध्यमिक विद्यालयमा प्रति विद्यार्थी लागत र शैक्षिक उपलब्धि बिच कस्तो सम्बन्ध छ ?

६. के शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्दैमा शैक्षिक उपलब्धिमा वृद्धि गर्न सकिन्छ ?

७. विद्यालयमा लगानीअनुसार उपलब्धि हासिल भएको छ ?

## १.६ अध्ययनका परिसीमा (Delimitation of the Study)

अध्ययनकर्ताको समय, सीमित साधनस्रोत, लागत, आवश्यक पर्ने जनशक्तिको अभावका कारण यस अध्ययनलाई सम्पन्न गर्न निम्न परिसीमाभित्र रही अध्ययन कार्य सम्पन्न गरिएको छ ।

१. यो अध्ययनमा झापा जिल्लाको भद्रपुर नगरपालिकाभित्र रहेका दुई वटा सामुदायिक विद्यालय मध्ये एक वटा सामुदायिक र एक वटा संस्थागत माध्यमिक विद्यालयमध्ये एक वटा संस्थागत विद्यालयको मात्र अध्ययन गरिएको छ ।

२. यस अध्ययनमा माध्यमिक तहको दुई वर्षको तथ्याङ्कलाई मात्र अध्ययनमा सिमित गरिएको छ ।

३. यस अध्ययनमा माध्यमिक तहको शैक्षिक सत्र २०७१ र २०७२ को विद्यार्थी प्रवाहदरलाई मात्र अध्ययनमा सिमित गरिएको छ ।

४. यस अध्ययनमा माध्यमिक तहमा विद्यार्थी प्रवाहदरर अभिभावकले गरेको प्रतिएकाई लागतको अवस्थावारे अध्ययन गरिएको छ ।

५. यस अध्ययनमा माध्यमिक विद्यालयम प्रतिएकाई विद्यार्थी लागत पत्ता लगाई शैक्षिक उपलब्धि बिच तुलनागरिएको छ ।

६. सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका माध्यमिक तहका २ वटा विद्यालयका सतप्रतिशत भर्ना भएका सम्पूर्ण विद्यार्थीहरुलाई अध्ययनमा समावेश गरिएतापनि अर्न्तवार्ता, प्रश्नावली तथा तथ्याङ्क संकलन गर्ने क्रममा त्यही विद्यार्थीहरुबाट सामान्य सम्भावनायुक्त नमूना छनौट विधि प्रयोग गरि नमूना छनौट गरिएको छ ।

७. यस अध्ययनमा दुई वटा विद्यालयका सम्पूर्ण भर्ना भएका विद्यार्थीरुलाई नमूना छनोटमा लिएको छ ।

८. नमुना छनोटमा परेका अभिभावकहरु दुई जना विद्यार्थीहरुका एउटै अभिभावक भएकोले अध्ययनमा ३० जना विद्यार्थी र २८ जना अभिभावकलाई अन्तर्वातामा समावेश गरिएको छ ।

९. यस अधययनबाट निकालिएको निष्कर्षलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिनेछैन ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms)

शब्दले समय, परिस्थिती, घटना तथा अवस्था अनुसार फरक फरक अर्थ दिने गर्दछन् । तसर्थ अध्ययनको विषयसँग सम्बन्धित कतिपय शब्दावलीको गलत अर्थ र व्याख्या नहोस् भन्नका लागि मुख्य मुख्य शब्दहरुलाई निम्नानुसार परिभाषित गरिएको छ ।

**सामुदायिक विद्यालय** - समुदायबाट सञ्चालित विद्यालय

**माध्यमिक तह** - कक्षा नौ र दश

**परिवार** - एउटै छानामूनी बसी एउटै खाना उपयोग गर्ने सदस्यहरु

**संस्थागत विद्यालय** - निजी लगानीमा सञ्चालित विद्यालय

**प्रवाहदर** - विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने दर, भर्ना दर

**शैक्षिक उपलब्धी** - उर्त्तीण दर

**खर्च** - वस्तु तथा सेवा खरिद गर्दा प्राप्त गरिने रकम

**उतीर्ण** - पास हुनु ।

**शैक्षिक पूँजी** - शिक्षित जनशक्ति

**सर्वाङ्गीण** - सम्पूर्ण

**लगानी** - सरकार, अभिभावक तथा अन्य संघसंस्थाद्वारा शिक्षामा गरिएको खर्च

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनको अध्याय एकमा परिचय खण्ड रहेको छ यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनका परिसीमा तथा मुख्य शब्दावलीलाई समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ, जसअन्तर्गत सैद्धान्तिक साहित्य तथा अनुसन्धानसँग सम्बन्धित साहित्यको समीक्षा रहेको छ । अध्याय तीनमा अध्ययनको विधि रहेको छ । यस अर्न्तगत अनुसन्धान पद्धति रहेको छ । यसमा अध्ययनको ढाँचा, जनसंख्या, नमुना छनोट, नमुना छनोट रणनीति, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्क संकलनका औजारहरु, तथ्याङ्क विश्लेषण, नैतिक सिमाहरु रहेको छ । अध्याय चार अन्तर्गत तथ्याङ्कको प्रस्तुतिकरण, विश्लेषण तथा सारांश रहेको छ । अध्याय पाँच अन्तिम अध्याय रहेको छ । यस अध्यायमा सबै कुराहरुको निश्कर्ष, प्राप्तिहरु र सुझावहरु प्रस्तुत गरिएको छ । यस सँग अध्ययनको शिलशिलामा उपयोगमा ल्याइएका अनुसूचीहरु तथा सन्दर्भसूचीलाई समेत समावेश गरिएको छ ।

## अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OFRELATED LITERATURE ANDTHEORITICAL FRAMEWORK)

यस अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा शीर्षक अर्न्तगत सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता, अनुसन्धान अन्तर, अवधारणात्मक ढाँचा र कार्यात्मक ढाँचा जस्ता उपशीर्षकहरुलाई क्रमशः प्रस्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoritical Literature)

दाहाल (२०७०) का अनुसार शिक्षाको आन्तरिक दक्षता भन्नाले कुनै पनि शिक्षा प्रणालीको आगत र निगत बिचको सम्बन्ध हो । जुन शैक्षिक सफलतादर उच्च छ त्यस्तो शैक्षिक प्रणालीको आन्तरिक दक्षता राम्रो मानिन्छ । शैक्षिक प्रणालीमा लाग्ने लागत आगत हो भने उक्त लागतबाट उत्पादन भएका विद्यार्थी निर्गत हुन् । जुन शिक्षा प्रणालीमा बिचैमा विद्यालय छाड्ने दर र कक्षा दोहोऱ्याउने दर न्यून छ र कक्षा उर्त्तीणदर उच्च छ, त्यस्तो शिक्षा प्रणालीमा उच्च आन्तरिक दक्षता रहेको मानिन्छ ।

लम्साल (२०६९) का अनुसार शैक्षिक लगानीका स्रोतको रुपमा विद्यार्थी र विविध शैक्षिक आपूर्ति (शिक्षक, पाठ्यपुस्तक, कक्षा कोठामा प्रयोग हुने शैक्षणिक सामग्री, विद्यालय भवन, सामाजिक सेवा) पर्दछन् । तिनको लगानीले स्तरीय विद्यार्थी उत्पादन हुन्छ । त्यसैले समग्र पद्धतिमा वा शैक्षिक चक्रमा कति विद्यार्थी कति वर्षसम्म शिक्षा पद्धतिमा बसे भनेर लगानीको लेखाजोखा गरिन्छ । विद्यालय वर्षमा विद्यार्थी स्वयम्ले गरेको प्रयास तथा लगानी र शैक्षिक प्रकृयामा भएको लगानीको आधारमा प्रतिफल र उपलब्धिको विश्लेषण गरिन्छ ।

पौडेल (२०७०) का अनुसार शैक्षिक चक्र पुरा गर्ने विद्यार्थीको कुल सङ्ख्यालाई शैक्षिक प्रतिफलको रुपमा लिइन्छ । विद्यालय प्रवेश गरेका सबै विद्यार्थीले निर्धारित तह पुरा गरेको अवस्थालाई शैक्षिक उपलब्धि बढी भएको अवस्थाको रुपमा लिइन्छ । तर कक्षा दोऱ्याउने, विद्यालय छाड्ने, तोकेको वर्षभित्र तोकिएको शिक्षाको तह पुरा नगर्ने शैक्षिक प्रतिफल कम भएको अवस्था हो । शैक्षिक उपलब्धिमा वृद्धि गरी प्रवाहदरमा वृद्धि गर्न नियमित रुपमा

बालबालिकाको सिकाइ अनुगमन गर्नुका साथै प्रशस्त मात्रामा शैक्षिक सुविधा प्रदान गर्नुपर्छ र राज्यपक्षबाट यि कार्य गर्नका लागि शैक्षिक लगानीमा वृद्धि गर्नुपर्छ ।

वाग्ले (२००१) का अनुसार कुनै पनि देशको शिक्षामा गरिने लगानी ह्रास देशको भविष्यको विकाससँग प्रत्यक्ष सम्बन्धित हुन्छ । एउटा शिक्षक विद्यार्थीहरुको मुख्य आधार हो । हाम्रो देशको कक्षा कोठा भित्रको अध्यापन कार्य एउटा शिक्षकमाथि निर्भर गर्दछ । त्यसकारण सरकारको शिक्षक तालिम कार्यक्रममा लगानी बढाउनु पर्ने अत्यन्तै आवश्यक हुन्छ । तब मात्र सुहाँउदो प्रतिफलको आशा राख्न सकिन्छ । प्राथमिक शिक्षाको दुई प्रकारको शिक्षक तालिम रहेका छन् । एउटा १० महिने प्रमाणिकरण तालिमले जून NECD (National Center for Educational Development) सँग सम्बन्धित छ । सन् १९९६ मा ४३ प्रतिशत प्राथमिक शिक्षकहरुले तालिम लिएका थिए तर त्यहाँ १० महिने तालिम पुरा गर्ने शिक्षकहरुको सङ्ख्या जम्मा २०० मात्र थियो ।

अधिकारी (२०७०) का अनुसार नेपालको शिक्षा विदेशी सहयोगमा आधारित हुन थालेको छ । विदेशीसँग पैसा लिँदाको Trend परिवर्तन हुनुपर्दछ । लगानीले मात्र शिक्षाको उद्देश्य पुरा हुन सक्दैन । यसका लागि दीर्घकालिन सोच राख्नुपर्दछ । शिक्षामा लगानी गर्नु भनेको अन्य क्षेत्रमा लगानी कम गर्नु हो भन्ने कुरालाई ख्याल राख्नुपर्दछ । शिक्षामा बजेट वृद्धि गर्न अरु क्षेत्रको बजेट घटाई शिक्षाको लगानी वृद्धि गरी GDP को ५ प्रतिशत पुऱ्याउनु पर्दछ । पूर्व प्राथमिक र प्राथमिक शिक्षामा विशेष ध्यान पुऱ्याउन शिक्षकहरुलाई सुविधा प्रदान गर्ने र पेशागत दक्षतामा वृद्धि गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनुपर्छ । अझै पनि तालिम प्राप्त शिक्षकहरुको अभाव छ, जसको कारण शिक्षाको गुणस्तर बढाउने कुरा सम्भव बन्न सकेको छैन । विद्यालयहरुमा आवश्यक दरबन्दी बढाउनुपर्ने, दीर्घसेवा गरेका, बुढ्यौली लागेका शिक्षकहरुलाई golden hand shake द्वारा बिदाइ गर्ने र युवा, उर्जाशिल, जनशक्तिहरुलाई आकर्षित गर्ने र महङ्गीको अनुपातमा तलब बृद्धि गर्नुपर्दछ ।

कार्की (२००२) का अनुसार शैक्षिक क्षेत्रमा गैरसरकारी क्षेत्र वा संस्थागत क्षेत्रमा लगानी गर्ने वर्ग भनेको व्यापारी, उद्योगपति तथा अन्य व्यवसायिक कार्यमा लाग्ने सिमीत व्यक्तिहरु रहेका छन् । विद्यार्थीहरुको भर्नाको आधार भनेको प्राथमिक शिक्षा हो । सरकारी लगानीको दर निम्न माध्यमिक र माध्यमिक विद्यालय भन्दा प्राथमिक विद्यालयमा बढी रहेको छ । सरकारद्वारा उपलब्ध गराइएको बजेटमा नै शिक्षकको तलब आधारित रहन्छ । सरकारद्वारा उपलब्ध गराएको अनुदानको ठूलो हिस्सा शिक्षकको तलब भत्तामा नै खर्च गरिन्छ ।

शर्मा (२०५८) का अनुसार गुणस्तरीय शिक्षाले व्यक्तिको सामाजिक, आर्थिक, साँस्कृतिक विकासमा आवश्यक व्यवहारको निर्माण गराउँदछ, जस्तोसुकै अप्ठ्यारो परिवेशमा पनि समायोजनमा सहयोग पुऱ्याउँदछ । उपलब्ध साधन र अवसरको पूर्ण उपयोगमा सहयोग पुऱ्याउँदछ । निजी हितलाई सामुहिक हितमा परिवर्तन गर्दै पारस्परिक सहयोगको विकास गराउँदछ र पारिवारिक, सामाजिक, राष्ट्रिय र अन्तराष्ट्रिय हितमा व्यक्तिलाई सधैं सचेत गराउँदछ । त्यसका लागि शिक्षा क्षेत्रमा लगानी बढाउनु अत्यन्तै आवश्यक हुन्छ ।

Carnoy (1973) का अनुसार विभिन्न देशहरुमा विभिन्न विधिको प्रयोग गरी विद्यालय प्रतिफल दरको निर्धारण गरे र तिनीहरु बिचमा तुलना पनि गरे । उनीहरुले ३० वटा देशहरुमा गरेको अध्ययनलाई प्रस्तुत गरे । उनीहरुको निष्कर्ष अनुसार विकसित राष्ट्रहरुमा विद्यालय प्रतिफलदर उच्च रहेको थियो । धेरै विकासशील देशहरुमा प्राथमिक शिक्षाको प्रतिफलदर उच्च देखिएको थियो । उनीहरुको निष्कर्ष अनुसार विकासशील देशहरुमा विद्यार्थी सहभागिता बढाउनका लागि प्रतिफलमा अझै सुधार ल्याउनका लागि सरकारले लगानीदर बढाउनुपर्छ भन्ने थियो ।

लम्साल (२०६९) का अनुसार शैक्षिक उपलब्धिमा वृद्धि गर्न वा विद्यार्थी प्रवाहदर बढाइ शिक्षाको आन्तरिक दक्षतामा वृद्धि गर्न उपलब्ध स्रोतको प्रभावकारी प्रयोग गर्नुपर्ने हुन्छ । शिक्षा क्षेत्रमा उपलब्ध स्रोतलाई मानवीय, भौतिक र आर्थिक स्रोतमा वर्गिकरण गरिन्छ । मानवीय स्रोत अन्तर्गत शिक्षण/शिक्षक प्रशासनिक प्राविधिक तथा पेशागत कर्मचारीको उचित प्रयोग पर्दछ । भौतिक स्रोत अन्तर्गत चाहिँ विद्यार्थीको शुल्क, दान,सरकारी अनुदान आदि पर्दछन् ।

शर्मा (२०७०) ले उल्लेख गरे अनुरुप सबै विद्यार्थीहरुले समयमा पाठ्यपुस्तक पाउनु पनि गुणस्तरको सूचक हो । त्यस्तै शिक्षकले पुरा समय कक्षा कोठामा पठाउनु पनि गुणस्तरको सूचक हो । तर कतिपय कक्षामा यस्तो पाउन सकिदैन र पाइएता पनि राम्ररी पढाउदैनन् भन्ने खबर बारम्बार सुन्नमा आइरहन्छन् । यी उदाहरणले शैक्षिक उपलब्धि कम प्राप्त एवम चुहावट अत्याधिक मात्रामा छ भन्ने थाहा दिन्छ तथा शुसासन कायम गर्न नसक्नाको परिणाम हो भन्ने बुझाउँछ । तसर्थ स्रोत थप्दैमा र लगानीलाई वृद्धि गर्दैमा शैक्षिक गुणस्तर वृद्धि हुने, विद्यार्थी प्रवाह दर बढ्ने र शिक्षाको आन्तरिक दक्षतामा वृद्धि भने हुँदैन । उपलब्ध स्रोतहरुको सही व्यवस्थापन र तिनको अत्याधिक उपयोग गर्न सकिएन भने शिक्षाको गुणस्तरमा वृद्धि हुन सक्दैन ।

राष्ट्रिय योजना आयोग (२०६४-२०६७) का अनुसार प्राथमिक तहमा खुद भर्नादर ८७.४ पुगेको छ । उक्त योजनामा उल्लेख भए बमोजिम प्राथमिक शिक्षाको विकासमा उपलब्धि देखिए तापनि अझै करिब १३ प्रतिशत बालबालिकाहरु प्राथमिक शिक्षाबाट बञ्चित रहेका छन् । कक्षा दोहोऱ्याउने दर र बिचैमा कक्षा छाड्ने दर पनि बढी नै देखिन्छ । कक्षा उर्तीण हुने दर न्युन मात्रामा देखिन्छ । साथै विद्यार्थी प्रवाह दर पनि घट्दै गइरहेको छ जसको मुख्य कारण गरिबीलाई लिन सकिन्छ । गरिबीका कारण अभिभावकले विभिन्न बहानामा बालबालिकालाई घरको काममा लगाउने तथा पेशा व्यवसायमा लगाउने गर्दछन् । जसले विद्यालयमा भर्ना नै नहुने गर्दछन् र भर्ना भएका पनि शैक्षिक चक्र पुरा नगरी विद्यालय नै छोड्ने गर्दछन् ।

Herbinision and Mayers (1968 AD) ले ७५ वटा देशहरुलाई लिई शैक्षिक जनशक्तिले GNP मा पारेको प्रभावको बारेमा अध्ययन गरेका थिए । उनले प्राथमिक, माध्यमिक र उच्च माध्यामिक शिक्षाको विद्यार्थी भर्नाको अध्ययन गरेका थिए । GNP मा प्राथमिक शिक्षा प्राप्त गरेकाले भन्दा माध्यमिक शिक्षा प्राप्त गरेकाले र माध्यमिक शिक्षा पुरा गरेकाले भन्दा उच्च शिक्षा पुरा गरेकाले बढी योगदान गरेको पाइयो । तसर्थ १० देखि २० वर्षमा GNP मा दोब्बर गर्ने हो भने प्राथमिक शिक्षामा 2 times, माध्यमिक शिक्षामा 5 times र उच्च शिक्षामा 10 times ले वृद्धि गर्नुपर्दछ । साथै उच्च शिक्षा पुरा गरेकालाई पूर्ण रोजगारी दिनुपर्दछ । त्यसैगरी thumb को employment and empirical rule अनुसार प्राथमिक भर्नादरलाई 2 times ले र माध्यमिक भर्नादरलाई 6 times ले वृद्धि गर्नमा पूर्व निर्धारित GNP प्राप्त गर्न सकिन्छ ।

शर्मा (२०६१) का अनुसार शिक्षा वास्तवमा बढोत्तरी उद्योग हो । यसले अर्थव्यवस्थाको लागि आवश्यक जनशक्ति र सेवा पुऱ्याउँछ साथै कुल राष्ट्रिय उत्पादनमा पनि उल्लेखनिय योगदान पुऱ्याउँछ । अधिकांश विकासोन्मुख मुलुकहरुमा सार्वजनिक शिक्षाको खर्च जुटाउन राज्यको ढुकुटी नै प्रयोग गरिएको पाइन्छ । हरेक नागरिकको शिक्षा पाउने अधिकार हो र शिक्षा दिने राज्यको दायित्व हो भन्ने कुरा सामान्य नागरिकदेखि उच्च राजनीतिक वृत्तसम्म उस्तै पाइन्छ । तथापि संसारका सबै नागरिकहरुले सबै किसिमको शिक्षा लिन पाएनन् । कसैले प्राथमिक शिक्षा, कसैले माध्यमिक शिक्षा त कसैले उच्च माध्यमिक शिक्षासम्म सरकारी स्रोतबाट उपलब्ध गराउने गरी आफ्नो सीमारेखा कोरे । आधारभूत तहमा सरकारी

लगानी बढाउने र अन्य हकमा सरकारी लगानी घटाउँदै जाने नीति एउटा साझा नीतिको रुपमा आयो । फलस्वरुप लोक कल्याणकारी राज्य व्यवस्थाले सामाजिक लक्ष्यको सिद्धान्त अनुरुप शिक्षामा लगानी गर्नुपर्दछ भन्ने अवधारणाले व्यापकता पायो तर यो सर्वसम्मत हुन सकेन र प्रविधिको कारणले नयाँ ज्ञान र सिपको आवश्यकता खोजी हुन थाल्यो र यसको दुर्बलता रह्यो । जसको प्राप्तिका लागि मूल्य चुकाउनु पर्ने  भयो । फलस्वरुप शैक्षिक लगानीका वैकल्पिक मार्गहरुको अवधारणा आयो ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Related Literature)

घिमिरे (१९९७) ले माध्यमिक तहको विद्यार्थी भर्नादर शीर्षकमा धनकुटा र नुवाकोट जिल्लामा गरेको एक अध्ययनमा एउटै उमेर समुहका केटाहरुको तुलनामा केटीहरुको माध्यमिक तहमा भर्नादर कम रहेको तथ्य प्रस्तुत भएको छ । धनकुटा, नुवाकोट जिल्लाका विद्यार्थीहरुको विद्यालय भर्नादर अवस्था विश्लेषण गर्ने, छात्राहरुको माध्यमिक तहमा भर्नादर कम हुने कारण पत्ता लगाउने तथा भर्नादर वृद्धि गर्ने केही उपायहरु सुझावका रुपमा प्रस्तुत गर्ने उद्देश्यले गरिएको उक्त अध्ययन प्राथमिक र सहायक दुवै तथ्याङ्कमा आधारित छ । विद्यालयमा भर्नादर कम हुने कारणहरुमा गरिबी र अभिभावकको धारणा, केटाकेटीहरुलाई कृषिमा संलग्न गराउनु, अभिभावकको शैक्षिक चेतनामा कमि, विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको अभाव नै प्रमुख समस्या रहेकाले यि समस्यालाई समाधान गर्न सकरात्मक धारणाको विकास हुनुपर्ने सुझाव उल्लेख गरिएको छ ।

Singh (1973) ले नेपालमा "शैक्षिक पलायन" सम्बन्धी तीनवटा जिल्लाहरु काठमाडौं, भक्तपुर र काभ्रेमा गरेको सर्वेक्षण अनुसार आठवटा कारक तत्वलाई बिचैमा विद्यालय छोड्ने र विद्यार्थी प्रवाह दर कम हुनुका कारणका रुपमा उल्लेख गरेका छन् । जसमा परिक्षामा असफल हुनु, विद्यालय परिवर्तन, पाठ्यपुस्तक किन्न नसक्नु, विद्यालय घरबाट टाढा रहनु अभिभावकको शिक्षाप्रति चेतनाको अभाव, विद्यालयमा उपयुक्त स्रोत र साधनको अभाव, संस्थागत विद्यालयको प्रभाव, शिक्षण सिकाइ कृयाकलाप कमजोर रहनु रहेका थिए । उक्त प्रतिवेदनमा विद्यालय छाड्नुको र विद्यार्थी प्रवाह दर कम हुनुको मुख्य कारण गरिबी उल्लेख गरिएको छ । जसले ६९.२ प्रतिशत बालबालिकाहरु नियमित विद्यालय जान सकिरहेका छैनन ।

शिवाकोटी (२०६३) ले नेपालको माध्यमिक शिक्षामा लगानी शीर्षकमा काठमाडौं उपत्यकामा गरेको एक अध्ययन अनुसार सार्वजनिक माध्यमिक विद्यालयहरुको कुल आम्दानीमध्ये ६३ प्रतिशत आम्दानीको स्रोत सरकारी अनुदान रहेको कुरा बताएको छ । अभिभावकबाट प्राप्त आम्दानीको स्रोत २८ प्रतिशत र विद्यालयको आफ्नै स्रोतबाट ८ प्रतिशत रहेको थियो । निजि विद्यालयहरुको आम्दानीको स्रोत पूर्ण रुपमा विद्यार्थीबाट उठाइने शुल्क हो । सरकारी विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षा अत्याधिक महङ्गो रहेको पाइयो । संस्थागत विद्यालयको प्रति विद्यार्थी प्रति वर्ष औसत लागत रु. १०,०१० थियो भने सरकारी विद्यालयको रु. ५,५१० रहेको थियो । मुख्य रुपमा उच्च शिक्षा प्राप्त आर्थिक अवस्था बलियो भएका अभिभावकहरु संस्थागत विद्यालयहरुले प्रदान गर्ने शिक्षाप्रति आकर्षित भएको पाइयो ।

CERID (1987) ले नेपालका तीन जिल्ला बर्दिया, नुवाकोट र ताप्लेजुङमा गरेको अध्ययन अनुसार बिचैमा विद्यालय छोड्ने बालबालिकामा अभिभावकहरु ६६ प्रतिशत अशिक्षित रहेको देखाएको छ । जसका कारण बालबालिकालाई विद्यालय नै नपठाउने, आर्थिक अभावको चपेटाका कारण बिचमा विद्यालय नै छुटाइदिने, निरक्षर परिवार कृषि पेशामा संलग्न भएको कारण श्रमको आवश्यकता ठानी आफ्नै सन्तानलाई काममा लगाउने कारण विद्यालयमा प्रवाहदर घटिरहेको उल्लेख गरिएको छ ।

के.सी. (२०५५) ले थारु केटाकेटीहरुले माध्यमिक तहमा बिचैमा विद्यालय छोड्ने कारणहरुको एक अध्ययन शीर्षकमा भनेका छन्, परिवारको अपहेलना, साथी संगतिको प्रभाव, पैसा कमाउने मोह, हिनताबोध, दयनीय आर्थिक अवस्था, पारिवारिक जिम्मेवारी, विद्यालय टाढा हुनु, परम्परावादी संस्था जस्तै छोरीले पढ्न नपर्ने, अर्काको घर जाने जात जस्ता कारणहरु मुख्य कारणको रुपमा उल्लेख गरेका छन् ।

Sharma (1975) ले नेपालमा शैक्षिक क्षति शीर्षकमा विराटनगर र धनकुटामा गरेको एक अध्ययन अनुसार सार्वजनिक विद्यालयमा भौतिक अवस्था राम्रो र तालिम प्राप्त शिक्षकको व्यवस्था हुँदा हुँदै पनि प्रति विद्यार्थी खर्च बढी र उपलब्धी कम देखिन्छ । त्यसकारण सार्वजनिक विद्यालयमा भएको शैक्षिक क्षति रोक्न व्यवस्थित प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । सार्वजनिक विद्यालयको भन्दा निजि विद्यालयको आन्तरिक सक्षमता निकै राम्रो पाइएकोले संस्थागत विद्यालयबाट सार्वजनिक विद्यालयले सिक्ने प्रवृति र वातावरणको सृजना गर्नुपर्ने हुन्छ । यदि सार्वजनिक विद्यालयहरुको आन्तरिक सक्षमता नबढाउने हो वा

बढाउन नसकिने हो भने सरकारले माध्यमिक शिक्षामा गरेको खर्च प्रति न्याय भयो भन्न सकिदैन र खर्चमा कटौति गर्नुपर्ने हुन्छ । कक्षा ६ का विद्यार्थी समुहको आधारमा प्रति विद्यार्थी एस.एल.सी. पास गर्न लाग्ने खर्च २.३ गुणाले सार्वजनिक विद्यालयको निजि विद्यालयको तुलनामा बढी हुनु सरकारका निम्ति एक चुनौति हो । यस सम्बन्धमा सरकारले अत्यन्तै संवेदनशिल भई नयाँ निति तर्जूमा गरी सार्वजनिक विद्यालयहरुलाई आफ्नो उत्तरदायित्व र जिम्मेवारी पुरा गराउन कदम चाल्ने तर्फ कति पनि विलम्ब गर्न नहुने मान्यता प्रस्तुत गरिएको छ ।

भट्टराई (२०७३) ले सामुदायिक विद्यालयको अवहेलना किन ? भन्ने शीर्षकमा प्रकाशित गरेको लेखअनुसार सामुदायिक विद्यालयका शिक्षक कक्षा छाडेर राजनीतिक दलका पछि लागि झण्डा बोकेर नारा लगाउँदै अघिअघि लाग्ने र स्थानीय समुदायवासी पछिपछि लाग्ने गरेको कुरा सर्वविदितै छ । अभिभावकले विद्यालयमा पढाउने समय भित्र शिक्षकहरुले राजनीतिक पाटीहरुको कार्यक्रम, क्रियाकलापहरुमा सहभागी हुन पाईदैन भनेर निर्णय नगरेका कारणले सामुदायिक विद्यालयहरु राजनितिक दलका मञ्चस्थल वन्न पुगेका छन् । सामुदायिक विद्यालयका शिक्षक विद्यालयमा अनुपस्थित हुने गरेपछि अभिभावकहरुको ज्ञान, ध्यान र चासो संस्थागत विद्यालय तर्फ बढेको देखिन्छ । नीजि विद्यालयमा कक्षा कोठामा ठिक ढंगले पढाएको वा नपढाएको वारे दैनिक रुपमा प्रिन्सिपलले मुल्याङ्कन गर्ने गरेका हुन्छन । सामुदायिक विद्यालयमा पढाउने शिक्षकको मासिक तलवको तुलनामा निजी विद्यालयमा पढाउने शिक्षकको तलव न्यून देखिन्छ । नीजि विद्यालयमा शिक्षक शिक्षिकाहरुलाई स्वेच्छाचारी ढंगले तलव वितरण गरेतापनि राम्रो जनशक्ति उत्पादन गर्न प्रमुख योगदान दिदै आएको छ । सामुदायिक विद्यालय तर्फ अनुसासन पालना नगर्ने शिक्षक, शिक्षिका र आफ्नो घरछेउको सामुदायिक विद्यलय प्रति बेवास्ता, हेलचेक्रायाइँ र सरोकारनराख्ने अभिभावक वर्ग सवै उत्तिकै जिम्वेवार र दोषि छन् ।

सुवेदी (२०६२) ले उच्च माध्यमिक विद्यालयको वर्तमान अवस्था एक अध्ययन शीर्षकमा उ.मा.वि. को लागत विवरणमा जम्मा खर्चको ८३.४० प्रतिशत शिक्षक तलब भत्तामा, कर्मचारी तलब भत्ता १०.१४ प्रतिशत र विद्यालयको भौतिक सुधारमा ४.१ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट उनले भौतिक सुधार तथा शैक्षिक स्तर बढाउने पुस्तकालय, शैक्षिक सामाजिक छात्रवृत्तिमा न्यून खर्च भएको पत्ता लगाएका छन् । आय स्रोत सम्बन्धमा

ग्रामीण क्षेत्रका बसोबास गर्ने अभिभावक तथा विद्यार्थीबाट ४० प्रतिशत र शहरी क्षेत्रबाट ६० प्रतिशत प्राप्त हुन आएको छ । ग्रामीण क्षेत्रमा गैरसरकारी संस्थाबाट २० प्रतिशत र सरकारी अनुदान र स्थानिय निकायबाट २५ प्रतिशत प्राप्त भएको देखिन्छ । त्यस्तै शहरी क्षेत्रमा गैरसरकारी क्षेत्रबाट ७ प्रतिशत, स्थानीय निकायबाट १०प्रतिशत देखिन्छ । यस अध्ययनमा ग्रामीण क्षेत्रका उ.मा.वि. मा कार्यरत शिक्षकहरुमध्ये ४७.७प्रतिशत योग्यता पुगेका र बाँकी योग्यता नपुगेका शिक्षकहरु देखिन्छ । त्यस्तै शहरी क्षेत्रमा ८०.१ प्रतिशत योग्यता पुगेका र बाँकी योग्यता नपुगेका देखाइएको छ ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Implication of the Review for the Research)

विभिन्न आयोग संघ संस्था र व्यक्तिहरुले गरेको अनुसन्धान सोध तथा लिखित पुस्तकहरुको लेखहरुका अनुसार शैक्षिक लगानीमा वृद्धि गर्दा शैक्षिक उपलब्धी बढि हुने र शिक्षाको आन्तरिक दक्षतामा वृद्धि हुन गई शैक्षिक उपलब्धिमा पनि वृद्धि हुने जस्ता कुरालाई ध्यान दिइएको पाइयो । राष्ट्र निर्माणका लागि प्रथम आधारभूत आवश्यकता भनेको नै शिक्षाको क्षेत्र हो । शिक्षा बिना आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्न, सुचना प्रविधिको प्रयोग, उपयोग र विकास गर्न पनि सकिदैन जुन राष्ट्र निर्माणका लागि अति आवश्यक हुन्छ । हाम्रो जस्तो विकासशील देशमा त झन दक्ष जनशक्तिको बढी आवश्यकता हुने र यसका लागि शिक्षामा लगानी वृद्धि गरी शिक्षाबाट प्राप्त उपलब्धि वृद्धि गर्दै लानुपर्ने अति आवश्यक छ । जसले गर्दा दक्ष जनशक्ति उत्पादन गर्न शैक्षिक क्षेत्रको आन्तरिक दक्षतामा वृद्धि गर्नुपर्ने कुरा छलफलको विषय बन्न पुगेको छ ।

कूल राष्ट्रिय उत्पादनमा शिक्षाले उल्लेखनिय योगदान पुऱ्याउने भएकोले अधिकांश विकासोन्मुख मुलुकहरुमा सार्वजनिक शिक्षाको खर्च जुटाउन ढुकुटी नै प्रयोग गरेको पाइन्छ । सामुदायिक विद्यालयको उपलब्धि उच्च बनाउन, परिक्षाको नतिजा सुधार गर्न र शिक्षामा स्तरीयता ल्याउनका लागि शिक्षक कार्यभार, तालिमको प्रयोग, सेवा सुविधा, पारिश्रमिकता र समग्र व्यवस्थापकिय पक्षलाई एकरुपताका साथ कार्यान्वयन गराई लागु गर्नुपर्ने हुन्छ । विद्यार्थीले प्राप्त गरेको उपलब्धिले नै उसको जीवनस्तर निर्धारण गर्दछ । यसको लागि कुनै एक निकाय मात्र जिम्मेवार नभई सबै पक्ष जिम्मेवार रहनुपर्दछ । यिनै कुराहरुलाई ध्यानमा राख्दै शैक्षिक लगानी र शैक्षिक उपलब्धि बिचको सम्बन्धलाई विश्लेषण

गरी शैक्षिक लगानीमा वृद्धि गर्न र उपलब्धिलाई अझ सुधार गर्नका लागि यस अध्ययन गरिएको छ ।

वास्तवमा शिक्षाले अर्थव्यवस्थाको लागि आवश्यक जनशक्ति र सेवा पु¥याउँदछ । सामुदायिक माध्यमिक विद्यालयको उपलब्धी उच्च बनाउन र लगानी अनुसार प्रतिफल प्राप्त गर्न विद्यालयमा प्रवाहदर बढाउनुपर्छ, तालिमको प्रयोग, सेवा सुविधा उपलब्ध, विद्यालयको भौतिक पक्षको व्यवस्थापन र शिक्षण प्रभावकारी बनाउनु जरुरी छ । विद्यार्थीले प्राप्त गरेको उपलब्धीले नै शिक्षाको आन्तरिक दक्षताको मापन गर्ने गर्दछ । यसका लागि एउटा मात्र निकाय जिम्मेवार हुन सक्दैनन् । यो विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय, व्यवस्थापक, सरकार सबैको हो यिनै कुरालाई ध्यानमा राख्दै शैक्षिक लगानी र शैक्षिक उपलब्धी बिच सामजस्यता गराई शैक्षिक लगानीमा वृद्धि गर्न र उपलब्धीलाई बढाइ शिक्षाको आन्तरिक दक्षता बढाउन र शैक्षिक उपलब्धिमा वृद्धि गर्न र माध्यमिक तहको लगानी अनुसार उपलब्धी प्राप्त गर्न शिक्षा क्षेत्रलाई थप सुधार गर्दै लैजान यस अध्ययन महत्वपुर्ण रहेको छ ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन पश्चात र यस अध्ययन बीचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकन नमुना छनोट विधिको माध्यमबाट सीमित जनसङ्ख्याबाट तथ्याङ्क लिइ विश्लेषण गरिएको थियो । यस अध्ययनमा सामुदायिक तथा संस्थागत माध्यमिक तहको प्रवाह र उपलब्धिको तुलनात्मक विश्लेषण शिर्षकमा अध्ययन गर्दा विद्यार्थी, विद्यार्थीका अभिभावकलाई उद्देश्यमुलक नमुना र सुविधाजनक नमुना छनौट विधिको माध्यमबाट छनोट गरी वास्तविक र यथार्थ तथ्याङ्क लिइएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीको मात्र प्रयोग गरी तथ्याङ्क संकलन गर्दा सही नहुने साथै सही नभएको पनि हुन सक्दछन् तर यस अध्ययनको निचोडमा विद्यालयको प्रवाहदर उपलब्धी स्तर पत्ता लगाउन सम्बन्धित विद्यार्थी, अभिभावक, प्र.अ., शिक्षकलाई समावेश गरी लक्षित समुहको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क लिइएको छ । यस अध्ययनको साहित्य पुनरावलोकनमा माध्यमिक तहको २ वटा सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थी प्रवाहदर र त्यस विद्यालयको शैक्षिक उपलब्धिलाई तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । यस अध्ययन भित्र अभिभावकले गरेको लगानी र विद्यालयको उपलब्धिस्तरको पनि

खोजी गरिएको छ । जसले साहित्यको पुनरावलोकन प्रभावको विश्लेषण गर्न पनि सहज भएको  छ । त्यसैले अन्य शोधपत्र भन्दा यस शोधपत्रमा अध्ययनको निचोड सत्य र वास्तविकता रहेको छ । यस अध्ययन गर्नु भन्दा पहिले यस शिर्षकमा अध्ययन कार्य नभएकाले यससँग सम्बन्धित साहित्यलाई समेटिएर पुनरावलोकन कार्य गरिएको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


यस अध्ययनको उद्देश्य पूरा गर्न र अध्ययनलाई अझ प्रभावकारी बनाउन अध्ययनसँग सम्बन्धित अवधारणात्मक ढाँचालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।




स्रोत : शर्मा, २०६७

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यालयको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्ने कार्यात्मक ढाँचा निम्न अनुसार रहेको छ ।



## अध्याय तीन (CHAPTER THREE)

## ३. विधि र प्रकृया (METHOD AND PROCEDURES)

यस अध्यायमा अनुसन्धान गर्दा अपनाइने विधि र प्रक्रियाहरुको बारेमा व्याख्या गरिएको छ । जसअन्तर्गत अनुसन्धान ढाँचा, तथ्यांङ्कको स्रोत, अध्ययनको जनसङ्ख्या, नमूना आकार र नमूना छनौट रणनीति, अध्ययन क्षेत्रको परिचय, तथ्यांङ्क संकलनको साधनहरु, तथ्यांङ्क संकलन प्रविधि, तथ्यांङ्कको विश्लेषण प्रकृया र नीतिगत प्रावधान जस्ता शीर्षकहरुलाई समावेश गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। यस ढाँचालाई आधार मानी तथ्याङ्क संकलन गर्ने साधन तयार पारिएकोछ । यस अध्ययनमा सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थीप्रवाहदर र उपलब्धिको विश्लेषण सम्बन्धी भएकोले वर्णनात्मक र विश्लेषणत्मकविधिमा आधारित रहेको छ । अत : प्राप्त तथ्याङ्कको विश्लेषणलाई तालिका र शाब्दिक रुपबाट प्रस्तुत गरिएको छ ।

### ३.२ तथ्याङ्कको स्रोत (Sources of Data)

यस अध्ययनका लागि आवश्यक सुचना संकलन कार्य गर्न निम्न साधनहरुको प्रयोग र निर्माण गरी सुचना संकलन कार्य गरिएको छ । यि तथ्याङ्का स्रोतहरु यस प्रकारका छन् ।

### ३.२.१ प्राथमिकस्रोत (Primary Sources)

प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा झापा जिल्ला भद्रपुर नगरपालिकामा अवस्थित एक वटा सामुदायिक माध्यमिक विद्यालय र एक वटा संस्थागत माध्यमिक विद्यालयका शिक्षकहरु, सोही विद्यालयमा अध्ययनरत माध्यमिक तहका विद्यार्थीहरु, उनीहरुका अभिभावकहरु, विद्यालयका प्र.अ. रहेका छन् । प्राथमिक तथ्याङ्कका स्रोतका रुपमा यस अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई समावेश गरिएको छ ।

### ३.२.२ द्वितीय स्रोत (Secondary Sources)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय स्रोतहरुमा सम्बन्धित क्षेत्र वा नगरपालिकासँग सम्बन्धित विद्यालय प्रशासन, व्यवस्थापन समितिका पदाधिकारी, जिल्ला शिक्षा अधिकारी,

पूर्व अध्ययन प्रतिवेदन, पूर्व प्रकाशित तथा अप्रकाशित प्रतिवेदन, पत्रपत्रिका, शिक्षा विभाग, शिक्षा मन्त्रालयका वेवसाइटहरुबाट तथ्याङ्क संकलन गर्न सहयोग लिएको छ ।

## ३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसङ्ख्या र यसबाट छनौट गरिएको नमुनाको आकार तथा नमुना छनौट रणनीतिलाई यसप्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसङ्ख्या (Population)

यस अध्ययनको जनसङ्ख्या झापा जिल्ला भद्रपुर नगारपालिकाका एक वटा सामुदायिक र एक वटा संस्थागत माध्यमिक विद्यालयका सम्पूर्ण विद्यार्थीहरु जनसङ्ख्या हुन् । साथै उनीहरुका अभिभावकहरु, शिक्षकहरुलाई यस अध्ययनको जनसङ्ख्याको रुपमा लिइ तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनका आवश्यक पर्ने सूचनाहरु संकलन गर्नका लागि अध्ययन क्षेत्रका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका मा.वि. तहका कुल भर्ना भएका विद्यार्थीलाई सतप्रतिशत उद्देश्यमूलक नमूना छनोटबाट अध्ययनमा समावेश गरिएता पनि अन्तर्वार्ताका लागि मात्र तिनै विद्यार्थीमध्ये बाट ४ प्रतिशतका दरले प्रतिनिधित्व हुने गरी ३० जना विद्यार्थीलाई सामान्य सम्भावना नमुना छनौटबाट छनौट गरिएको छ । छनौट भएका विद्यार्थीहरुका ३ प्रतिशतका दरले प्रतिनिधित्व हुनेगरी चौध/चौध जना अभिभावकलाई गोला प्रथाद्वारा छानिएको थियो । प्र.अ., शिक्षकहरुलाई उद्देश्यमुलक नमुना छनौटबाट छनोट गरि तथ्याङ्क सङ्कलन गरियो ।

### ३.३.३ नमुना छनौट रणनीति (Sampling Strategy)

- यस अध्ययनमा झापा जिल्लाको भद्रपुर नगरपालिका लाई उद्देश्यमुलक नमूना छनौट विधीको आधारमा छनौट गरिएको छ ।
- भद्रपुर नगरपालिकामा रहेका दुई वटा सामुदायिक माध्यमिक विद्यालय मध्ये विरेन्द्र उच्च मा.वि. लाई उद्देश्यमुलक नमूना छनौट विधीद्वारा र संस्थागत विद्ययालय

अन्तर्गत प्रज्ञा एकेडेमिलाई सतप्रतिशत संगणना विधीको आधारमा अध्ययनमा समावेश गरिएको छ ।

- दुवै माध्यमिक विद्यालयबाट सतप्रतिशत संगणना विधिको आधारमा माध्यमिक तहका कुल विद्यार्थीलाई अध्ययनमा समावेश गरिएको छ ।
- दुवै माध्यमिक विद्यालयबाट कुल विद्यार्थी संख्याको ४ प्रतिशतका दरले प्रतिनिधित्व हुनेगरी तथ्याङ्क संकलनका लागि सामान्य सम्भावनायुक्त नमूना छनोटबाट विद्यार्थीसंख्या छनोट गरिएको छ ।
- अध्ययनको क्रममा २ वटै विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई उद्देश्यमुलक नमुना छनौट विधिद्वारा छनौट गरिएको छ ।
- यस अध्ययनमा दुई विद्यालयको दुई शैक्षिक सत्रमा भर्ना भएका सामुदायिक तर्फ ३३९ र संस्थागत तर्फ ४२४ गरी जम्मा ७६३ जना विद्यार्थी मध्येबाट ३० जना विद्यार्थी र २८ जना अभिभावक गरी जम्मा ५८ जनालाई नमूना छनौट गरी तथ्याङ्क संकलन गरीएको छ । जसमा दुई विद्यार्थीका एकै अभिभावक पनि रहेका छन् ।

## ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area)

यस अध्ययनका लागि झापा जिल्लाको भद्रपुर नगरपालिकामा सञ्चालित सामुदायिक तर्फ विरेन्द्र उच्च मा.वि र संस्थागततर्फ प्रज्ञा एकेडेमी मा अध्ययनरत सम्पूर्ण विद्यार्थी, तिनीहरुका अभिभावक, शिक्षक तथा प्र.अ. जनसङ्ख्याको रुपमा रहेका छन् ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनका लागि आवश्यक सूचना संकलन गर्न निम्न साधनहरुको निर्माण र प्रयोग गरी सूचना संकलन कार्य गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

बालबालिकाले बिचमा विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने कारण पत्ता लगाउन, शिक्षक, अभिभावक र बालबालिकाका लागि छुट्टै अर्न्तवार्ता लिइएको छ भने विद्यालयको विद्यार्थी प्रवाह दर पत्ता लगाउन प्र.अ. र शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई संरक्षित तथा असंरक्षित प्रश्नावली निर्माण गरी अर्न्तवार्ता सञ्चालन गरिएको छ, जसलाई अनुसूची १,२,३ र ४ मा राखिएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation List)

माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको विश्लेषण गर्न माध्यमिक तहमा विद्यार्थी प्रवाह दर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर, कक्षा अनुत्तीर्ण दर र भर्नादरको व्याख्या गर्नको लागि अवलोकन फाराम निर्माण गरी विद्यालयका प्र.अ. सँग प्रत्यक्ष भेटी माध्यमिक तहको दुई वर्षको विद्यालय रेकर्ड अनुसारको अवलोकन फारम निर्माण गरिएको छ। जसलाई अनुसूची ५ मा राखिएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Gride)

शिक्षा सँग सरोकार राख्ने प्राध्यापक तथा शिक्षकहरु जसलाई विद्यार्थी प्रवाह दरको र उपलब्धिको गहन जानकारी हुन्छ र शैक्षिक उपलब्धि लगानी अनुरुप हुनुपर्छ भन्ने कुरा विद्यार्थी र विद्यालयसँग सम्बन्धित हुन्छ । सोही मान्यतामा रहि नमुना विद्यालयका प्राध्यापक, विद्यार्थी, शिक्षक र अभिभावकसँग छलफल गरी आवश्यक सूचना संकलन गर्न छलफल निर्देशिका तयार पारी समुह छलफल सञ्चालन गरियो ।

## ३.६ तथ्याङ्क संलकन प्रविधि (Techniques of Data Collection)

यस शोधपत्र अध्ययनको प्रारम्भिक छनौट पश्चात अध्ययनलाई पूर्णता दिनका लागि निम्न विधि अपनाइ तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.१ अर्न्तवार्ता (Interview)

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि अर्न्तवार्ता विधि प्रयोग गरिएको छ । उत्तरदात्तासँग प्रत्यक्ष भेटि आमनेसामने भएर संरचित र अंसरचित प्रश्नावलीको माध्यमबाट व्यक्तिगत अर्न्तवार्ता लिइएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनलाई पुरा गर्नका लागि अध्ययनकर्ता विद्यालयमा पुगी विद्यार्थी, प्र.अ.तथा शिक्षक सँग प्रत्यक्ष भेटी उनीहरुको पारिवारिक वातावरण, विद्यालयको सिकाई वातावरण, विद्यार्थीहरुको विद्यालय र पढाइप्रतिको धारणा, विद्यालयको भौतिक वातावरण आदिको प्रत्यक्ष अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्ने क्रममा अनुसन्धानकता स्वयंम् उपस्थित भई आफ्नो अध्ययन क्षेत्रमा रहेका विद्यालयबाट दश दश जना विद्यार्थी, पाँच पाँच जना शिक्षक, पाँच पाँच जना अभिभावक गरी जम्मा चालिस जनाको चारवटा समुह बनाइ एक घण्टाको छलफल सञ्चालन र खुल्ला प्रश्न निर्माण गरिएको छ । जसलाई अनुसूची ६ मा राखिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure)

माध्यमिक तहको विद्यार्थीप्रवाहदर र शैक्षिक उपलब्धिको अध्ययनको क्रममा अध्ययनका लागि आवश्यक तथ्याङ्क सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यार्थीहरु, शिक्षकहरु र सम्बन्धित अभिभावकबाट लिएको छ । प्राप्त तथ्याङ्कलाई तालिकाद्वारा प्रस्तुत गरी ग्राफ र वर्णनात्मक विधिबाट प्रस्तुत गरिएको छ । यससँगै अध्ययनको शिलशिलामा उपयोगमा ल्याइएका अनुसूची तथा सन्दर्भ सूचीलाई समेत समावेश गरिएको छ ।

## ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

यस अध्ययनको क्रममा आवश्यक पर्ने सुचना तथा तथ्याङ्कहरुको जानकारी लिनको लागि अर्न्तवार्ता लिनुपूर्व अर्न्तवार्ता दिने व्यक्तिलाई आफ्नो विश्वासमा लिइ अर्न्तवार्ताको लागि अनुमति लिएको छ । र उनीहरुबाट प्राप्त जानकारी तथा सूचनालाई गोपनीय राख्नुका साथै प्राप्त तथ्याङ्कलाई कुनै तोडमोड गरिएको छैन । अर्न्तवार्ताको क्रममा उनीहरुले दिएको जवाफ प्रति अनुसन्धानकर्ताले कुनै पनि किसिमको आपत्तिजनक प्रतिकृया नदेखाई जस्ताको तस्तै सूचना संकलन गरिएको छर उनीहरुबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्यबाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिएको छैन । यदि बालबालिकाहरुसँग अर्न्तवार्ता लिनुपरेमा अभिभावकको अनुमतिमा मात्र लिएको छ ।

## अध्याय चार (CHAPTER FOUR)

## ४. तथ्यांकको व्याख्या तथा विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA)

यस अध्ययनमा नमुना क्षेत्रको परिचय, सामाजिक, आर्थिक, भौगोलिक तथा शैक्षिक अवस्थाको वर्णन गरिएको छ । नमुना छनौटमा परेका विद्यालयहरुको विद्यार्थी भर्नादर, उत्तीर्णदर, बीचैमा विद्यालय छोड्नेदर, कक्षा दोहोऱ्याउनेदर तथा नमुना छनौटमा परेका विद्यालयको विद्यार्थी प्रवाहदर र सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागत र उपलब्धिको विश्लेषणलाई प्रस्तुत गरिएको छ । अध्ययनको उद्देश्य पुरा गर्नका लागि प्रारम्भमा अध्ययन क्षेत्रको रुपमा रहेको झापा जिल्ला र भद्रपुर नगरपालिकाको समग्र परिचयलाई प्रस्तुत गरी प्राप्त तथ्याङ्कलाई निम्न बुँदाहरुमा क्रमबद्ध गरिएको छ ।

### ४.१ झापा जिल्लाको परिचय (Introduction to Jhapa District)

झापा जिल्ला पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत मेची अञ्चलमा पर्ने एक तराईको सुगम जिल्ला हो । यो जिल्लाले भारतसँगको पूर्वी नाकालाई जोडेको छ । यसको उत्तरी सिमाना इलाम, पूर्वी सिमाना मेची नदी, पश्चिममा मोरङ्ग र दक्षिणमा विहारलाई छोएको छ । यस जिल्लामा अत्याधिक उर्वर भूमि भएकाले यस जिल्लालाई अन्नको भण्डार पनि भन्ने गरिन्छ । यस जिल्लामा ३३ वटा गा.वि.स., ८ वटा नगरपालिका, ७ संसदीय निर्वाचन क्षेत्र र १९३४ बस्तीहरु रहेका छन । यस जिल्लाको सदरमुकाम चन्द्रगढी रहेको छ, जुन अध्ययन क्षेत्रबाट उत्तर र दक्षिणमा पर्दछ ।

झापा जिल्ला उत्तरमा २६$^{\circ}$ २० देखि २६$^{\circ}$ ५० अक्षांशसम्म र पूर्वमा ८६$^{\circ}$ ३९ देखि ८८$^{\circ}$ १२ देशान्तरसम्म फैलिएको छ । यो जिल्लाको हावापानी समशीतोष्ण भएकाले यहाँको तापक्रम न्यूनतम ६ डिग्री देखि अधिकतम ३५ डिग्री सेल्सियम रहने गर्दछ । समुद्र सतहबाट ६३ मिटर देखि ५०६ मिटर सम्मको उचाईमा अवस्थित यो जिल्लामा नेपालको दोस्रो होचो ठाउँ केचनाकवल र नेपालको सबैभन्दा लामो पुल कन्काइ नदीको पुल पनि यसै जिल्लामा रहेको छ । जुन पर्यटकिय स्थलको रुपमा विकास हुदै गएका छन । यस जिल्लामा पूर्वीय वायु र बंगालको खाडीबाट बहने मनसुनी वर्षाका कारण वर्षायाममा अत्याधिक वर्षा पनि हुने गर्दछ ।

राजनैतिक क्षेत्रमा महत्वपुर्ण स्थान ओगट्दै आएको यस जिल्ला खाद्यान्न उत्पादनदेखि लिएर पर्यटकीय क्षेत्रको रुपमा पनि अग्रस्थान बनाउन सफल भइसकेको छ, जहाँ पर्यटकीय स्थल जामुनखाडी, टोकला, केचनाकवल, किच्चकवद, सालवारी, कलवलगुडी, विराटपोखर मुख्य मानिन्छन् भने धार्मिक हिसाबले सताक्षीधाम, दोमुखा, कृष्णथुम्की, अर्जुनधारा, कन्काइमाई प्रख्यात छन् । यहाँका प्रमुख व्यस्त शहरहरुमा विर्तामोड, भद्रपुर, काँकडभिट्टा, धुलावारी, दमक, गौरादह, सुरुङ्गा र दमक हुन भने यहाँ विरिङ, मेची, कन्काई, रतुवा नदी बाह्रैमास बगिरहने हुनाले यस क्षेत्र अझ सुन्दर बन्न पुगेको छ जसले झापा जिल्लाको परिचय बोकेको पाइन्छ । यस जिल्लामा धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक विविधता पाइन्छ । यस क्षेत्रमा जातीय विविधता र भाषिक विविधताका बीचमा पनि एकता भएको भान हुन आउँछ । मानव विकास सुचकाङ्कमा तेस्रो स्थानमा रहेको यस जिल्लालाई पूर्ण साक्षर जिल्लाको रुपमा घोषणा गरिसकिएको छ । यस जिल्लाको कुल क्षेत्रफल १६०६ वर्ग कि.मि. छ भने २०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ८१२१५० रहेको थियो । झापा जिल्ला पूर्वमा सिमाना जोडिएकाले यहाँ भारतसँग व्यवसाय गर्न उपयुक्त मानिन्छ । कृषि उत्पादनबाट पनि वर्षेनी लाखौं मानिस लाभान्वित बन्दैगएका छन भने मुख्यतथा यहाँ चिया, धान, गहु, मकै, उखु, सुपारीको खेति गरिन्छ भने एक गाउँ एक उत्पादनको कार्यले यस जिल्लाको आर्थिक स्तर माथि उठाउदै लगिरहेको पाइन्छ (स्रोत: जि.वि.स. झापा, २०७३) ।

### ४.१.१ भौगोलिक अवस्था (Geographical Situation)

भौगोलिक बनावटको हिसावले अत्यन्तै सुन्दर पूर्वमा रहेको जिल्ला झापा हो । यहाँ उत्तरमा इलाम पर्ने भएकाले पहाडका मनोरम दृष्य हेर्न सकिन्छ । यो जिल्ला पर्यटकीय हिसावले पनि आकर्षक बन्दै गएकाले तराइको मुटुको रुपमा स्थापित बन्दै गएको छ । यस जिल्ला भौगोलिक रुपमा ८८° १२ मिनेट पूर्वी देशान्तर र २६° ५ मिनेट उत्तरी अक्षांशमा अवस्थित सुन्दर जिल्ला हो । सामुद्रिक सतहबाट यो जिल्ला न्यूनतम ६३ र अधिकतम ३८० मिटरको उचाईमा रहेको पाइन्छ । यो जिल्लाको हावापानी गर्मीमा बढी गर्मी र जाडोमा बढीजाडो हुने किसिमको रहेको छ । यस जिल्लाको क्षेत्रफलका सम्बन्धमा विभिन्न निकायबाट धेरै आकडा पाइएतापनि केन्द्रीय तथ्यांक विभागको तथ्यांकलाई आधारमान्दा कुलक्षेत्रफल १६०६ वर्ग कि.मि. भएको पाइन्छ । यस जिल्लामा कुल क्षेत्रफलको १०.३० प्रतिशत वनक्षेत्र पाइन्छ

भने १.३० प्रतिशत नदीनालाले ओगटेको भू भाग रहेको छ । यस जिल्लामा उच्च उर्वर शक्ति भएको माटो पाइनाले उत्पादनको मात्रा पनि बढी हुने गरेको छ । यस जिल्लामा अग्लो भुभाग बाट होचो भू:भाग हुदै अगाडि बढेको भौगोलिक बनावट पाइन्छ । यस जिल्लाको भु-उपयोगको अवस्थालाई तालिका ४.१ बाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका ४.१**

**भू उपयोगको अवस्था -२०७२**

| क्र.सं. | भु-उपयोगको अवस्था | क्षेत्रफल हेक्टरमा | प्रतिशत |
|---|---|---|---|
| १ | कुल क्षेत्रफल | १५९९०२ | १०० |
| २ | कृषि खेतियोग्य जमिन | ९९७१६ | ६३ |
| ३ | वसोबास गरिएको क्षेत्र | २०९८२ | १३ |
| ४ | वनजङ्गलले ढाकिएको क्षेत्र | १९४५९ | १२ |
| ५ | चरण क्षेत्र | १७४३ | १.११ |
| ६ | अन्य | १८००२ | ११ |

(स्रोत:जि.वि.स. झापा, २०७३) ।

### ४.१.२ शैक्षिक अवस्था (Educational Situation)

झापा जिल्ला शिक्षा क्षेत्रमा पनि उत्तिकै क्रियाशिल र अग्रस्थानमा रहेको छ । जहाँ कुल जनसंख्याको ७५.८ प्रतिशत साक्षरता रहेको थियो जुन २०६८ को जनगणनाको तथ्यांकले देखाएको थियो । विगत १० वर्षको लामो प्रयासपछि यस क्षेत्रमा शिक्षा क्षेत्रमा गुणस्तरीयता बढेको पाइन्छ । यस जिल्लामा सामुदायिक र संस्थागत विद्यालय सञ्चालनमा छन् ।

झापा जिल्लाको शैक्षिक स्थितिलाई हेर्दा २०७३ साल जेष्ठ १७ गतेबाट २९ औं पुर्ण साक्षर जिल्ला घोषणा सँगै यहाँको शिक्षा क्षेत्रले गुणस्तरीयता प्राप्त गर्न सफल भएको छ । अहिले झापाको साक्षरता दर ९८.३३ प्रतिशत पुगिसकेको विभिन्न तथ्यांङ्कबाट प्राप्त हुन जान्छ । यस जिल्लाको समग्र शैक्षिक झलकलाई तालिका ४.२ बाट हेर्न सकिन्छ ।

**तालिका ४.२**

**झापा जिल्लाको समग्र शैक्षिक झलक - २०७२**

| क्र.स. नं. | विवरण | संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | पूर्व प्रा.वि. | ६२२ | ३१२७५ |
| २ | प्रा.वि. | ३२९ | ११७५९६ |
| ३ | नि.मा.वि. | १०९ | ५३४३३ |
| ४ | मा.वि. | १५३ | २८४१८ |
| ५ | सामुदायिक विद्यालय | ३५९ | |
| ६ | संस्थागत विद्यालय | २९० | |
| ७ | क्याम्पस | १८ | |
| ८ | सामुदायिक अध्ययन केन्द्र | ६ | |
| ९ | मदरसा | ५० | |
| १० | गुरुकुल आश्रम | १४ | |
| ११ | स्रोत केन्द्र | १७ | |

(स्रोतः जि.वि.स. झापा, २०७३) ।

### ४.१.३ राजनैतिक अवस्था (Political Situation)

राजनैतिक क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको झापा जिल्लामा ७ वटा संसदीय निर्वाचन क्षेत्र, १७ वटा इलाका, ८ वटा नगरपालिका, ३३ वटा गा.वि.स स्थापित भएका छन् । ऐतिहासिक तथ्यांकका आधारमा पनि झापा जिल्ला राजनैतिक क्षेत्रमा सक्रिय रहेको भूमि मान्न सकिन्छ । यसलाई तालिका ४.३ बाट दर्शाइएको छ ।

**तालिका ४.३**

**झापा जिल्लाको राजनैतिक अवस्था २०७२**

| संसदीय क्षेत्र (क्षेत्र नं.) | गा.वि.स./नगरपालिका |
|---|---|
| १ | बाहुनडाँगी, धाइजन, शान्तिनगर, मेचीनगर नगरपालिका |
| २ | अनारमनी, दुवागढी, ज्यामिरगढी, चन्द्रगढी, हल्दिवारी, चारपाने, गरामनी |
| ३ | जलथल, घेरावारी, पथरिया, केचना, पाठामारी, वनियानी, वालुवाडी, पृथ्वीनगर, महेशपुर, भद्रपुर |
| ४ | सुरुङ्गा, घैलाडुब्वा, अर्जुनधारा, खुदुनावारी, शनिश्चरे, बुधवारे |
| ५ | पाँचगाछी, सतासीधाम, शिवगञ्ज, कुमरखोद, शरणामति, टाँगन डुब्बा, चकचकी, डाँगीबारी, गोलधाप |
| ६ | महाभारा, वैगुनधुरा, कोरोवारी, गौरादह, गौरीगञ्ज, जुरोपानी, खजुरगाछी, महारानीझोडा, कोहबारा |
| ७ | लखनपुर, तोपगाछी, दमक, धरमपुर |

स्रोतः न.पा. झापा, २०७३ ।

त्यसैगरी झापा जिल्लामा जम्मा नगरपालिका ८ वटा रहेका छन जसलाई यसप्रकार देखाउन सकिन्छ ।

१. दमक नगरपालिका

२. भद्रपुर नगरपालिका

३. विर्तामोड नगरपालिका

४. मेचीनगर नगरपालिका

५. कन्काई नगरपालिका

६. शनिअर्जुन नगरपालिका

७. गौरादह नगरपालिका

८. शिवसतासि नगरपालिका

### ४.१.४ आर्थिक अवस्था (Economic Situation)

यस जिल्लाभित्र साना तथा ठुला उद्योगहरु सञ्चालनमा रहेका छन । यस अन्तरगत गोरखाली सिमेन्ट फ्याक्ट्री, लुनामल उद्योग, ठुला उद्योगको उदाहरण अर्न्गत पर्दछन । झापा जिल्लाका प्रमुख व्यापारिक बजारहरुमा विर्तामोड, दमक, काकडभिट्टा, भद्रपुर, चन्द्रगढि, गौरादह, धुलावारी अगाडि रहेका छन । जहाँ भद्रपुर र काकडभिट्टाले भारतसंग सिमाना जोडेको कारण यस नाकाबाट दैनिक व्यवसायिक कार्य सञ्चालन बढि मात्रामा हुने गरेको छ । यहाँको प्रमुख व्यवसायको रुपमा कृषि पेशालाई लिने गरिएतापनि यहाँ सरकारी कर्मचारी साथै अन्य कर्मचारीहरुको पनि उत्तिकै चाप देखिन्छ ।

झापा जिल्लाको उत्तर र दक्षिण भुभाग तर्फ घना जंगल भएकाले यहाँ हर्रो, बर्रो, अमला, तितेपानी, कुरिलो, टिमुर, रिठ्ठा, सल्ला जस्ता जडिबुटि पाइने गर्दछन । यस जिल्लामा गहु, धान, मकै, उखुबाट राम्रो आम्दानी कृषिक्षेत्रमा संलग्न व्यक्तिहरुले लिइरहेका छन । झापा जिल्ला भौगोलिक बनावटको हिसाबले सुगम क्षेत्र भित्र पर्दछ । जसले गर्दा यहाँका सम्पुर्ण क्षेत्रमा राजमार्ग कच्चि तथा पक्की पुगेको छ । जसले त्यहाँको जनजिवनलाई सहज बनाइदिएको छ । यसै जिल्लाको सदरमुकाम अर्न्तगत हवाइसेवा पनि विस्तार भएको छ भने यस जिल्लामा सम्पुर्ण भुभागमा पानी तथा बत्तीको व्यवस्था पुगिसकेको पाइन्छ । यस जिल्लाको आर्थिक अवस्थालाई तालिका ४.४ बाट देखाउन सकिन्छ ।

**तालिका ४.४**

**झापा जिल्लाको आर्थिक अवस्था २०७२**

| क्र.सं. | पेशागत विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | कृषि | ३०८०९९ |
| २ | जागिर | २०५१०२ |
| ३ | व्यापार | ११०९९८ |
| ४ | ज्यालामजदुरी | ८७४८६ |
| ५ | अन्य | १००४६५ |

स्रोतः न.पा. झापा २०७३ ।

### ४.१.५ धार्मिक अवस्था (Religion Situation)

झापा जिल्लामा विभिन्न जातजाति, भाषाभाषि, समुदायका मानिसहरु बसोबास गर्छन । ब्राहमण, क्षेत्री, राजवंशी, तामाङ्ग, गुरुङ्ग, नेवार, कामी, दमाई, थारु, चौधरी, सतार, लिम्बु, राई, मगर, मुस्लिम, मेचे, कोचे, जस्ता जातिको बसोबास भएको जिल्ला हो । जहाँ धार्मिक तथा आर्थिक विविधता पाइएतापनि अनेकतामा एकता रहेको छ । यहाँ धार्मिक हिन्दु स्थल, साथै बौद्धिस्ट र मुस्लिम साथै अन्य जातजातिका धार्मिक स्थल रहेका छन । पुर्वको पशुपति भनेर चिनिने अर्जुनधारा, कन्काइमाई र सताक्षी धाम पनि यहि जिल्ला भित्र पर्दछन । यस जिल्लामा मुख्यतया हिन्दु, बौद्ध, इस्लाम धर्म मान्ने जातजातिको बसोबास रहेको पाइन्छ । जसलाई तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.५**

**झापा जिल्लाको धार्मिक अवस्था २०७२**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ६७२१६४ | ८२.७६ |
| बौद्ध | ९९३१३ | १२.२२ |
| इस्लाम | २५२७७ | ०.३१ |
| अन्य | १५३९६ | ०.१८ |
| जम्मा | ८१२१५० | १०० |

स्रोतः जि.वि.स., झापा २०७३ ।

### ४.१.६ हावापानीको अवस्था (Situation Of Climate)

झापा जिल्लाको हावापानीको अवस्था हेर्दा यहाँ मनसुनी हावापानी पाइन्छ अर्थात् अर्धोष्ण र उपोष्ण प्रकृतिको हावापानी रहेको छ । गृष्मकालमा यहाँको हावापानी ३२ डिग्री सेल्सियम देखि ३५ डिग्री सेल्सियम सम्म पुग्दछ भने शितकालमा १५° देखि १०° सेल्सियम सम्म झर्दछ । कुनै वर्ष अधिकतम तापक्रम ४२° सेल्सियम सम्म पुगेको र ८° सेल्सियम सम्म झरेको पाइन्छ । वर्षा ऋतुमा हिन्द महासागरको वंगालको खाडीबाट आउने मनसुनी हावाबाट यहाँ २७१.७५ मिलिमिटर सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँको हावापानी ज्यादै

उष्ण र शुष्क हुने हुँदा स्वास्थ्यको लागि उपयोगी नभएपनि कृषि कार्यका लागि उपयोगी मानिन्छ (जि.वि.स. झापा, २०७३) ।

### ४.१.७ जनसाङ्ख्यिकिय अवस्था (Demographical Situation)

झापा जिल्लाको शहरी क्षेत्रमा बाक्लो वस्ति रहेको छ भने वरिपरि पातलो बस्ती छ । २०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ८,१२,६५० रहेको छ भने महिला ४२७५५४ र पुरुष ३८५०९३ जना रहेका छन । घरधुरी १,८४,५५२ रहेको यस जिल्लामा औसत घरपरिवार संख्या ४.४ प्रतिशत र जनघनत्व ५.६ प्रतिवर्ग कि.मि. रहेको छ (जि.वि.स. झापा, २०७३) ।

## ४.२ भद्रपुर नगरपालिकाको परिचय (Introduction to Bhadrapur Municipality)

भद्रपुर नगरपालिका पुर्वी मेचि अञ्चलको झापा जिल्लामा पर्ने एउटा नगरपालिका हो । यो झापा जिल्लाको सदरमुकाम पनि हो । यो नगरपालिका मेचि नदिको दायाँतिर रहेको छ । यो नेपालको सबैभन्दा पुरानो नगरपालिकाहरु मध्ये एक हो । यो नगरपालिकामा एउटा विमानस्थल भद्रपुर विमानस्थल रहेको छ । जहाँबाट राजधानी काठमाडौंको लागि दैनिक उडानको सुविधा रहेको छ । नेपालको चियाको शहर पनि भनिने यस नगरपालिकाको ऐतिहासिक पृष्ठभुमीलाई हेर्ने हो भने सन १७७३ मा तत्कालिन राजा रणबहादुर शाहको शासनकालमा नेपालको सिमाना पुर्वतर्फ टिस्टा सम्म पुगेकोथियो । पहिलेको झापा बजारलाई सन १८२४ मा अंग्रेजहरुले कब्जामा लिएपछि त्यसलाई वि.स. २००७ सालमा चन्द्रगढी गा.वि.स. मा झापा बजारबाट गोस्वारा सरेको थियो त्यसपछि त्यहि चन्द्रगढीलाई सदरमुकाम कायम गरियो । ८ वटा नगरपालिका मध्ये सबैभन्दा जेठो नगरपालिका यही भद्रपुर हो । वि.स. २००८ सालमा स्थापना भएको यो नगरपालिकामा वि.सं. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको मन्त्रीपरिषद्बाट भएको निर्णयअनुसार भद्रपुर नगरपालिका, महेशपुर र चन्द्रगढि गाविस लाई समावेश गरि भद्रपुर नगरपालिकाको क्षेत्र विस्तार गरि १५ वडामा विभाजन गरियो । यस नगरपालिकाको क्षेत्रफल ७३.०२८३२६ वर्ग कि.मि रहेको छ । त्यसैगरि यसै नगरपालिकाको कुल जनसंख्या ५०२४९ रहेको छ जसमा पुरुष (२४१४४) र महिला (२६१०५) रहेको यस जिल्लाको पुर्वमा ज्यामिरगढि गा.वि.स. र भारत रहेको छ । पश्चिममा हल्दीबारी, जलथल र पृथ्वीनगर गाविस सँग जोडिएको छ । उत्तरमा दुवागढी,

गरामनी गाविस र दक्षिणमा पाठामारी गा.वि.स., पृथ्वीनगर गा.वि.स.सँग सिमाना जोडिन पुगेको छ (भद्रपुर न.पा.झापा, २०७३) ।

### ४.२.१ भौगोलिक स्थिति (Geographical Situation)

भद्रपुर नगरपालिका पुर्वी नेपालको मेचि अञ्चल अन्तर्गत झापा जिल्लाको पुर्वी भागमा अवस्थित नगरपालिका हो । झापा जिल्लाका प्रमुख बजार भद्रपुर र चन्द्रगढि मिलाएर बनेको भद्रपुर नगर पुर्वी नेपालको प्रमुख उद्योग तथा वाणिज्य केन्द्र बन्न पुगेको छ । यस नगरपालिका अन्तर्गत भद्रपुर नाका नेपालको भारतसँग व्यापार गर्ने क्षेत्रको रुपमा विकसीत हुदै गइरहेको छ । जहाँ बन्दै गरेको मेचि पुलले आगामी दिनमा यस क्षेत्रलाई उत्कृष्ट व्यापारिक नाका बनाउन सकिने छ । कुल ७३.०२८३२६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको पुर्वमा मेचिनदि पर्दछ । कुल जनसंख्या ५०२४९ रहेको छ । नगरपालिकामा हिन्दु, किरात, बुद्ध, श्री कृष्ण प्रणामी, मुस्लिम, शैव, वैष्णव, साई यशु तथा मानव धर्म मान्नेको बाहुल्यता पाइन्छ । नेपाल अधिराज्यमा मात्र नभएर विश्वमै लोपोन्मुख किसान जाति योनगरमा मात्र पाइन्छ । धिमाल दनुवार, मेचे, थारु, चौधरी, सुनुवार, राई, लिम्बु, भोटे, तामाङ्ग, शेर्पा, नेवार, मगर, गुरुङ्ग, भुजेल, राजवशीं, जोशि, ब्राहमण, क्षेत्री, माझि, कुमाल, जातिको बसोबास यस नगरमा रहेको छ । पर्यटकिय आकर्षण बौद्धका बौद्ध गुम्बा, पञ्चमुखी हनुमान मन्दिर, दुर्गा मन्दिर, किचकबद्ध, कृष्ण प्रणामी मन्दिर, शिव मन्दिर, राधास्वामी संतसग, मस्जित, चर्च यस नगर क्षेत्रभित्र रहेका छन । यस क्षेत्रमा उर्वर माटो पाइने हुनाले कृषिजन्य उत्पादन बढि मात्रामा हुने गरेको छ । यहाँ अधिकांश महिला र पुरुष नै रोजगारीमा संलग्न रहेका छन (न.पा. झापा, २०७३) ।

### ४.२.२ शैक्षिक अवस्था (Educational Situation)

भद्रपुर नगरपालिका साक्षरताको दृष्टिकोणले अग्रपत्तिमा नै आउँछ । यहाँ चेतनाको प्रर्याप्त संचारले साथै सुविधायुक्त विद्यालयहरुको स्थापना र गुणस्तरिय शिक्षा प्राप्तिले यहाँ शैक्षिक स्थिति राम्रो रहेका भान हुन आउछ । शैक्षिक क्षेत्रमा महिलाको सहायता साथै शिक्षा क्षेत्रको उपलब्धिले यहाँ शैक्षिक स्तर गुणस्तरिय बन्दै गएको छ । यस नगरपालिका भित्र सामुदायिक र संस्थागत विद्यालय संचालन मा रहेका छन साथै संस्थागत विद्यालयको उपलब्धि स्तरपनि राम्रो हुदै गएकाले अधिकांश अभिभावक र विद्यार्थीको झुकाव संस्थागत विद्यालय बनेकाले यस नगरपालिका सामुदायिक विद्यालयको स्थिति कमजोर बन्दै भएको छ । झापा जिल्लाको

साक्षरता दर उच्च भएकै कारणले गर्दा २०७३ सालमा झापा जिल्लालाई पुर्णसाक्षर जिल्ला घोषण गरिएको छ । यस नगरपालिकामा सञ्चालित संस्थागत र सामुदायिक विद्यालयको विवरणलाई तालिकाद्धारा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**भद्रपुर नगरपालिकाको शैक्षिक अवस्था -२०७२**

| क.सं. | विद्यालय | संख्या (सामुदायिक र संस्थागत समेत) |
|---|---|---|
| १ | प्राथमिक विद्यालय | ६ |
| २ | नि.मा.वि. | ५ |
| ३ | मा.वि. | १५ |
| ४ | उच्च मा.वि. | ५ |

स्रोतः जि.शि. का. झापा २०७३ ।

### ४.२.३ आर्थिक अवस्था (Economic Situation)

भद्रपुर नगरपालिकाको प्रमुख आर्थिक स्रोतको रुपमा कृषिलाई नै लिने गरिन्छ । यहाँ सरकारी कर्मचारीहरुको पनि बसोबास उत्तिकै रहेको छ भने व्यापारिक क्षेत्रका हिसाबले पनि अग्रणी स्थानमा नै आउछ । यहाँ मजदुरको रुपमा काम गर्नेको संख्या पनि त्यतिकै पाइन्छ । यहाँ शिक्षित व्यक्तिहरुको बसोबास बढि भएकाले रोजगारीको लागि जाने संख्या पनि अत्याधिक देखिन्छ । जसले गर्दा वित्तिय बैङ्कहरुको स्थापना बढि मात्रामा रहेको छ । आर्थिक कृयाकलापको व्यस्त नगर भनेर नाम दिदापनि यस नगरपालिकामा कुनै २ मत नआउन सक्ने स्थिति रहेको छ ।

### ४.२.४ स्वास्थ्य अवस्था (Health Situation)

स्वास्थ्य सेवाको प्रमुख संस्थाको रुपमा भद्रपुर नगरपालिका भित्र रहेको २ वटा हस्पिटल एक सरकारी र अर्को नीजि हस्पिटल हुन । यहाँको सबैभन्दा पुरानो हस्पिटल मेचि अञ्चल अस्पताल हो । यस नगरपालिका भित्र २ वटा उपस्वास्थ्य चौकी समेत रहेका छन । जसले स्थानिय मानिसलाई उपचार गर्न सहज वातावरण सिर्जना गरेको छ । यहाँको प्रमुख अस्पताल भद्रपुरमा रहेको मेची अञ्चल अस्पताल नै हो यहाँ दैनिक अधिकतम ५०/६० जनासम्म र न्युनतम २५/३० जना विरामीहरु आउने गर्दछन । यस अस्पतालमा मातृशिशु

स्वास्थ्य, प्राथमिक उपचार, हाडजोर्नी सम्बन्धि उपचार साथै सर्जरी देखि लिएर ठुला र कुष्ट रोगहरुको उपचार दैनिक रुपमा हुने गर्दछ । यस नगरपालिकामा धेरै औषधि पसल तथा क्लिनिकहरुको स्थापना भएका छन । जसले गर्दा यस नगरपालिकामा स्वास्थ्य सेवा सहजरुपमा उपलब्ध भएको छ (मेचि अञ्चल हस्पिटल रेकर्ड २०७३) ।

### ४.२.५ यातायात तथा सञ्चार (Transpotation and Communication)

यस नगरपालिका भित्र सदरमुकाम पर्ने भएकाले सडक सुविधा सम्पुर्ण ठाउँमा पुगेको छ । जहाँ महेन्द्रराजमार्गले यस नगरपालिकालाई छोएको छ । यहाँका सबै साना तथा ठुलाबाटाहरु कच्चि तथा पीच रहेका छन । भने राजमार्गका वाटाहरुमा वत्तिको सेवा उपलब्ध गरिएको छ । यस नगरपालिका भित्र धेरै सहायक राजमार्ग पनि रहेका छन । जसले गर्दा यहाँका वासिन्दाको दैनिक जिवन सहजपुर्ण देखिन्छ । यस नगरपालिकाको वडा न ५ भद्रपुरमा नेपाल टेलिकमको टावर रहेको छ । जसले विभिन्न ठाउँमा सहायक टावर राखी सेवाप्रदान गर्नाले यस नगरपालिकाभित्र टेलिफोन सेवापनि सहज रुपमा उपलब्ध भएको छ । साथै मेरो मोवाइलको सेवा पनि उपलब्ध भएकाले यस नगर पालिकाको यातायात तथा सञ्चारको सुविधा उपयुक्त देखिन्छ (न.पा झापा, २०७३) ।

### ४.२.७ हावापानीको अवस्था (Situation of Climate)

विर्तामोड नगरपालिकाको हावापानीको अवस्था हेर्दा यहाँ गृष्मकालमा अत्यधिक गर्मी हुने र शितकालमा सुख्खा र अत्यधिक जाडो हुने गर्दछ । गृष्मकालमा यहाँको तापक्रम बढिमा ४० डिग्री सेल्सियस र शितकालमा तापक्रम कम्तिमा २ डिग्री सेल्सियस सम्म हुने गरेको छ । यहाँ मनसुनको समयमा अत्यधिक मात्रामा वर्षा हुने गर्दछ भने शितकालमा थोरै मात्रामा वर्षा हुने वा वर्षा नै नहुने पनि गर्दछ । स्वास्थ्यका दृष्टिले खासै उपयुक्त हावापानी नभएतापनि कृषिको लागि भने उपयुक्त हुने देखिन्छ (न.पा. झापा, २०७३) ।

## ४.३ अभिभावकको आर्थिक तथा शैक्षिक अवस्था (Economic and Educational Condition of Parents)

यस अध्ययनको शिलाशिलामा सबै कक्षा छाडेका, उत्तीर्ण भएका, कक्षा दोहोऱ्याएका बालबालिकाको घरपरिवारसम्म पुगेर तथ्यांक संकलन गर्न समय र श्रम तथा अर्थको रुपमा बढि खर्च हुने भएकाले नगरपालिका भित्रका एउटा सामुदायिक र एउटा संस्थागत

विद्यालयका कुल विद्यार्थी ७६३ मध्येबाट १४,१४ जना अभिभावकलाई गोलाप्रथाद्धारा सम्पुर्ण बालबालिका मध्येबाट सम्भावनायुक्त नमुना छनौटबाट १५/१५ जना विद्यार्थी छनौट गरि तथ्यांक संकलन कार्य गरिएको छ । नमुनामा समावेश भएका घर परिवारको आर्थिक तथा शैक्षिक अवस्थाको व्याख्या, विद्यार्थी भर्नादर, उत्तीर्ण दर, कक्षा छोड्नेदर र कक्षा दोहोऱ्याउने दर शीर्षकलाई समावेश गरि यस अन्तर्गत अन्य उपशीर्षक राखी उपलब्धि र लागत साथै सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदरको विश्लेषण गरिएको छ :

### ४.३.१ अभिभावकको आय विवरण (Income Condition of Parents)

अभिभावकको आय विवरणलाई  तालिका ४.७ बाट प्रस्तुत गर्न सकिन्छ ।

**अभिभावकको आय विवरण**

**तालिका ४.७**

| वार्षिक आय रु. | अभिभावक संख्या | प्रतिशत |
|---|---|---|
| ५0000-१५0000 | १५ | ५३.५७ |
| १५0000-२५0000 | ७ | २५.0 |
| २५0000-३५0000 | ६ | २१.0 |
| जम्मा | २८ | १00 |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

### ४.३.२ अभिभावकको शैक्षिक स्थिति (Educational Condition of Parents)

शिक्षाले हाम्रो सोचाइलाई परिवर्तन ल्याउछ जसले मानिसलाई सामाजिक कार्यको दिशामा मन, वचन र कर्मले वा अन्तरआत्माबाट नै काम गर्न प्रेरित गर्दछ साथै शिक्षित आमाबाबुले मात्र आफ्ना बालबालिकालाई उचित मार्गदर्शन गर्न सक्दछन । यस शोधपत्रमा बाबुआमाको शैक्षिकस्तरलाई साक्षर र निरक्षर मापदण्डमा नापिएको छ । जो लेख्न पढ्न जान्दैन त्यस्तो लाई निरक्षर समुह र जो पढ्न लेख्न जान्दछ दैनिक जीवनमा आइपर्ने साधारण आर्थिक कृयाकलापको हिसाब गर्न जान्दछ भने कुनै विद्यालय वा विश्वविद्यालय आदिमा अध्यापन गर्ने साथै रोजगारी प्राप्त समुहलाई साक्षर समुहमा राखिएको छ । जसका आधारमा आमाबाबुका शैक्षिक अवस्थालाई तालिका ४.८ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**नमुना छनौटमा परेका बालबालिकाका अभिभावकको शैक्षिक स्थिति २०७१/२०७२**

| क.सं. | अभिभावकको शैक्षिक स्थिति | विद्यार्थी जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | २६ | ८६.६६ |
| २ | निरक्षर | ४ | १३.३३ |
| | जम्मा | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.८ अनुसार तथ्याङ्क संकलन गर्ने क्रममा अन्तर्वाताका लागि कुल विद्यार्थीमध्येबाट लिइएका ३० जना बालबालिकाका घरपरिवारमा रहेका २८ जना बाबुआमा मध्ये ८६.६६ प्रतिशत साक्षर र १३.३३ प्रतिशत निरक्षर रहेको पाइयो ।

## ४.४ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदर (Student's Flowrate of Community and Institutional Secondary School)

अध्ययन क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदर पत्तालगाउनका लागि निम्न शीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ४.४.१ विद्यालयको विद्यार्थी भर्नादर, उत्तीर्णदर, विचैमा कक्षा छोड्नेदर र कक्षा दोहोऱ्याउनेदर (Students Enrolment Rate/ Promotion Rate Dropout Rate and Retention Rate in Schools.

कुनै वर्षमा माध्यमिक विद्यालय जाने उमेरका बालबालिकाको जनसंख्या र उहि वर्षमा माध्यमिक तहमा भर्ना भएका सोहि उमेर समुहका बालबालिकाहरुको संख्याको अनुपात दरलाई खुद भर्नादर भनिन्छ । माध्यमिक तहमा भएकाहरुले जनसंख्या र कक्षा दोहोऱ्याउने बालबालिकाहरुको संख्याको अनुपात हेर्ने दरलाई कक्षा दोहोऱ्याउने दर भनिन्छ । कुनै परिक्षामा समावेश भएका जम्मा विद्यार्थीको संख्या र सो परिक्षामा उत्तिर्ण भएका विद्यार्थीको अनुपात हेर्नेदरलाई उत्तीर्ण दर भनिन्छ । सामान्यतया कुनै कक्षामा भर्ना भएर कुनैपनि कारणले कक्षा पुरा गर्न नसकि शैक्षिक सत्रको विचमा नै वा अन्त्यमा आफु भर्ना भएको कक्षा छाडि जाने विद्यार्थीको संख्यालाई कक्षा छोड्ने दर भनिन्छ ।

### ४.४.२ विद्यार्थी भर्नादर (Students Enrolment Rate)

नमूना र विद्यालयको विगत दुई वर्षको शैक्षिकसत्रको विद्यार्थी भर्ना विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९**

**सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थी भर्नादर २०७१ - ०७२**

| कक्षा | लिङ्ग | विद्यार्थी भर्ना संख्या | | | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत | | |
| ९ | छात्र | ४१ | ५३.९४ | ४२ | ४८.८३ | ८३ | ५१.२३ |
| | छात्रा | ३५ | ४६.० | ४४ | ५१.१६ | ७९ | ४८.७६ |
| | जम्मा | ७६ | १०० | ८६ | १०० | १६२ | १०० |
| १० | छात्र | ४६ | ५२.८७ | ४८ | ५३.३३ | ९४ | ५३.१० |
| | छात्रा | ४१ | ४७.१२ | ४२ | ४६.६६ | ८३ | ४६.८९ |
| | जम्मा | ८७ | १०० | ९० | १०० | १७७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.९ मा नमुना २ विद्यालयको सामुदायिक मा.वि.को २०७१-०७२ को विद्यार्थी भर्नादरलाई देखाइएको छ । तालिका अनुसार कक्षा ९ को विद्यार्थी भर्नादरलाई हेर्दा शै.स. २०७१ मा कुल ७६ भर्ना भएकोमा छात्रको भर्नादर ५३.९४ प्रतिशत र छात्राको भर्नादर ४६ प्रतिशत रहेको छ । त्यसैगरि २०७२ सालमा कुल विद्यार्थी ८६ जना विद्यार्थी कक्षाको मा भर्ना भएका छन जुन अघिल्लो शै.स.को तुलनामा बढि देखिन्छ । जहाँ छात्रको भर्ना ४८.८३ प्रतिशत र छात्राको ५१.१६ प्रतिशत रहेको छ । यस शै.स.मा छात्राको भर्नादरमा वृद्धि भएको छ । समग्रमा विगतका दुईवटा शै.स. २०७१-०७२ को कक्षा ९ को विद्यार्थी भर्नादर छात्रको ५१.२३ प्रतिशत र छात्राको ४८.७६ प्रतिशत रहेको छ । सबैभन्दा बढि छात्र भर्नादर शै.स. २०७१ मा ५३.९४ प्रतिशत छ भने सबैभन्दा कम शै.स. २०७२ मा नै ४८.८३ प्रतिशत रहेको छ । त्यस्तै छात्रा तर्फको भर्नादर सबै भन्दा वढि शै.स. २०७२ मा ५१.१६ प्रतिशत रहेको छ । सबैभन्दा कम २०७१ मा ४६ प्रतिशत रहेको छ ।

कक्षा १० को विद्यार्थी प्रतिशत लाई हेर्दा शै.स. २०७१ म ८७ जना विद्यार्थी भर्ना भएकोमा छात्र भर्नादर ५२.८७ प्रतिशत र छात्रा ४७.१२ प्रतिशत रहेको छ । शै.स. २०७१ मा कुल ९० जना विद्यार्थी भर्ना भएकोमा छात्र ५३.३३ प्रतिशत र छात्रा ४६.६६ प्रतिशत रहेको छ । त्यसैगरि १० को भर्नादर सबैभन्दा वढि शै.स. २०७२ मा रहेका छन । त्यसैगरि छात्रा तर्फ

सबैभन्दा वढि भर्नादर शै.स. २०७१ म रहेको छ भने कम २०७२ मा ४६.६६ प्रतिशत रहेको पाइन्छ ।

**तालिका ४.१०**

**संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी भर्नादर २०७१ - ०७२**

| कक्षा | लिङ्ग | विद्यार्थी भर्ना संख्या | | | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत | | |
| ९ | छात्र | ५५ | ५२.८८ | ५९ | ५६.७३ | ११४ | ५४.८० |
| | छात्रा | ४९ | ४७.११ | ४५ | ४३.२६ | ९४ | ४५.१९ |
| | जम्मा | १०४ | १०० | १०४ | १०० | २०८ | १०० |
| १० | छात्र | ५६ | ५१.८५ | ६० | ५५.०४ | ११६ | ५३.४५ |
| | छात्रा | ५२ | ४८.१४ | ४९ | ४४.९५ | १०१ | ४६.५४ |
| | जम्मा | १०८ | १०० | १०९ | १०० | २१७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.१० मा संस्थागत माध्यमिक तहको विद्यार्थी भर्नादरलाई देखाइएको छ । जहाँ विगत २ वर्षको शै.स.लाई आधारमानि तथ्यांक प्रस्तुत गरिएको छ । शै.स. २०७१ सालमा कक्षा ९ मा कुल विद्यार्थी भर्नादर १०४ रहेको छ भने छात्र ५२.८८ प्रतिशत र छात्रा ४७.११ प्रतिशत रहेको छ । जहाँ छात्राको विद्यार्थी भर्नादर वढि देखिन्छ । त्यसैगरि शै.स. २०७२ मा कुल विद्यार्थी भर्नादर १०४ देखिएको छ यसमा छात्र विद्यार्थी भर्नादर ५६.७३ प्रतिशत र छात्रा विद्यार्थी भर्नादर ४३.२६ प्रतिशत रहेको छ ।

समग्रमा कक्षाको २ वटै शै.स.को विवरणलाई हेर्दा विद्यार्थी भर्नादर छात्राको उच्च रहेको देखिन्छ । यहाँ सबैभन्दा वढि छात्रको भर्नादर २०७२ मा ५६.७३ प्रतिशत रहेको छ भने छात्राको भर्नादर २०७१ मा ४७.११ प्रतिशत रहेको पाइन्छ । कुल विद्यार्थी २०८ मध्ये छात्राको भर्नादर २ वर्षको शैक्षिक सत्रमा ५४.८० प्रतिशत र छात्राको ४५.१९ प्रतिशत रहेको छ ।

कक्षा १० को तथ्यांक लाई हेर्दा शै.स. २०७१ म कुल विद्यार्थी भर्नादर १०८ रहेकोमा छात्र ५१.८५ र छात्रा ४८.१४ प्रतिशत रहेको छ । यहाँ छात्रको भर्नादर उच्च देखिन्छ । त्यसैगरि

शै.स. २०७२ मा कुल विद्यार्थी भर्नादर १०९ मध्ये छात्र ५५.०४ प्रतिशत र छात्रा ४४.९५ प्रतिशत रहेको छ । यस शै.स.मा पनि छात्रको भर्नादर उच्च रहेको पाइन्छ । समग्रमा भन्दा २१७ कुल विद्यार्थी संख्यामा २ वर्षको शै.स.को आधारमा ५३.४५ प्रतिशत छात्र र ४६.५४ प्रतिशत छात्रा रहेका छन । यसबाट छात्रको भर्नादर उच्च रहेको प्रष्ट हुन आउँछ ।

### ४.४.३ विद्यार्थीको उत्तीर्णदर (Students Promotion Rate)

नमुना छनोट गरेका २ विद्यालयको शैक्षिक सत्र २०७१ - ०७२ को विद्यार्थीको उत्तीर्णदर लाई तालिकाबाट प्रस्तुत गरिएको छ । जसलाई सुत्रबाट प्रस्तुत गरिएको छ  जुन अनुसूची ७ मा राखिएको छ ।

**तालिका ४.११**

**सामुदायिक विद्यालयका विद्यार्थीको उत्तीर्णदर २०७१-०७२**

| कक्षा | लिङ्ग | उत्तिर्ण विद्यार्थी संख्या | | | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत | | |
| ९ | छात्र | ३५ | ५३.८४ | ४१ | ५०.६१ | ७६ | ५२.०५ |
| | छात्रा | ३० | ४६.१५ | ४० | ४९.३८ | ७० | ४७.९४ |
| | जम्मा | ६५ | १०० | ८१ | १०० | १४६ | १०० |
| १० | छात्र | ३६ | ५०.७० | ३७ | ५२.११ | ७३ | ५१.४० |
| | छात्रा | ३५ | ४९.२९ | ३४ | ४७.८८ | ६९ | ४८.५९ |
| | जम्मा | ७१ | १०० | ७१ | १०० | १४२ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.११ मा नमुना विद्यालयका विद्यार्थीको सामुदायिक मा.वि.तहको शै.स. २०७१-०७२ मा कुल विद्यार्थी उत्तीर्णदर देखाइएको छ । तालिका अनुसार कक्षा ९ को उत्तीर्णदरलाई हेर्दा शै.स. २०७१ मा कुल विद्यार्थी ६५ जना विद्यार्थी भर्ना भएकोमा छात्रको उत्तीर्णदर ५३.८४ प्रतिशत र छात्राको ४६.१५ प्रतिशत रहेको छ । त्यसैगरि शै.स. २०७२ मा कुल विद्यार्थी ८१ जना उत्तिर्ण भएकोमा छात्रको उत्तिर्णदर ५०.६१ प्रतिशत र छात्राको ४९.३८ प्रतिशत रहन गएको छ । तालिकालाई हेर्दा छात्रातर्फको उत्तिर्ण दर सबैभन्दा बढि शै.स. २०७१ म ५३.८४ प्रतिशत रहेको छ । छात्राको उत्तिर्णदर शै.स. २०७२ मा ४९.३८ प्रतिशत

रहेको छ । समग्रमा २०७१-०७२ मा कक्षा ९ मा छात्रको उत्तिर्णदर ५२.०५ प्रतिशत र छात्राको ४७.९४ प्रतिशत रहेको छ ।

कक्षाको उत्तिर्णदरलाई हेर्दा शै.स. २०७१ मा कुल ७१ जना विद्यार्थी उत्तिर्ण भएकोमा छात्र ५०.७० प्रतिशत र छात्रा ४९.२९ प्रतिशत रहेको छ । त्यस्तै शै.स. २०७२ मा कुल विद्यार्थी ७१ जना उत्तिर्ण भएकोमा छात्र ५२.११ र छात्रा ४७.८८ प्रतिशत रहेको छ । समग्रमा कक्षा १० को शै.स. २०७१ - ०७२ लाई हेर्दा कुल विद्यार्थी १४२ जना विद्यार्थी उत्तिर्ण भएकोमा ५१.४० प्रतिशत छात्र र छात्रा ४८.५९ प्रतिशत उत्तिर्ण भएको पाइन्छ । जहाँ छात्राको तुलनामा छात्रको उत्तीर्ण प्रतिशतदर वढि रहेको पाइन्छ ।

**तालिका ४.१२**

**संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी उत्तीर्णदर २०७१ - ०७२**

| कक्षा | लिङ्ग | उत्तिर्ण विद्यार्थी संख्या | | | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत | | |
| ९ | छात्र | ५४ | ५३.४६ | ५५ | ५५.५५ | १०९ | ५४.५ |
| | छात्रा | ४७ | ४६.५३ | ४४ | ४४.४४ | ९१ | ४५.५ |
| | जम्मा | १०१ | १०० | ९९ | १०० | २०० | १०० |
| १० | छात्र | ५५ | ५२.३८ | ६० | ५५.५५ | ११५ | ५३.९९ |
| | छात्रा | ५० | ४७.६१ | ४८ | ४४.४४ | ९८ | ४६.०० |
| | जम्मा | १०५ | १०० | १०८ | १०० | २१३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

तालिका ४.१२ मा संस्थागत मा.वि.तहको विद्यार्थी उत्तीर्णदर २०७१-०७२ लाई प्रस्तुत गरिएको हुदाँ शै.स. २०७१ मा कक्षा ९ को विद्यार्थी उत्तीर्ण दरलाई हेर्दा जम्मा विद्यार्थी १०१ उत्तीर्ण भएकोमा छात्र ५३.४६ प्रतिशत र छात्रा ४६.५३ प्रतिशत रहेको छ । त्यस्तै शै.स. २०७२ मा कक्षा ९ मा जम्मा ९९ जना विद्यार्थी पास भएका छन जुन अघिल्लो वर्षको तुलनामा कम रहेको छ । जसमा ५५.५५ प्रतिशत छात्र र ४४.४४ प्रतिशत छात्रा उत्तीर्ण भएका छन । समग्रमा यी र शै.स. को तथ्यांकको विश्लेषण गर्दा २०७१ मा छात्राको उत्तीर्णदर वढि रहेको छ भने २०७२ मा छात्रको उत्तीर्णदर बढी रहेको छ । कुल विद्यार्थी

२०० जना विद्यार्थी उत्तीर्ण भएकामा ५४.५ प्रतिशत छात्र र ४५.५ प्रतिशत छात्रा उत्तीर्ण भएका छन ।

कक्षा १० को शै.स. २०७१ - ०७२ को तथ्यांक लाई हेर्दा शै.स. २०७१ मा कुल विद्यार्थी १०५ जना मध्ये ५२.३८ प्रतिशत छात्र र ४७.६१ प्रतिशत छात्रा उत्तीर्ण भएका छन । त्यस्तै शै.स. २०७२ मा कुल विद्यार्थी १०८ जना उत्तीर्ण भएकामा छात्र ५५.५५ प्रतिशत र छात्रा ४४.४४ प्रतिशत उत्तीर्ण भएका छन । समग्रमा यि २ शै.स. लाई हेर्दा कुल विद्यार्थी २१३ जना उत्तीर्ण भएकामा छात्र ५३.९९ प्रतिशत र छात्रा ४६ प्रतिशत उत्तीर्ण भएका छन् । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको उपलब्धि राम्रो पाइएको छ । संस्थागत विद्यालय उत्तिर्णदर सामुदायिक विद्यालयको भन्दा उच्च देखिन्छ ।

### ४.४.४ विद्यार्थीको कक्षा दोहोऱ्याउने दर (Student's Dropout Rate)

नमूना विद्यालयको विद्यार्थीले बिचैमा कक्षा दोहोऱ्याउनेदर तालिकाबाट प्रष्ट पारिएको छ जसलाई निम्न सुत्र प्रयोग गरि निकालिएको छ । जुन अनुसूची ७ मा राखिएको छ ।

**तालिका ४.१३**
**सामुदायिक विद्यालयका विद्यार्थीको कक्षा दोहोऱ्याउने दर २०७१ - ०७२**

| कक्षा | लिङ्ग | कक्षा दोहोऱ्याउने विद्याथी संख्या | | | |
|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत |
| ९ | छात्र | ३ | १०० | | |
| | छात्रा | | | २ | १०० |
| | जम्मा | ३ | १०० | २ | १०० |
| | कुल वि.सं. | ७६ | | ८६ | |
| १० | छात्र | ४ | ६६.६६ | | |
| | छात्रा | २ | ३३.३३ | | |
| | जम्मा | ६ | १०० | | |
| | कुल वि.सं. | ८७ | | ९० | |

स्रोतः स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.१३ मा नमुना सामुदायिक विद्यालयको शै.स. २०७१ - ०७२ को मा.वि. तहको कक्षा दोहोऱ्याउने दर प्रस्तुत गरिएको छ । तालिका अनुसार कक्षा ९ मा कुल विद्यार्थी संख्या

७६ जनामा कक्षा दोहोऱ्याउने दरलाई हेर्दा शै.स. २०७१ मा कुल ३ जना विद्यार्थीले कक्षा दोहोऱ्याएकोमा छात्र १०० प्रतिशत रहेको जहाँ छात्रा विद्यार्थीले कक्षा दोहोऱ्याएका छैनन ।

त्यस्तै शै.स २०७२ मा जम्मा विद्यार्थी संख्या ८६ रहेकामा जसमध्ये २ जनाले कक्षा दोहोऱ्याएका छन । कक्षा दोहोऱ्याउनेमा १०० प्रतिशत छात्रा रहेका छन । त्यस्तै कक्षा १० मा कक्षा दोहोऱ्याउने दरलाई हेर्दा शै.स. २०७१ मा कुल विद्यार्थी ८७ जनामा ६ जनाले कक्षा दोहोऱ्याएका छन । जहाँ छात्र ६६.६६ प्रतिशत र छात्रा ३३.३३ प्रतिशत रहेको देखिन्छ । त्यस्तै शै.स. २०७२ मा कुल विद्यार्थी संख्या ९० जनामा कुनैपनि विद्यार्थी कक्षा दोहोऱ्याएका छैनन । कक्षा ९ मा भन्दा कक्षा १० मा कक्षा दोहोऱ्याउनेको संख्या बढि देखिन्छ । साथै समग्रमा कक्षा ९ र १० लाई हेर्दा छात्राभन्दा छात्रले कक्षा बढि दोहोऱ्याएको पाइन्छ । जहाँ छात्रको कक्षा दोहोऱ्याउनेको प्रतिशत पनि कक्षा ९ र १० मा बढि रहेको छ । २०७१ को शै.स. मा कक्षा दोहोऱ्याउनेदर १० कक्षामा रहेतापनि १० मा शै.स. २०७२ मा सम्पुर्ण विद्यालयमा एस.एल.सी. मा ग्रेडिङ प्रणाली लागु भएकाले कक्षा दोहोऱ्याउनेको संख्या शुन्य भएको छ ।

**तालिका ४.१४**

**संस्थागत विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या २०७१ - ०७२**

| कक्षा | लिङ्ग | कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या | | | |
|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत |
| ९ | छात्र | १ | ५०.० | २ | १०० |
| | छात्रा | १ | ५०.० | - | - |
| | जम्मा | २ | १०० | २ | १०० |
| | कुल वि.सं. | १०४ | - | १०४ | - |
| १० | छात्र | | - | - | - |
| | छात्रा | १ | १०० | - | - |
| | जम्मा | १ | १०० | - | - |
| | कुल वि.सं. | १०८ | - | १०९ | - |

स्रोतः स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.१४ मा कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या २०७१-०७२ लाई प्रस्तुत गरिएको छ। कक्षा ९ मा शै.स. २०७१ मा जम्मा विद्यार्थी १०४ जना भएकामा छात्र १ ले छात्रा १ वा छात्र ५० प्रतिशत र छात्रा ५० प्रतिशत ले कक्षा दोहोऱ्याएका थिए। त्यस्तै शै.स. २०७२ मा कक्षा ९ मा जम्मा विद्यार्थी १०४ मा २ जनाले कक्षा दोहोऱ्याएका थिए जसमा कक्षा दोहोऱ्याउनेमा छात्र १०० प्रतिशत थिए। छात्राले भने कक्षा दोहोऱ्याएका थिएनन्। त्यस्तै शै.स. २०७१ मा कक्षा १० मा कुल विद्यार्थी संख्या १०८ भएकामा छात्रा १ जनाले कक्षा दोहोऱ्याएको थियो भने जुन १०० प्रतिशत हुन आउछ। यस शै.स. मा कक्षा दोहोऱ्याउने संख्या छात्रको रहेको थिएन। शै.स. २०७२ मा कक्षा १० मा कुल विद्यार्थी १०९ मा कुनैपनि विद्यार्थीले कक्षा दोहोऱ्याएका थिएनन। कारण सम्पुर्ण विद्यालयमा एस.एल.सी. ग्रेडिङ प्रणाली लागु गरेको भएर सम्पुर्ण विद्यार्थी उत्तिर्ण भएको पाइन्छ।

### ४.४.५ विद्यार्थीको कक्षा छोड्नेदर (Student's Retentation Rate )

सामान्यतया कुनै कक्षामा भर्ना भएर कुनै पनि कारणले कक्षा पुरा गर्न नसकी शैक्षिक सत्रको विचमा नै वा अन्तसम्ममा कक्षा छाडिजाने विद्यार्थीलाई कक्षा छाड्ने विद्यार्थी भनिन्छ। र यसरी कक्षा छाडि जाने दरालाई विद्यालय छाड्नेदर भनिन्छ। विद्यालय छाड्ने दरलाई निम्न सुत्र प्रयोग गरि प्रस्तुत गरिएको छ। जुन अनुसूची ७ मा राखिएको छ।

नमुना २ विद्यालयको विगत २ वर्षको शैक्षिक सत्रको विद्यार्थीको कक्षा छोड्ने दरलाई तालिका ४.१५ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१५**

**सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीको विचैमा कक्षा छोड्नेदर २०७१ - ०७२**

| कक्षा | लिङ्ग | विचैमा कक्षा छोड्ने विद्यार्थी संख्या | | | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत | | |
| ९ | छात्र | ३ | ३७.५ | १ | ३३.३३ | ४ | ३६.३६ |
| | छात्रा | ५ | ६२.५ | २ | ६६.६६ | ७ | ६३.६३ |
| | जम्मा | ८ | १०० | ३ | १०० | ११ | १०० |
| | कुल वि.संख्या | ७६ | | ८६ | | | |
| १० | छात्र | ६ | ६० | ११ | ५७.८९ | १७ | ५८.६० |
| | छात्रा | ४ | ४० | ८ | ४२.१० | १२ | ४१.३७ |
| | जम्मा | १० | १०० | १९ | १०० | २९ | १०० |
| | कुल वि.संख्या | ८७ | | ९० | | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

नमुना विद्यालयको सामुदायिक विद्यालयको विचैमा कक्षा छोड्ने दर २०७१ - ०७२ लाई तालिका ४.१५ मा देखाईएको छ । मा.वि. तहमा विचैमा शै.स. २०७१ मा कक्षा छाड्ने कुल विद्यार्थी ७६ मध्येमा ८ जनाले कक्षा ९ मा नै कक्षा छाडेका छन । जहाँ छात्र ३ जना र छात्रा ५ जनाले कक्षा छाडेका छन । भने त्यसैगरि शैक्षिक सत्र २०७२ मा कुल विद्यार्थी संख्या ८६ जनाबाट ३ जनाले छात्र, छात्रा २ ले कक्षा विचैमा छाडेको छन । जुन अघिल्लो शै.स. को तुलनामा कम रहेको छ साथै शै.स. २०७१ मा कक्षा छोड्नेदर र छात्रा तर्फ बढि रहेको छ ।

कक्षा १० को शैक्षिक सत्र २०७१ म जम्मा विद्यार्थी ८७ मध्येबाट जम्मा १० जनाले कक्षा छाडेका छन जसमा छात्र ६० प्रतिशत र छात्रा ४० प्रतिशत रहेको छ। त्यस्तै शै.स. २०७२ मा जम्मा विद्यार्थी ९० जनामा छात्र ११ र छात्रा ८ ले कक्षा विचैमा छाडेका छन जहाँ छात्र ५७.८९ प्रतिशत र छात्रा ४२.१० प्रतिशतले कक्षा विचैमा छाडेका छन् ।

समग्रमा २ शै.स. लाई हेर्दा कक्षा ९ मा जम्मा २ वर्षमा ११ जनाले कक्षा छाडेका छन जहाँ छात्र ३६.३६ प्रतिशत र छात्रा ६३.६३ प्रतिशत रहेको छ। यहाँ छात्र भन्दा छात्राले कक्षा छाड्ने दर उच्च रहेको छ। कक्षा १० को २ वर्षको समग्र शै.स.लाई हेर्दा कक्षा १० मा जम्मा विद्यार्थी मध्येबाट २९ जनाले कक्षा छाडेका छन । जहाँ छात्र ५८.६० प्रतिशत र छात्रा ४१.३७ प्रतिशत रहेको छ। यस शै.स.मा कक्षामा कक्षा छाड्ने विद्यार्थी संख्या उच्च रहेको छ। र शै.स. २०७१ भन्दा २०७२ मा कक्षा छाड्नेदर उच्च छ जहाँ छात्रा भन्दा छात्र को कक्षा छाड्ने दर उच्च रहेको छ। जसलाई तालिका ४.१६ द्वारा देखाइएको छ।

**तालिका ४.१६**

**संस्थागत माध्यमिक विद्यालयको विद्यार्थीको विचैमा कक्षा छोड्नेदर २०७१ - ०७२**

| कक्षा | लिङ्ग | विचैमा कक्षा छोड्ने विद्यार्थी संख्या | | | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | शै.स. २०७१ | प्रतिशत | शै.स. २०७२ | प्रतिशत | | |
| ९ | छात्र | | | २ | ६६.६६ | २ | ५० |
| | छात्रा | १ | १०० | १ | ३३.३३ | २ | ५० |
| | जम्मा | १ | १०० | ३ | १०० | ४ | १०० |
| | कुल वि.संख्या | १०४ | | १०४ | | | |
| १० | छात्र | | | | | | |
| | छात्रा | १ | १०० | १ | १०० | २ | १०० |
| | जम्मा | १ | १०० | १ | १०० | २ | १०० |
| | कुल वि.संख्या | १०८ | | १०९ | | | |

स्रोतः स्थलगत सर्वेक्षण २०७३।

तालिका ४.१६ मा प्रस्तुत गरिएको तथ्यांक शै.स. २०७१ - ०७२ को विचैमा कक्षा छोड्ने विद्यार्थीको संख्या प्रस्तुत गरिएको छ। तालिका अनुसार कक्षा ९ को कुल विद्यार्थी संख्या १०४ जनामा विचैमा विद्यालय छाड्नेदरलाई शै.स. २०७१ मा कुल १ जना विद्यार्थीले कक्षा छाडेकोमा छात्रा को कक्षा छाड्नेदर १०० प्रतिशत रहेको छ। त्यसैगरि शै.स. २०७२ मा कुल जम्मा विद्यार्थी १०४ भएकोमा विचमा कक्षा छाड्ने जम्मा संख्या ३ रहेको छ जसमा

केटा २ जना र केटि १ जनाले कक्षा छाडेका छन । छात्र तर्फ ६६.६६ प्रतिशत र छात्रा ३३.३३ प्रतिशतले कक्षा विचैमा छाडेका छन ।

शै.स. २०७१ मा कक्षा १० मा कुलजम्मा विद्यार्थी १०८ मा विचैमा कक्षा छाड्ने विद्यार्थी संख्या १ रहेको जहाँ छात्रले कक्षा छाडेका छैनन । २०७२ को शै.स.मा कुल विद्यार्थी १०९ रहेकोमा विचैमा कक्षा छाड्नेको संख्या १ रहेको छ । जहाँ छात्राले कक्षा छाडेको देखिन्छ भने शै.स. २०७२ मा पनि छात्रले कक्षा छाडेका छैनन । समग्रमा यी २ वर्षको शै.स.लाई हेर्दा जम्मा विद्यार्थी मध्येबाट कक्षा ९ मा ४ जनाले कक्षा छाडेका छन भने छात्रतर्फ ५० प्रतिशत र छात्रातर्फ ५० प्रतिशत रहेको छ । जहाँ छात्र २ छात्राको कक्षा छाड्नेदर बराबर रहेको पाइन्छ । त्यसैगरि कक्षा १० को शै.स.लाई हेर्दा २ वर्षमा कुल विद्यार्थी मध्येबाट २ जनाले कक्षा छाडेको पाइन्छ । जहाँ छात्रको कक्षा छाड्नेदर शुन्य छ भने छात्राको २ को १०० प्रतिशत हुन आएको छ । यसरी हेर्दा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको विद्यार्थीको विचैमा कक्षा छोड्नेदर कम रहेको पाइन्छ ।

### ४.४.६ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको औसत विद्यार्थी प्रवाहदर (Student's Flowrate in Secondary Level of Community and Institutional Schools)

कुनै शैक्षिक सत्रको सुरुमा विद्यालय भर्ना भएका कुल विद्यार्थीहरु मध्ये त्यस वर्षको अन्तिम परिक्षामा कति उत्तिर्ण भए कतिले विद्यालय छाडे कति अनुतिर्ण भएर पुन कक्षा दोहोऱ्याए भनि निकाल्ने दरलाई विद्यार्थी प्रवाहदर भनिन्छ । शैक्षिक सत्र २०७१-०७२ को सुरुमा सामुदायिक र संस्थागत माध्यमिक तहमा भर्ना भएका बालबालिकाहरुको प्रवाहदरलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**सामुदायिक माध्यमिक विद्यालयको औसत विद्यार्थी प्रवाहदर २०७१ - ०७२**

| कक्षा | भर्ना संख्या | उत्तिर्ण संख्या | प्रतिशत | कक्षा छोड्ने संख्या | प्रतिशत | कक्षा दोहोऱ्याउने संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ९ | १६२ | १४६ | ९०.१२ | ११ | ६.७९ | ५ | ३.०८ |
| १० | १७७ | १४२ | ८०.२२ | २९ | १६.३८ | ६ | ६.८९ |

स्रोत: स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.१७ मा शैक्षिक सत्र २०७१ - ०७२ मा कक्षा ९ मा भर्ना भएका जम्मा १६२ विद्यार्थीमध्ये १४६ जना अर्थात ९०.१२ प्रतिशत उत्तीर्ण भएका छन नेपालको सन २०११ को तथ्यांकलाई हेर्दा माध्यमिक तहको उत्तिर्ण दर ८.६२ प्रतिशत रहेको छ। माथिको तालिकालाई दृष्टिगत गर्दा बालबालिकाको उत्तीर्णदर ९०.१२ प्रतिशत रहेको छ । त्यस्तै कक्षा १० को कुल विद्यार्थी १७७ मा १४२ विद्यार्थी उत्तिर्ण भएका छन । २०११ को तथ्यांक हेर्दा कक्षा १० मा ८७.३ प्रतिशत उत्तिर्णदर रहेको छ । तर यस तथ्यांकलाई हेर्दा २०११ बाट अहिलेको तथ्यांक हेर्ने हो भने कक्षा १० मा शिक्षाको गुणस्तरियता घटेको पाइन्छ । जुन तालिकाको उत्तिर्ण प्रतिशत ८०.२२ प्रतिशत ले प्रष्ट पारेको छ । नेपालको सन २०११ को तथ्यांक हेर्दा कक्षा ९ मा कक्षा छाड्नेदर ११.१ प्रतिशत र कक्षा १० मा ६.४ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रको विद्यार्थीको कक्षा दोहोर्‍याउनेदर हेर्दा सामुदायिक मा.वि. तहमा कक्षा ९ मा ३.०८ र कक्षा १० मा ६.८९ प्रतिशत रहेको छ । जहाँ कक्षा १० को कक्षा दोहोर्‍याउनेदर कक्षा ९ को भन्दा उच्च देखिएको छ  तर २०११ को तथ्यांक हेर्दा सन २०११ को तथ्यांक अनुसार कक्षा ९ मा कक्षादोर्‍याउनेदर ४.५ प्रतिशत र कक्षा १० मा ९.८ प्रतिशत रहेको पाइन्छ तर अहिले आएर शिक्षाको चेतना अभिवृद्धि साथै प्रभावकारी दक्ष शिक्षकको प्रर्याप्तता पुग्दै गएको कारण यस्तोदर नेपालका सामुदायिक विद्यालयमा क्रमश पनि घट्दै गइरहेका छन ।

**तालिका ४.१८**

**संस्थागत विद्यालयको औसत विद्यार्थी प्रवाहदर २०७१ - ०७२**

| कक्षा | भर्ना संख्या | उत्तीर्ण संख्या | प्रतिशत | कक्षा छोड्ने संख्या | प्रतिशत | कक्षा दोहोर्‍याउने संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ९ | २०८ | २०० | ९६.१५ | ४ | १.९२ | ४ | १.९२ |
| १० | २१७ | २१३ | ९८.१५ | २ | ०.९२ | १ | ०.४६ |

स्रोतः स्थलगत सर्वेक्षण २०७३ ।

तालिका ४.१८ मा शैक्षिक सत्र २०७१ - ०७२ मा संस्थागत विद्यालयको औषत विद्यार्थी प्रवाहदर प्रस्तुत गरिएको छ । जहाँ कक्षा ९ मा शै.स. २०७१-०७२ मा २०८ विद्यार्थी संख्या भर्ना भएतापनि २०० जना उत्तीर्ण भएको पाइन्छ । जहाँ ९६.१५ प्रतिशत उत्तीर्णदर रहेको छ । कक्षा १० मा जम्मा विद्यार्थी २१७ जनामा २१३ अर्थात् ९८.१५ प्रतिशत उत्तीर्ण भएका

छन । जुन अहिलेको शिक्षापद्दतिलाई हेर्दा राम्रो उपलब्धि मान्न सकिन्छ । त्यस्तै गरि कक्षा दोहोऱ्याउनेको संख्या कक्षा ९ मा १.९२ प्रतिशत र कक्षा १० मा ०.४६ प्रतिशत हुन आउँछ । जुन अगाडिको तालिकामा प्रस्तुत गरिएको सामुदायिक विद्यालयको प्रतिशत भन्दा अत्यन्तै न्युन रहेको छ । साथै कक्षा छाड्नेदर पनि संस्थागत विद्यालयमा कम देखिन्छ । जहाँ कक्षा ९ मा १.९२ प्रतिशत र कक्षा १० मा ०.९२ प्रतिशत देखिन्छ, जसलाई सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षाको उपलब्धि स्तर उच्च देखिएको उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ ।

## ४.५ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागत (Per Unit Student Cost in Community and Institutional Secondary School)

सामुदायिक तथा संस्थागत माध्यमिक तहमा कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरुले कक्षा अध्ययन गर्दा लाग्ने कुल लागतको आधारमा प्रति एकाई विद्यार्थी लागत निकालिएको छ । प्रतिएकाई विद्यार्थी लागतको गणना गर्दा विद्यार्थीले माध्यमिक तहमा तिर्ने विद्यालय शुल्क जस्तै भर्ना शुल्क, खेलकुद शुल्क, रजिष्ट्रेशन शुल्क, पुस्तकालय शुल्क तथा अन्य शुल्क आदिलाई समावेस गरिएको छ । त्यस्तैगरी ड्रेस, कापी, कलम, खाजा, पुस्तक, शिक्षण सामग्री आदिलाई प्रतिविद्यार्थी लागतमा समावेश गरीएको छैन ।

### ४.५.१ सामुदायिक तथा संस्थागत माध्यमिक तहको प्रति एकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost in Community and Institutional School)

यस अध्ययनमा कक्षा ९ र १० अध्ययन गरि एस.एल.सी. उत्तीर्णलाई माध्यमिक तह उत्तीर्णका रुपमा राखिएको छ । कक्षा ९ र १० मा सामुदायिक विद्यालयमा अनुदान ९५ प्रतिशतभन्दा बढी प्राप्त हुने भएकाले त्यहाँ प्रतिएकाई अभिभावक लागत कम पर्न जान्छ । त्यस्तै संस्थागत विद्यालयमा सम्पुर्ण खर्च अभिभावकले व्यहोर्नु पर्ने हुदा यहाँ प्रतिएकाइ विद्यार्थी लागत पनि बढि रहेको हुन्छ । अध्ययन क्षेत्रमा परेका विद्यालयले शै.स. २०७१ - ०७२ मा विद्यालयहरुले लिएको शुल्कलाई २ वटै विद्यालयको कक्षा ९ र १० को छुट्टाछुट्टै जोडी २ ले भाग गरि शैक्षिक वर्ष २०७१ - ०७२ सालसम्मको औसत शुल्कदर निकालिएको छ । जसलाई तालिका ४.१९ द्वारा प्रष्ट पारिएको छ ।

**तालिका ४.१९**

**सामुदायिक तथा संस्थागत मा.वि. तहको प्रति एकाई विद्यार्थी औसत लागत**

**शै.स २०७१ - ०७२**


| विद्यालय | वर्ष | प्रति विद्यार्थी कुल लागत रु. | | |
|---|---|---|---|---|
| | | कक्षा ९ | कक्षा १० | जम्मा |
| सामुदायिक माध्यमिक विद्यालय | २०७१ | २००० | २२०० | ४२०० |
| | २०७२ | २१५० | २५०० | ४६५० |
| कुल लागत रु. | | ४१५० | ४७०० | ८८५० |
| प्रति एकाई विद्यार्थी औषत लागत रु. | | २०७५ | २३५० | ४४२५ |
| संस्थागत माध्यमिक विद्यालय | २०७१ | १८००० | १९८०० | ३७८०० |
| | २०७२ | १८८०० | २११५० | ३९९५० |
| कुल लागत रु. | | ३६८०० | ४०९५० | ७७७५० |
| प्रति एकाई विद्यार्थी औषत लागत रु. | | १८४०० | २०४७५ | ३८८७५ |

स्रोत: स्थलगत सर्वेक्षण २०७३ ।

**स्तम्भचित्र १**

**सामुदायिक तथा संस्थागत मा.वि. तहको प्रति एकाई विद्यार्थी औसत लागत**

**शै.स २०७१ - ०७२**




स्रोत : तालिका ४.१९

यस शीर्षक अर्न्तगत नमुना छनौटमा परेका माध्यमिक विद्यालयको विद्यार्थीको प्रतिविद्यार्थी लागतलाई तालिकामार्फत प्रस्तुत गरिएको छ । तालिकामा सामुदायिक विद्यालयका माध्यमिक तहका विद्यार्थीले प्रतिएकाई विद्यार्थी लागतलाई औसत वार्षिक लागतमार्फत प्रष्ट पारिएको छ । यहाँ सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ९ शै.स. २०७१ मा रु.२००० र ०७२ मा रु. २१५० प्रतिविद्यार्थी वार्षिक लागत लागेको छ भने यी २ शै.स.मा माध्यमिक तहका विद्यार्थीको औसत वार्षिक लागत रु. २०७५ हुन आएको छ । त्यसैगरि कक्षा १० मा शै.स. २०७१ मा रु.२२०० र शैक्षिक सत्र ०७२ मा रु.२५०० प्रतिविद्यार्थी वार्षिक लागत लागेको छ भने २ शै.स. मा औषत वार्षिक लागत सामुदायिक विद्यालयको कक्षा १० मा रु. २३५० लागेको देखिन्छ ।

संस्थागत विद्यालय तर्फ हेर्दा शै.स. २०७१ मा प्रतिविद्यार्थी वार्षिक लागत कक्षा ९ मा रु.१८००० र शै.स. २०७२ मा रु.१८८०० रहेको छ । यहाँ २ शै. स. मा प्रति विद्यार्थी औसत वार्षिक लागत रु.१८४०० रहेको देखिन्छ । संस्थागत विद्यालयको कक्षा १० मा भने शै.स. २०७१ मा प्रतिविद्यार्थी वार्षिक लागत रु.९८०० र शै.स. २०७२ मा प्रतिविद्यार्थी वार्षिक लागत रु.२११५० रहेको छ । यी २ शै.स.मा प्रतिविद्यार्थी वार्षिक औसत लागत रु.२०४७५ हुन गएको छ ।

माथिको तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा गरिएको लगानी उच्च रहेको छ  भन्न सकिन्छ ।

## ४.६ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Analysis of Cost and Educational Achievement between Community and Institutional Secondary School)

सामुदायिक र संस्थागत विद्यालयलाई अध्ययनको क्षेत्रभित्र राखी विद्यालयमा लागेको प्रतिएकाई विद्यार्थी लागत र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभावकोतुलनात्मक विश्लेषण गरिएको छ । यस शीर्षकमा लागत र उपलब्धिबीच कस्तो सम्बन्ध हुन्छ भन्ने कुरालाई तथ्याङ्कबाट प्रस्तुत गरिएको छ । यसमा अध्ययन क्षेत्रका सम्पुर्ण विद्यार्थीहरुले माध्यमिक तहपुरा गर्दा लागेको सम्पुर्ण विद्यालयमा गरिएको लागत र उपलब्धिलाई निम्न शीर्षकहरुमा विभाजन गरी तुलनात्मक विश्लेषण गरीएको छ ।

### ४.६.१ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागतको विश्लेषण (Analysis Per Student Cost of Community and Institutional Secondary School)

यस शीर्षकमा सामुदायिक तथा संस्थागत मा.वि. को प्रति एकाई विद्यार्थी लागतको तुलना गरिएको छ । सामुदायिक तथा संस्थागत मा.वि. मा विद्यार्थीहरुले शै.स २०७१ - ०७२ मा कक्षा ९ र १० पुरा गर्न लागेको कुल खर्चलाई तालिका ४.२० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागतको विश्लेषण, शै.स २०७१ - २०७२**

| शै.स. | सामुदायिक विद्यालय | खर्च वार्षिक रु. | औसत लागत रु. |
|---|---|---|---|
| २०७१ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा ९) | २००० | २०७५ |
| २०७२ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा ९) | २१५० | |
| २०७१ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा १०) | २२०० | २३५० |
| २०७२ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा १०) | २५०० | |
| शै.स. | संस्थागत विद्यालय | खर्च वार्षिक रु. | औसत लागत रु. |
| २०७१ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा ९) | १८००० | १८४०० |
| २०७२ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा ९) | १८८०० | |
| २०७१ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा १०) | १९८०० | २०४७५ |
| २०७२ | प्रतिविद्यार्थी वार्षिक लागत (कक्षा १०) | २११५० | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक लगानी र उपलब्धीको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ जहाँ सामुदायिक विद्यालयमा शै.स. २०७१ मा कक्षा ९ मा वार्षिक खर्च रु.२००० हुने गर्दछ भने कक्षा ९ मा शै.स. २०७२ मा रु.२१५० जुन कक्षा सुरु भएपछि एकमुष्ट रुपमा सामुदायिक विद्यालयले अभिभावक तथा विद्यार्थीबाट विभिन्न शीर्षकहरुमा राखी रकम लिने गर्दछ जुन विद्यार्थीको माध्यमिक तहको वार्षिक खर्च हो ।

त्यस्तै शै.स. २०७१ मा सामुदायिक विद्यालयको कक्षा १० मा रु.२२०० र शै.स. २०७२ मा रु.२५०० रकम विद्यार्थीले माध्यमिक तहको शिक्षा प्राप्त गर्न खर्च गरेको देखिन्छ ।अध्ययन क्षेत्रको संस्थागत माध्यमिक विद्यालयमा शै.स. २०७१ मा कक्षा ९ मा प्रतिविद्यार्थी वार्षिक लागत रु.१८०० रहेको जुन सामुदायिक विद्यालयको भन्दा अत्यन्तै उच्च रहेको छ । शै.स. २०७२ मा कक्षा १० मा प्रतिविद्यार्थी वार्षिक लागत रु.१८८०० रहेको छ र समग्रमा भन्दा सामुदायिक मा.वि. तहमा सरकारी अनुदान प्राप्त हुनाले अभिभावकको लगानी कम रहेको पाउन सकिन्छ । जहाँ प्रतिविद्यार्थी वार्षिक औसत लागत कक्षा ९ मा रु.२०७५ र कक्षा १० मा रु.२३५० रहेको छ । संस्थागत विद्यालय नाफामा प्रेरित हुने हुदा सम्पुर्ण आम्दानीको स्रोत नै अभिभावक बनेको छ । जसले यहाँको विद्यार्थी वार्षिक लागत पनि बढिरहेको छ । संस्थागत विद्यालयको कक्षा ९ मा रु.१८४०० र कक्षा १० मा रु.२०४७५ औसत लागत रहेको छ ।

### ४.६.२ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको औसत शैक्षिक उपलब्धिको विश्लेषण (Analysis of Average Educationnal Achivement of Community & Institutional SecondarySchool)

सामुदायिक र संस्थागत विद्यालयमा माध्यमिक तहको शैक्षिक उपलब्धिलाई विश्लेषण गरिएको छ । यस अन्तर्गत कक्षा ९ र १० मा विद्यार्थी उत्तिर्णदर कक्षादोहोऱ्याउनेदर विचैमा विद्यालय छाड्नेदरलाई तुलना गरी उपलब्धिको विश्लेषण गरिएको छ । जसलाई तालिका ४.२१ बाट प्रष्ट पारिएको छ ।

**तालिका ४.२१**

**सामुदायिक तथा संस्थागत मा.वि.तहको औसत शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण**

**शै.स. २०७१ - ०७२**

| सामुदायिक विद्यालय | | | | | |
|---|---|---|---|---|---|
| कक्षा | लिङ्ग | कक्षा उत्तीर्णदर (संख्यामा) | कक्षा दोहोऱ्याउनेदर (संख्यामा) | कक्षा छोड्नेदर (संख्यामा) | भर्ना संख्या |
| ९ | छात्र | ७६ | ३ | ४ | ८३ |
| | छात्रा | ७० | २ | ७ | ७९ |
| १० | छात्र | ७३ | १० | ११ | ९४ |
| | छात्रा | ६९ | ५ | ९ | ८३ |
| संस्थागत विद्यालय | | | | | |
| कक्षा | लिङ्ग | कक्षा उत्तीर्णदर (संख्यामा) | कक्षा दोहोऱ्याउनेदर (संख्यामा) | कक्षा छोड्नेदर (संख्यामा) | भर्ना संख्या |
| ९ | छात्र | १०९ | ३ | २ | ११४ |
| | छात्रा | ९१ | १ | २ | ९४ |
| १० | छात्र | ११५ | | | ११६ |
| | छात्रा | ९८ | १ | २ | १०१ |

स्रोत: स्थलगत सर्वेक्षण, २०७३ ।

तालिकामा अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको औसत शैक्षिक उपलब्धिलाई विश्लेषण गरिएको छ । जहाँ सामुदायिक विद्यालयका विद्यार्थीहरुको जम्मा भर्ना संख्याका आधारमा कति विद्यार्थी संख्या उत्तिर्णदर, कक्षा दोहोऱ्याउनेदर र कक्षा छोड्ने विद्यार्थी संख्यालाई देखाइएको छ ।

सामुदायिक मा.वि.तहमा शै.स. २०७१ - ०७२ कक्षा ९ मा उत्तीर्ण संख्या छात्र ७६ र छात्रा ७० रहेका थिए भने कक्षादोहोऱ्याउनेदर छात्र ३ र छात्रा २ जना थिए । बिचैमा विद्यालय छाड्ने विद्यार्थीको संख्या छात्र ४ जना र छात्रा ७ जना रहेका थिए । त्यसैगरि शै.स. २०७१-०७२ मा कक्षा १० मा जम्मा छात्र ९४ र छात्रा ८३ भर्ना भएकामा उत्तीर्ण संख्या छात्र ७३ र छात्रा ६९ रहेका थिए । जसमध्ये विचैमा कक्षा छाड्ने संख्या छात्रतर्फ ११ र

छात्रातर्फ ९ जना विद्यार्थी रहेका थिए । कक्षा दोहोऱ्याउनेको संख्या भने यस शै.स.मा छात्र १० र छात्रा ५ जना थिए ।

त्यसैगरि संस्थागत माध्यमिक विद्यालयतर्फ हेर्दा शै.स. २०७१-०७२ मा कक्षा ९ मा छात्र ११४ र छात्रा ९४ जना विद्यार्थी भर्ना भएकामा उत्तिर्ण संख्या छात्रतर्फ १०९ र छात्रा ९१ जना रहेका छन । त्यस्तै शै.स. २०७१/०७२ मा कक्षा १० मा जम्मा छात्र ११६ र छात्रा १०१ विद्यार्थी भर्ना भएकामा उत्तिर्ण छात्र ११५ र छात्रा ९८ विद्यार्थी उत्तिर्ण भएका छन । जसमा कक्षा ९ मा कक्षा दोहोऱ्याउनेमा छात्र ३ र छात्रा १ त्यस्तै कक्षा विचमा छाड्ने सख्या छात्र २ छात्रा २ रहेका छन र कक्षा र कक्षा १० मा भने छात्रले कक्षा दोहोऱ्याएको र विचैमा कक्षा छोड्ने देखिदैन भने छात्रा तर्फ १ जनाले कक्षा दोहोऱ्याएर र २ जनाले कक्षा विचैमा छाडेको देखिन्छ । यसबाट के स्पष्ट हुन आउछ भने सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको औसत उपलब्धिदर राम्रो रहेको देखिन्छ ।

### ४.६.३ सामुदायिक तथा संस्थागत मा.वि. का प्रति एकाई विद्यार्थी लागत तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Comparative Analysis of Per Unit Student Cost and Educational Achievement between to Community and Institutional Secondary School)

अध्ययन क्षेत्रमा छनौटमा परेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको तुलनात्मक रुपमा अध्ययन गर्दा प्रति एकाई विद्यार्थीलागत र शैक्षिक उपलब्धिलाई कक्षा ९ र १० को उत्तीर्ण दरलाई शैक्षिकउपलब्धिको रुपमा लिएको छ । सामुदायिक तथा संस्थागत मा.वि. मा जम्मा भर्नादर देखिएका विद्यार्थी मध्ये नियमित रुपमा उत्तीर्ण भएका विद्यार्थीहरुनै शैक्षिक उपलब्धिको रुपमा रहेका छन् । सामुदायिक तथा संस्थागत मा.वि. को प्रतिएकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिलाई तालिका ४.२२ बाट देखाइएको छ ।

**तालिका ४.२२**

**सामुदायिक तथा संस्थागत मा.वि. का प्रति एकाई विद्यार्थी लागत तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण शै.स. २०७१-२०७२**

| विद्यालय | शै.स | कक्षा ९ र १० विद्यार्थी लागत | | कक्षा ९ र १० शैक्षिक उपलब्धि | |
|---|---|---|---|---|---|
| | | कुल रु. | प्रति एकाई रु. | कुल भर्ना | उपलब्धि |
| सामुदायिक माध्यमिक विद्यालय | २०७१ | ४,२०० | २,१०० | १६३ | १३६ |
| | २०७२ | ४,६५० | २,३२५ | १७६ | १५२ |
| जम्मा रु. | | ८,८५० | ४,४२५ | ३३९ | २८८ |
| संस्थागत माध्यमिक विद्यालय | २०७१ | ३७,८०० | १८,९०० | २१२ | २०६ |
| | २०७२ | ३९,९५० | १९,९७५ | २१३ | २०७ |
| जम्मा रु. | | ७७,७५० | ३८,८७५ | ४२५ | ४१३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार समुदायिक र संस्थागत मा.वि. तहको प्रतिएकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिलाई देखाईएको छ । जसमा सामुदायिक मा.वि.को शै.व २०७१ मा कक्षा ९ र १० मा कुल लागत रु.४२०० र प्रति एकाई विद्यार्थी लागत रु.२१०० लागेको छ भने कुल विद्यार्थी भर्ना मध्ये १३६ जना विद्यार्थी उत्तीर्ण भएका छन । त्यसैगरी शै.व.२०७२ मा कुल लागत रु.४,६५० र प्रति एकाई विद्यार्थी लागत रु.२,३२५ लागेको छ भने १७६ विद्यार्थी भर्ना मध्ये १५२ जना विद्यार्थी उत्तीर्ण भएका छन् । संस्थागत मा.वि. तर्फ शै.व. २०७१ मा कक्षा ९ र १० मा कुल लागत रु.३६,८०० र प्रतिएकाई लागत रु.१८९०० रहेको छ भने विद्यार्थी भर्नादर २१२ मध्ये २०६ जना उत्तीर्ण भएका छन् । त्यसैगरी शै.व २०७२ मा कुल लागत रु.३९,९५० प्रति एकाई विद्यार्थी लागत रु.१९,९७५ लागेको छ भने विद्यार्थी भर्नादर २१३ मध्ये २०७ जना विद्यार्थी उत्तिर्ण भएका छन् ।

सामुदायिक माध्यमिक विद्यालयको तुलनामा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागत उच्च रहेको देखिन्छ । जसमा सामुदायिक र संस्थागत मा.वि. तहको दुई

शैक्षिक वर्षको कुल लागतमा १०.२२ प्रतिशत सामुदायिक मा.वि. तर्फ र ८९.७८ प्रतिशत संस्थागत मा.वि. तर्फ देखिन्छ । जुन सामादायिक र संस्थागत विद्यालयको दुई वर्षमा लागेको विद्यार्थी लागतलाई जोडी प्राप्त हुन आएको कुल  लागत रु.८६६०० ले सामुदायिक विद्यालयको जम्मा विद्यार्थी लागत रु.८८५० लाई भाग गरी १०० ले गुणा गर्दा १०.२२ प्रतिशत आएको छ भने कुल लागत रु.८६६०० ले संस्थागत माध्यमिक विद्यालयको जम्मा विद्यार्थी लागत रु.७७,७५० लाई भाग गरी १०० ले गुणा गर्दा ८९.७८ प्रतिशत आएको छ। जसको आधारमा केभन्न सकिन्छ भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत मा.वि तहको प्रति विद्यार्थी लागत उच्च साथै विद्यार्थी प्रवाहदर तुलनात्मक रुपमा संस्थागत तर्फ उच्च देखिनुका साथै उत्तीर्णदर पनि उच्चनै देखिन गएको छ।

सामुदायिक माध्यमिक विद्यालयलाई हेर्ने हो भने विद्यालयको सरकारको लागत बढी भएपनि विद्यार्थी उर्त्तीर्ण प्रतिशतमा न्यून उपलब्धि प्राप्त हुन गएको देखिन्छ जसलाई आर्थिक खर्च देखि बाहेकका तत्वहरुको प्रभावको रुपमा लिन सकिन्छ । यी २ विद्यालयबिचको उपलब्धिलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको औसत शैक्षिक उपलब्धिस्तर उच्च देखिन्छ । त्यसैले के भन्न सकिन्छ भने शिक्षाक्षेत्रमा सरकारले गरेको लगानीसँगै उपलब्धि  पनि त्यति नै बढ्छ भन्नु गलत हो तर त्यस लगानीलाई व्यवस्थापन गर्न सकेको खण्डका शैक्षिक उपलब्धिदर बढ्ने देखिन्छ।

### ४.७ सारांश (Summary )

यस अध्ययनको शीर्षक “सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण भद्रपुर नगरपालिका झापा” रहेको छ । यस अध्ययनलाई सुक्ष्म ढङ्गबाट अध्ययन गरी विद्यालयको विद्यार्थी प्रवाहदरलाई तथा उपलब्धिको विश्लेषण गरिएको छ। सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदर पत्ता लगाउनु, प्रतिएकाई विद्यार्थी लागत पत्ता लगाउनु, प्रतिएकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ।

माथिको मूल ३ वटा उद्देश्यलाई पुरा गर्नका लागि भद्रपुर नगरपालिका भित्र रहेका १ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालयलाई नमुना छनोटको रुपमा छनौट गरी अध्ययन प्रारम्भ गरिएको छ । अध्ययन गर्ने क्रममा अध्ययन क्षेत्रको परिचय साथै विद्यालयको भर्नादर, उत्तीणदर, कक्षा दोहोऱ्याउने दर र छाड्ने दरलाई अध्ययन गरी तथ्याङ्क संकलन

गरिएको थियो । यसबाहेक विद्यार्थी तथा अभिभावकको आम्दानी, शैक्षिक स्थिति र प्रतिएकाई विद्यार्थी लागतशीर्षकमा पनि गहन अध्ययन गरिएको थियो । यसरी अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्न प्राथमिक तथा द्वितीय तथ्याङ्कक संकलनका विधि अपनाइएका थिए भने अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कका आधारमा तथ्याङ्कक विश्लेषण गर्न व्याख्यात्मक र विश्लेषणात्मक विधिहरु अपनाइएको छ ।

अध्ययन गर्ने क्रममा सबैभन्दा बढी स्थलगत सर्वेक्षणका लागि २ विद्यालयका प्र.अ. शिक्षक अभिभावक र विद्यार्थीहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मौखिक अन्तवार्ता लिइएका थियो । विद्यालय सर्वेक्षण फारम साथै लक्षित समुह छलफललाई पनि अध्ययनको क्रममा समावेश गरिएको छ । द्वितीय तथ्याङ्कक संकलनका लागि जि.वि.स., जि.सि.अ., केन्द्रिय तथ्याङ्कक विभाग, नगरपालिका प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहायता लिइएको छ । यसरी प्राप्त भएका तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा तालिका र स्तम्भ चित्रमार्फत व्याख्या गरिएको छ ।अध्ययनमा स्थलगत सर्वेक्षण विधिको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ । विश्लेषणबाट प्राप्त कुराहरु वा निचोडलाई सारांशको रुपमा बुँदाहरुमा समेट्ने प्रयास गरेकी छु ।

१. यस अध्ययनमा झापा जिल्लाका २ वटा विद्यालयहरुको एउटा सामुदायिक र अर्को संस्थागत विद्यालयलाई सुविधाजनक नमुना छनौट विधिबाट अनुसन्धानको रुपमा लिएको छ ।

२. यस अनुसन्धानमा शैक्षिकसत्र २०७१-०७२ लाई समावेश गरी २ वर्षको तथ्याङ्कलाई संकलन गरी अध्ययन सम्पन्न गरिएको छ । तथ्याङ्कलाई व्याख्यात्मक र विश्लेषणात्मक विधीबाट प्रस्तुत गरिएको छ ।

३. प्रत्येक विद्यालयका प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीसँग प्रत्यक्ष अन्तर्वाता लिइएको छ ।

४. उद्देश्यमुलक र सामान्य सम्भावनायुक्त नमुना छनौट विधिबाट विद्यार्थी र अभिभावकलाई अध्ययन भित्र समेट्न खोजिएको छ ।

५. अभिभावकहरुसँग अर्न्तवार्ता लिने क्रममा संरचित र असंरचित प्रश्नावलीको प्रयोग गरिएको छ ।

६.	नमुना छनौटमा परेका र विद्यालयमा गई माध्यमिक तहमा अध्यापन गर्ने सम्पूर्ण शिक्षक, प्र.अ.लाई लक्षित समुह छलफलमा समावेश गरी गुणात्मक तथ्याङ्कको संकलन  गरिएको छ ।

७.	यस अध्ययनका क्रममा आवश्यक प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली विद्यालय सर्वेक्षण फारम, लक्षित समुह छलफल निर्देशिका तयार पारी तथ्याङ्क संकलन गरिएको छ ।

८.	विद्यार्थीको प्रवाहदर पत्ता लगाउन विद्यार्थीको भर्ना अवस्था, कक्षा दोहोऱ्याउने तथा बिचैमा कक्षा छाड्ने र उत्तिर्ण दरको अवस्था थाहा पाउन विद्यालय सर्वेषण फारम तयार गरी तथ्याङ्क संकलन  गरिएको छ ।

९.	सामुदायिक मा.वि.को आम्दानीको प्रमुख स्रोत अनुदान हो भने संस्थागत मा.वि.को अभिभावक र विद्यार्थी लागत वा शुल्क नै आम्दानीको प्रमुख स्रोत हो  भन्ने  कुरा अध्ययनबाट प्रष्ट हुन आएको छ ।

१०.	सामुदायिक र संस्थागत मा.वि तहमा अभिभावकहरुलाई छुट्टाछुट्टै राखी एउटै प्रश्नावली निर्माण गरी अन्तर्वाता लिइएको छ ।

११.	नमुना छनौटमा परेका सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०७१-०७२ मा कुल विद्यार्थी ३३९ रहेका छन् जसमा कक्षा ९ मा १६२ जनामा छात्र ८३ र छात्रा ७९ जना थिए । यि २ शैक्षिक सत्रमा छात्राको भन्दा छात्रको प्रतिशत बढि देखिन्छ । जसमा ५१.२३ प्रतिशत छात्र र ४८.७६ प्रतिशत छात्रा रहेका छन् । कक्षा १० मा पनि छात्राको सङ्ख्या छात्रको भन्दा न्युन रहेको छ । जसमा छात्रा ५३.१० प्रतिशत र छात्रा ४६.८९ प्रतिशत रहेका छन् ।

१२.	संस्थागत विद्यालयमा भने २ शैक्षिकसत्रमा ४२५ जना विद्यार्थी भर्ना भएका थिए जसमा कक्षा ९ मा २०८ र कक्षा १० मा २१७ जना विद्यार्थी सामेल भएको थिए । जसमा छात्रा भन्दा छात्रको संख्या बढि देखिन्छ । समग्रमा सामुदायिक र संस्थागत विद्यालय दुवैमा छात्र विद्यार्थीको सङ्ख्या बढि पाइएको  छ ।

१३.	सामुदायिक र संस्थागत विद्यालयको उत्तिर्ण दरलाई हेर्ने हो भने सामुदायिक तर्फ शै.स. २०७१-०७२ मा भर्ना भएका कुल विद्यार्थी ३३९ मा २८८ जना पास भएका

थिए । त्यसै संस्थागतमा जम्मा भर्ना भएका ४२५ विद्यार्थी मध्ये ४१३ विद्यार्थी उत्तिर्ण भएका छन् ।

१४. सामुदायिक विद्यालयमा अभिभावकहरुले आफ्ना छोराछोरीको शिक्षामा न्यून लगानी गरिएको देखियो । जसमा प्रति विद्यार्थी औसत लागत रु.२०७५ कक्षा ९ मा र कक्षा १० मा रु.२३५० रहेको छ ।

१५. संस्थागत विद्यालयमा भने उच्च लगानी देखिन्छ जसमा कक्षा ९ मा औसत प्रति विद्यार्थी वार्षिक लागत रु.१८४०० र कक्षा १० मा रु.२०४७५ रहेको छ ।

१६. अध्ययनमा सामुदायिक तथा संस्थागत मा.वि. को अध्ययन गर्दा विद्यार्थीको शैक्षिक औसत वार्षिक लागत सामुदायिक माध्यमिकको तुलनामा संस्थागत विद्यालयको लागत बढि भएको देखिन्छ । जसमा सामुदायिक तर्फ शै.स. २०७१ मा कक्षा ९ र १० मा रु.४२०० र शै.स. २०७२ मा कक्षा ९ र १० मा रु.४६५० लागत लागेको देखिन्छ । यसैगरी संस्थागत तर्फ शै.स. २०७१ मा कक्षा ९ र १० मा रु.३७८०० र शै.स. २०७२ मा कक्षा ९ र १० मा रु.३९९५० लागत लागेको देखिन्छ ।

१७. सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा कक्षा छाड्ने र दोर्‍याउने दर पनि न्यून नै देखिन्छ । प्रत्येक कक्षामा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा कक्षा उत्तिर्णदर बढी रहेको पाइन्छ ।

यसरी अध्ययन क्षेत्रका छनौटमा परेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको तुलनात्मक रुपमा अध्ययन गर्दा सामुदायिक विद्यालयमा औसत विद्यार्थी प्रवाहदर शै.स. २०७१-०७२ मा ३३९ र संस्थागतमा ४२५ रहेको थियो । त्यसैगरी विद्यालयमा गरिएको खर्चको कारणले पनि शैक्षिक उपलब्धी र प्रवाहदरमा प्रभाव पारेको देखिन्छ जहाँ सामुदायिक भन्दा संस्थागत विद्यालयको विद्यार्थी प्रवाहदर बढि देखिन्छ । संस्थागत विद्यालयमा लागत उच्च भएतापनि उपलब्धी दर पनि त्यसै अनुरुप उच्च नै देखिन्छ ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATION)

सामुदायिक तथा संस्थागत मा.वि. को विद्यार्थी प्रवाह दर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण एक अध्ययनअन्तर्गत झापा जिल्ला भद्रपुर नगरपालिकास्थित सामुदायिकतर्फ विरेन्द्र उच्च मा.वि. र संस्थागततर्फ प्रज्ञा एकाडेमीको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्य पूरा गर्नका लागि विभिन्न विषयवस्तुको उठान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयत्न गरिएको छ । यस अध्ययनमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाइएका निष्कर्ष र आवश्यक सुझावहरुलाई समावेश गरिएको छ

### ५.१ निष्कर्ष (Conclusion)

झापा जिल्लाको भद्रपुर न.पा. मा रहेको सामुदायिक तथा संस्थागत मा.वि. को विश्लेषणबाट प्राप्त हुन आएको सारांश अनुरुपको निष्कर्षलाई निम्नानुसार बुँदाबद्ध गरिएको छ ।

- अध्ययनको क्रममा नमुना छनौटमा परेका अभिभावकको आय विवरणलाई हेर्दा दुवै विद्यालयका २८ जना अभिभावकहरु मध्ये रु.५०,०००-१५०,००० सम्म आय भएका ५३.५७ प्रतिशत अभिभावक रहेका छन् भने रु.१५०,००० देखि रु.२५०,००० सम्म आय भएका २५ प्रतिशत र रु.२५०,००० देखि ३५०,००० सम्म आय भएका २१ प्रतिशत अभिभावक रहेका छन् ।
- नमुना छनौटमा परेका बालबालिकाका अभिभावकको शैक्षिक स्थितिलाई हेर्दा ३० जना विद्यार्थी मध्ये २६ जना बालबालिकाका अभिभावक साक्षर र ४ जना बालबालिकाका अभिभावक निरक्षर रहेकोपाइयो ।
- नमुना छनौटमा परेका दुई (सामुदायिक तथा संस्थागत) विद्यालयको विद्यार्थी भर्नादरलाई हेर्दा शै.स. २०७१ मा सामुदायिक विद्यालय तर्फ कक्षा ९ र १० मा ८७, शै.स. २०७२ मा कक्षा ९ र १० मा ९० जना विद्यार्थी भर्ना भएको देखिन्छ । त्यस्तैगरि संस्थागत तर्फ शै.स. २०७१ मा कक्षा ९ र १० मा १०८, शै.स. २०७२ मा कक्षा ९ र १० मा १०९ जना विद्यार्थी भर्ना भएको देखिन्छ ।

- विद्यार्थी उत्तीर्णदरलाई हेर्दा सामुदायिक तर्फ शै.स २०७१-०७२ मा हेर्दा कक्षा ९ मा छात्र ५२.०५ प्रतिशत र छात्रा ४७.९४ प्रतिशत र कक्षा १० मा छात्र ५१.४० प्रतिशत र छात्रा ४८.५९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका पाइन्छ ।
- विद्यार्थी उत्तीर्णदरलाई हेर्दा संस्थागत तर्फ शै.स २०७१-०७२ मा हेर्दा कक्षा ९ मा छात्र ५४.५ प्रतिशत र छात्रा ४५.५ प्रतिशत र कक्षा १० मा छात्र ५३.९९ प्रतिशत र छात्रा ४६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका पाइन्छ ।
- विद्यार्थी कक्षा दोहोऱ्याउने दरलाई हेर्दा सामुदायिक तर्फ शै.स २०७१ मा कक्षा ९ मा छात्र ३ जना र छात्रा ० रहेको छ भने शै.स. २०७२ मा छात्र ० र छात्रा २ जनाले कक्षा दोहोऱ्याएका छन् । त्यस्तै कक्षा १० मा २०७१ मा छात्र ४ जना ले र छात्रा २ जनाले कक्षा दोहोऱ्याएका छन् भने शै.स. २०७२ मा कक्षा १० मा विद्यालयमा ग्रेडिङ्ग प्रणली लागु भएकाले कक्षा दोहोऱ्याउनेको विद्यार्थी संख्या शुन्य रहेको पाइन्छ ।
- विद्यार्थी कक्षा दोहोऱ्याउने दरलाई हेर्दा संस्थागत तर्फ शै.स २०७१ मा कक्षा ९ मा छात्र १ जना र छात्रा १ रहेको छ भने शै.स. २०७२ मा छात्र २ र छात्रा शुन्य जनाले कक्षा दोहोऱ्याएका छन् । त्यस्तै कक्षा १० मा २०७१ मा छात्र शुन्य र छात्रा १ जनाले कक्षा दोहोऱ्याएका छन् भने शै.स. २०७२ मा कक्षा १० मा विद्यालयमा ग्रेडिङ्ग प्रणली लागु भएकाले कक्षा दोहोऱ्याउनेको विद्यार्थी संख्या शुन्य रहेको पाइन्छ ।
- विद्यार्थी कक्षा छोड्ने दरलाई हेर्दा सामुदायिक तर्फ शै.स २०७१ मा कक्षा ९ मा छात्र ३ जना र छात्रा ५ रहेको छ भने शै.स. २०७२ मा छात्र १ र छात्रा २ जनाले कक्षा छोडेका छन् । त्यस्तै कक्षा १० मा २०७१ मा छात्र ६ जना ले र छात्रा ४ जनाले कक्षा छोडेका छन् भने शै.स. २०७२ मा कक्षा १० मा छात्र ११ र छात्रा ८ जनाले कक्षा छोडेको देखिन्छ ।
- विद्यार्थी कक्षा छोड्ने दरलाई हेर्दा संस्थागत तर्फ शै.स २०७१ मा कक्षा ९ मा छात्र शुन्य र छात्रा १ रहेको छ भने शै.स. २०७२ मा छात्र २ र छात्रा १ जनाले कक्षा छाडेका छन् । त्यस्तै कक्षा १० मा २०७१ मा छात्र शुन्य र छात्रा १ जनाले कक्षा छोडेका छन् भने शै.स. २०७२ मा कक्षा १० मा छात्र शुन्य र छात्रा १ जनाले कक्षा छोडेको देखिन्छ ।

- समग्रमा माथिको तथ्याङ्कबाट के प्रष्ट हुन आउँछ भने शै.स. २०७१-०७२ मा कक्षा ९ मा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि ९६.१५ प्रतिशत र कक्षा १० मा ९८.१५ प्रतिशत रहेको छ । त्यस्तैगरि सामुदायिक तर्फ कक्षा ९ मा ९०.१२ प्रतिशत रकक्षा १० मा ८०.२२ प्रतिशत शैक्षिक उपलब्धि प्राप्त हुन गएको देखिन्छ । जहाँ सामुदायिक भन्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि उच्च रहेको छ भन्न सकिन्‍ छ ।
- सामुदायिक तथा संस्थागत माध्यामिक तहको प्रतिएकाई विद्यार्थी लागतलाई हेर्दा सामुदायिक तर्फ शै.स. २०७१-०७२ मा रु.२०७५ प्रतिएकाई विद्यार्थी औसत लागत लागेको देखिन्छ भने कक्षा १० मा रु.२३५० लागत लागको देखिन्छ ।
- माध्यामिक तहको प्रतिएकाई विद्यार्थी लागतलाई हेर्दा संस्थागत तर्फ शै.स. २०७१-०७२ मा रु.१८,४०० प्रतिएकाई विद्यार्थी औसत लागत लागेको देखिन्छ भने कक्षा १० मा रु.२०,४७५ लागत लागको देखिन्छ ।
- सामुदायिक तथा संस्थागत मा.वि. को प्रतिएकाई विद्यार्थी लागत तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्दा शै.स. २०७१-२०७२ मा हेर्दा सामुदायिक तर्फ कक्षा ९ र १० मा विद्यार्थी लागत जम्मा रु.८८५० र प्रतिएकाई रु.४४२५ अभिभावक लागत रहन गएको छ । जहाँ शैक्षिक उपलब्धिलाई हेर्दा जम्मा ३३९ जना विद्यार्थी भर्ना भएकामा २८८ जना उत्तीर्ण भएका छन् ।
- सामुदायिक तथा संस्थागत मा.वि. को प्रतिएकाई विद्यार्थी लागत तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्दा शै.स. २०७१-२०७२ मा हेर्दा संस्थागत तर्फ कक्षा ९ र १० मा विद्यार्थी लागत जम्मा रु.७७,७५० र प्रतिएकाई रु.३८,८७५ अभिभावक लागत रहन गएको छ । जहाँ शैक्षिक उपलब्धिलाई हेर्दा जम्मा ४२५ जना विद्यार्थी भर्ना भएकामा ४१३ जना उत्तीर्ण भएका छन् । उक्त तथ्याङ्कलाई हेर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयको शैक्षिक लागत र शैक्षिक उपलब्धि उच्च रहेको पाइन्छ ।

## ५.२ सुझावहरु (Recommendation)

नमुना २ विद्यालय (सामुदायिक र संस्थागत) को अध्ययनलाई आधार मानि हेर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयको विद्यार्थी प्रवाहदर उच्च र उपलब्धी पनि उच्च रहेको पाइन्छ । माध्यमिक विद्यालय सञ्चालन गर्दा शैक्षिक उपलब्धी पनि लागतको आधारमा तर्जुमा भएको जस्तो भान यस अध्ययनबाट देखिएको छ । यस्ता समस्यालाई हटाइ समयमै शिक्षा क्षेत्रमा गुणस्तरीयता हासिल गर्न शिक्षासँग सरोकारवालाहरु साथै लगानीकर्ता, जिम्मेवार व्यक्तिहरु, सरकार पक्षहरु, नीतिनिर्माताहरुलाई आफ्नो कार्यलाई व्यवस्थित र मर्यादित बनाइ सफलता हासिल गर्न तलका निकायहरुलाई सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिसँग सम्बन्धित सुझावहरु (Policy Related Recommendation)

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदर र उपलब्धिमा वृद्धि गर्न नीतिसँग सम्बन्धित कार्यहरुमा सुधार गर्नुपर्ने देखिन्छ जुन तल सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

- सरकारले शैक्षिक क्षेत्रमा लिएका शैक्षिक उद्देश्यहरु पुरा गराउनका लागि सरकारको नीति नियमहरु शिक्षाका मा.वि. तहमा कार्यान्वयन भएका छन् वा छैनन भन्ने कुराको राम्रोसँग ख्याल गर्नुपर्छ । जस्तो माध्यमिक तहमा राज्यले निःशुल्क शिक्षाप्रदान गर्ने घोषणा गरेको भए विद्यालयमा विद्यार्थीसँग कुनै पनि बहानामा शुल्कहरु उठाउन दिनुहुँदैन ।
- सरकारी निकायबाट शैक्षिक कार्यक्रम निर्माण गर्दा तल्लो निकायहरुबाट पनि सल्लाह र सुझावहरु बटुल्न आवश्यक रहेको छ । ती सल्लाह र सुझावहरु राम्रो लागेमा शैक्षिक कार्यक्रमहरु सहभागी गराउनुपर्दछ । यसले तल्लो निकायका व्यक्तिहरुलाई बढि जिम्मेवारी बनाउने गर्दछ ।
- विद्यालयमा शिक्षकलाई पेशाप्रति जिम्मेवार र बफादार बनाउन समयसमयमा पदोन्नती, पुरस्कृत जस्ता कार्य सञ्चालन गर्दै शिक्षक तलब भत्तामा बृद्धि गरिनुपर्छ ।

- सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना सङ्ख्या कम हुँदै गएको अवस्थामा यसलाई कम गर्दै लानु जरुरी देखिन्छ । विद्यालयको दायराभन्दा बाहिर विद्यालय उमेर पुगेका बालबालिकाको ठूलो सङ्ख्या छ त्यसलाई विद्यालयको पहुँच भित्र ल्याउनु पर्ने छ ।
- विद्यार्थी शिक्षकसँगको सम्बन्ध बालमैत्री बनाइ विद्यार्थी केन्द्रित विधिहरुबाट शिक्षण कार्य गर्न प्र.अले शिक्षकलाई पशिक्षण कार्यक्रममा पठाउनुपर्छ ।
- अध्ययनका क्रममा मुख्य रुपले अभिभावकबाट विद्यालयको आर्थिक कृयाकलाप पारदर्शी नभएको गुनासो आएको थियो । त्यसैले विद्यालयले उपयोग गरेको आर्थिक स्रोतको स्पष्ट जानकारी अभिभावकलाई प्रदान गरिनुपर्छ । जसले अभिभावकहरुका विद्यालयप्रतिको अवधारणा सकरात्मक बन्न जान्छ । विभिन्न अभिभावक भेला, कार्यक्रमहरु सञ्चालन गरी अभिभावकलाई बालबालिका प्रतिको शिक्षाप्रति सचेत र उत्तरदायित्व बनाउनु सामुदायिक विद्यालयको चुनौति बन्न गएको छ । विद्यालय प्रति जिम्मेवारी बढाउन विद्यालय व्यवस्थापन समिति, अभिभावक सँगको संयुक्त समिति बनाइ विद्यालयका आर्थिक गतिविधीलाई पारदर्शी बनाउन सक्नुपर्छ ।
- संस्थागत विद्यालयहरुले शैक्षिक क्षेत्रमा ठाडो व्यापार गरिरहेको हुनाले यसलाई रोक्न सरकारले प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था गर्नुपर्छ । विद्यालयले कति लगानी गरेको छ, कति आम्दानी प्राप्त गर्छ र कुल खर्च कति हुन्छ भन्ने कुरा थाहा पाउन सर्वप्रथम विद्यालयहरुको आर्थिक पक्षको लेखापरीक्षण सरकारले प्रभावकारी रुपमा गर्नुपर्छ । यदि बढी शुल्क लिएर शिक्षकहरु तथा कर्मचारीलाई न्यनू तलब दिने मुनाफा बढी प्राप्त गर्ने विद्यालयलाई उचित कारवाही र जरिवाना लिने व्यवस्था गरिनु पर्छ ।
- सामुदायिक माध्यमिक तह प्रति संस्थागत विद्यालयका कारण आकर्षण घट्दै गएको छ । यसलाई समयमा समाधान गर्न सरकारी क्षेत्रबाट विभिन्न आकर्षण कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दछ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendation)

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा प्रयोगात्मक पक्षसँग सम्बन्धी सुझावहरु तल पेश गरिएको छ ।

- अभिभावकहरुले आफ्ना बालबालिकाको पढाइ प्रति उत्तरदायित्व बहन गर्दै फुर्सद मिलाई पढे, नपढेको, गृहकार्य गरे नगरेको निरीक्षण गर्नुपर्दछ र नियमित विद्यालय गए नगएको र पढाइका बारेमा सोधपुछ गर्नुपर्ने हुन्छ ।
- वर्तमान समयमा दिनप्रतिदिन शैक्षिक बेरोजगारी बढ्दै गएकोले समयको माग अनुसार विद्यालयले प्राविधिक र रोजगारमूलक शिक्षाको व्यवस्था गर्दै लानुपर्दछ ।
- शिक्षकहरुलाई समय समयमा तालिम दिनुका साथै उनीहरुले के कस्ता पढाएका छन् निरिक्षण गर्नुपर्दछ ।
- विद्यार्थीहरुको उत्तीर्णदर बढाउन हौसला बढाउन प्रोत्साहनमूलक कार्यक्रमहरुको व्यवस्था गरिनुपर्दछ ।
- विद्यार्थीहरुलाई विद्यालयमा लामो समयसम्म टिकाइ राख्ने वातावरण सिर्जना गरिनुपर्दछ साथै उत्कृष्ट विद्यार्थीलाई छात्रावृत्ति प्रदान गरिनुपर्दछ ।
- विद्यालयमा समयसमयमा शिक्षकलाई पुर्नताजगी तालिम र अन्य भौतिक सुविधामा विस्तार साथै अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनुपर्दछ ।
- विद्यालयले मा.वि. तहमा निशुल्क रुपमा वितरण हुने पाठ्यपुस्तक शैक्षिक सत्रको सुरुमा नै उपलब्ध गराउनुपर्दछ ।
- विद्यालयमा विद्यार्थीको उत्तिर्ण प्रतिशत बढाउनका लागि विषयगत रुपमा दक्ष र योग्यता पुगेका शिक्षकहरुको व्यवस्था गर्नुको साथै तालिमको पनि व्यवस्था मिलाउनु पर्छ ।
- लगानिको अवस्था बढाउन र शैक्षिक उपलब्धि उच्च बनाउनका लागि शैक्षिक प्रशासनलाई नियमित र व्यवस्थित बनाउनु पर्छ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Research Related Recommendation)

यस अध्ययनका क्रममा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको अध्ययन गरिएको छ । यसै अध्ययन सँग सम्बन्धित भएर अन्य निम्न क्षेत्रको आगामी दिनहरुमा अध्ययन गर्न सकिनेछ ।

- माध्यमिक शिक्षामा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको अध्ययन गर्न सकिनेछ ।
- प्राथमिक तहमा बालबालिकाको बिचैमा विद्यालय छाड्ने कारणको अध्ययन गर्न सकिनेछ ।
- सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको विद्यार्थी प्रवाहदर बढी हुनुका कारणको अध्ययन गर्न सकिनेछ ।
- संस्थागत भन्दा सामुदायिक लगानी उच्च रहेता पनि उपलब्धी न्यून देखिनु र यसका असरहरु पत्ता लगाउनको अध्ययन गर्न सकिनेछ ।
- २०७३ सालमा ग्रेडिङ प्रणालीले ल्याएका सकारात्मक तथा नकारात्मक पक्षको अध्ययन गर्न सकिनेछ ।

बालबालिकाको शैक्षिक अवस्था कमजोर हुनुमा प्रमुख सामाजिक, आर्थिक तथा छोराछोरीमा गरिने भेदभावपूर्ण व्यवहार र विद्यालयहरुमा राम्रोसँग पढाई नहुनु आदि तथ्य पत्ता लागेको छ, जसलाई सुधार गर्दै लानु आजको शिक्षाको चुनौति तथा जटिलता बन्दै गएको पाइन्छ । जसमा अभिभावक, शिक्षा प्रदायक, बालबालिका र विद्यालयले निम्न सुझावहरुलाई आत्मासाथ गर्दै अघि बढ्न सकेमा सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थी प्रवाहदर र उपलब्धीमा राम्रो प्रभाव रहने देखिन्छ ।

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदरलाई हेर्दा संस्थागतमा बढि देखिएको छ भने उपलब्धी दर पनि संस्थागत विद्यालयको बढि देखिन्छ । संस्थगत विद्यालयहरुको संख्या यसरी नै बढ्दै जाने हो भने एक दिन सामुदायिक विद्यालयको अस्तित्व नै नरहन सक्नेछ त्यसैले समयमा नै सामुदायिक र संस्थागत विद्यालयले एक अर्कोसँग सहकार्य गरी शैक्षिक क्षेत्रलाई अगाडि बढाउनु आजको आवश्यकता हो ।

## सन्दर्भ सामग्री (References)


अधिकारी, विष्णुप्रसाद (२०७०), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरुको संग्रह* आशिष पुस्तक भण्डार, बागबजार काठमाडौं ।

अन्तरिम योजना (२०६४-२०६७), काठमाण्डौ, राष्ट्रिय योजना आयोग ।

उच्च माध्यमिक शिक्षा परिषद् (२०६४), संप्रेषण अंक, भक्तपुर : उच्च माध्यमिक शिक्षा परिषद् ।

कार्की, विष्णु (२०७१), *माध्यमिक विद्यालय निरीक्षक दिग्दर्शन,* आशिष बुक्स प्रकाशन, बागबजार काठमाडौ

के.सी., ध्रुवराज (२०५५), *काठमाडौं, जिल्ला सार्वजनिक माध्यमिक तहको शिक्षा पार नगरी बिचैमा विद्यालय छाड्नुका कारणहरुको एक अध्ययन :* एम.एड. शोधपत्र त्रि.वि., कीर्तिपुर ।

खनाल, मुकुन्दमणी र आचार्य, सुशन (२०६३), *शिक्षाको वित्तिय अर्थशास्त्र,* मकालु बुक्स एण्ड स्टेसनर्स, पुतलीसडक काठमाडौं ।

गौतम, दिनानाथ (२०६७), *शैक्षिक सुपरिवेक्षण,* शैक्षिक स्मारिका, सानोठिमी भक्तपुरः शिक्षा विभाग

घिमिरे, जनक (१९९७), *प्राथमिक तहमा छात्राहरुको भर्नादर एक अध्ययन,* अप्रकाशित शोधपत्र कीर्तिपुर : त्रिभुवन विश्व विद्यालय ।

जिल्ला विकास समिति (२०७३), *झापा जिल्लाको संक्षिप्त चिनारी,* झापा : जिल्ला विकास समिति ।

दाहाल, महेशराज (२०७०), *शिक्षा र विकासको अर्थशास्त्र,* काठमाण्डौं : एम. के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, मीनराज (२०७०), *शिक्षा र विकासको अर्थशास्त्र,* काठमाडौं : एम. के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

भट्टराई, रमेशकुमार (२०७३), *सामुदायिक विद्यालयको अवहेलना किन ?* कान्तिपुर, दैनिक वर्ष २४- अङ्क ३१८- पुस २३, काठमाडौं ।

भद्रपुर नगरपालिका (२०७२), *वार्षिक नगरविकास योजना,* बिर्तामोड नगरपालिका ।

वाग्ले, शरद (२००१), *प्राथमिक तहमा विद्यार्थी प्रवाहदर एक अध्ययन:* वाग्लुङ्गः एम.एड. शोधपत्र त्रि.वि., कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग (२०६७), *त्रिवर्षिय योजना सिंहदरबार ।*

लम्साल, हरिप्रसाद (२०६९), *शिक्षाको वित्तशास्त्र,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शैक्षिक इतिहास,* भोटाहिटी, काठमाडौं : एस के पब्लिकेशन एण्ड डिस्टीब्युट्स ।

शर्मा, चिरञ्जीवी (२०६१), *शिक्षाका आधारहरु,* एम.के. पब्लिकेशन एण्ड डिष्ट्रिब्युटर्स, काठमाडौं ।

शर्मा, निलमकुमार (२०६१), *विकास र योजनाको अर्थशास्त्र,* पैरवी प्रकाशन, काठमाडौं ।

शर्मा, निलमकुमार (२०७०), *शिक्षा र विकासको अर्थशास्त्र,* काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, वासुदेव (२०६७), *वालवालिकाहरुको विद्यालयीय शिक्षामा पँहुच र सहभागिता,* अप्रकाशित शोधपत्र कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

शिवाकोटी, धुव्रराज (२०६३), *नेपालको माध्यमिक शिक्षामा लगानी एक अध्ययन:* पि.एच.डी. शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर ।

शिवाकोटी, राजन (२०७२),*सामुदायिक माध्यमिक विद्यालयको प्रवाहदर एक अध्ययन,* अप्रकाशित शोधपत्र कीर्तिपुर : त्रिभुवन विश्व विद्यालय ।

शिक्षा विभाग (२०६४), *नेपालमा शिक्षा योजना अवधारणा तथा प्रयोग पुस्तिका,* भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०७२), *शैक्षिक समाचार,* भक्तपुर : शिक्षा विभाग ।

सिंह, रमेश (२०६९), *शिक्षामा पहुँच,* कान्तिपुर दैनिक वर्ष २३- अङ्क ३१८- पुस २३, काठमाडौं ।

Carnoy, (P.M, 1973), *Return to education an International comparision*. scan Franciso Jossey Bas. Inc.

CERID (1993), *Primary Education Nepal*: *Progress Towards Unversalization Kathmandu:* Central for Education Research. Innovation and Development . T.U

CERID (1987), *An Inquiry into the causes of primary school in Rular Nepal* Kathmandu: Central for Education Research Innovation and Development. T.U.

Herbinsion and magers, (1968A.D), *Reading in the economics of Education,* UNESCO, pribted in France, SHJESS 66/928 A'

Sharma, Sunil (1975), *Educational wastage in Nepal, Paper Based on survey conducted at Birathagar and Dhanleuta.* Unpublished . Master thesis, T.U, Kirtipur.

Singh, M.L. (1973), *Educationa; wastage in Nepal. paper based on servey conducted at kathmandu Bhaktapurand Kavre.* Singhdarabar Kathmandu National Education Committee.

# अनुसूचीहरु (Appendices)

## अनुसूची १

**अभिभावकका लागि प्रश्नावली**

अभिभावकको नाम : पेशा :

शैक्षिक योग्यता : ठेगाना :

१. तपाईको परिवारमा को को हुनुहुन्छ ?

...........................................................................................................

२. तपाईको सन्तान कति जना छन् ?

...........................................................................................................

३. तपाईको जग्गा जमिन कति रहेको छ ?

...........................................................................................................

४. तपाईको कृषि उत्पादनले वर्षभरी कति महिना खान पुग्छ ?

...........................................................................................................

५. तपाईको परिवारको मुख्य आय स्रोत के हो ?

...........................................................................................................

६. तपाई निम्न लिखित शिर्षकहरुमा वार्षिक अनुमानित कति खर्च गर्नुहुन्छ ?

क) खाद्यान्न रु. ......................... च) यातायात रु. .........................

ख) नुन, तेल, मरमसला रु. ................. छ) चाडपर्व रु. .........................

ग) लगाफाटोमा रु. ......................... ज) मनोरञ्जन रु. .........................

घ) खेती खर्च रु. ......................... झ) स्वास्थ्यमा रु. .........................

ङ) शिक्षामा रु. ......................... ञ) अन्य भए उल्लेख गर्नुहोस्

७. तपाईले शिक्षामा गरिएको खर्च अनुरुप उपलब्धि प्राप्त गर्नुभएको छ ?

(क) छ (ख) छैन

८. बालबालिकाका लागि तपाई कुन शीर्षकमा बढि खर्च गर्न तयार हुनुहुन्छ ?

...........................................................................................................

९.विद्यालयका कार्यक्रममा कतिको चासो तथा सहभागी हुने गर्नुहुन्छ ?

...........................................................................................................

१०. तपाईको वार्षिक आयमध्ये छोराछोरीलाई २ वर्षमा गरेको शैक्षिक खर्च उल्लेख गर्नुहोस् ।

| क्र.सं. | खर्चको विवरण | २०७०/०७१ | २०७१/०७२ |
|---|---|---|---|
| १. | भर्ना शुल्क र वार्षिक | | |
| २. | पढाइ शुल्क र वार्षिक | | |
| ३. | परीक्षा शुल्क | | |
| ४. | रजिष्ट्रेसन शुल्क | | |
| ५. | खेलकुद शुल्क | | |
| ६. | पुस्तकालय खर्च | | |
| ७. | अन्य शुल्क | | |
| ८. | जम्मा शुल्क | | |

११. सामुदायिक विद्यालय कि संस्थागत विद्यालयमा छोरा छोरी भर्ना गर्नुभएको छ ?

(क) सामुदायिक (ख) संस्थागत

१२. संस्थागत विद्यालयमा विद्यार्थी प्रवाहदर बढ्नुका कारण र सामुदायिकमा घट्नुका कारणहरु के होलान् जस्तो लाग्छ ?

.............................................................................................................

१३. माध्यमिक तहमा राम्रो नतिजा ल्याउन विद्यालय तथा अभिभावक र विद्यार्थी पक्षबाट के गर्नुपर्ला ?

.............................................................................................................

१४. सामुदायिक विद्यालयले कुन कुन पक्षमा सुधार गर्नुपर्ला ?

.............................................................................................................

१५. विद्यालय स्तरको पढाइलाई सुधार गर्न के सुझावहरु छ कि ?

.............................................................................................................

१६. माध्यमिक तहमा स्कुल जाने बालबालिका कति जना छन् ?

.............................................................................................................

१७. तपाईका बालबालिकाहरु विद्यालय नगइ घरमै बसेका पनि छन् ?

क) छन्　　　　　　ख) छैनन

१८. यदि छन् भने विद्यालय नजानुको कारण के हो ?

क) आर्थिक कारण　　　　　　ग) विद्यालय टाढा भएर

ख) घरायसी कारण　　　　　　घ) विद्यालय जान मान्दैनन

ङ) अन्य कारण भए भन्नुहोस् ..............................................................

१९. विद्यालय छाड्नुपर्ने कारण के हो ?

क) कमजोर आर्थिक अवस्था　　　　　　ग) घरायसी समस्या खुलाउने

ख) परीक्षामा असफल　　　　　　घ) विद्यालयमा पढाइ राम्रो नभएर

२०. तपाई आफ्ना बालबालिकालाई पढाइमा सहयोग गर्नु हुन्छ कि हुन्न ?

क) गर्छु　　　　　　ख) गर्दिन

२१. आफ्ना बालबालिकाको पढाइप्रति र लगानीप्रति प्रतिफल कस्तो पाउनुभएको छ ?

.................................................................................................................

२२. तपाईको विचारमा माध्यमिक विद्यालयको शुल्क कस्तो हुनुपर्दछ ?

.................................................................................................................

२३. तपाईले छोराछोरी पढाउँदा गरेको खर्च राम्रो शैक्षिक उपलब्धी प्राप्त गर्न प्रर्याप्त छ कि छैन ?

.................................................................................................................

२४. तपाईले सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धि र प्रवाहदरमा कत्ति फरक पाउनु भएको छ ?

..................................................................................................................

## अनुसूची २

## प्रधानाध्यापकलाई प्रश्नावली

विद्यालयको नाम : प्रधानाध्यापकको नाम :

ठेगाना :

१. तपाईको विचारमा विद्यार्थीहरुको प्रवाहदर कम हुने कारणहरु के के हुन् ?

..........................................................................................................

२. विद्यार्थीहरुले बिचैमा कक्षा छाड्ने वा कक्षा दोहोऱ्याउने कारणहरु के के हुन् ?

..........................................................................................................

३. विद्यार्थीहरुको कक्षा छाड्ने दरलाई कम गर्न के कस्तो उपाय अपनाउन सकिन्छ ?

..........................................................................................................

४. विद्यार्थीहरुको उर्तीणदर बढाउदै लैजान के गर्न सकिन्छ ?

..........................................................................................................

५. विद्यालयको प्रमुख आम्दानीको स्रोत के हो ?

..........................................................................................................

६. प्राप्त आम्दानी विद्यालयका लागि प्रर्याप्त छ ?

क) प्रर्याप्त छ ख) प्रर्याप्त छैन

७. तपाईको विद्यालयले माध्यमिक तहमा गरेको खर्च प्रर्याप्त छ ?

..........................................................................................................

८. के तपाई आफ्नो विद्यालयको माध्यमिक तहको नतिजा प्रति सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................................

९. के तपाई आफ्नो विद्यालयको एस.एल.सी. परिणाम प्रति सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................................

१०. के विद्यालयमा उपलब्ध छात्रवृत्तिले कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) नकारात्मक

११. तपाईको यस विद्यालयमा माध्यमिक तहमा जम्मा कति जना विद्यार्थीहरु भर्ना भएका छन् ?

क) कक्षा ९ .................... ख) कक्षा १० मा ...................

१२. यी सम्पूर्ण विद्यार्थीहरुका लागि शिक्षक सङ्ख्या प्रर्याप्त छ कि छैन ?

..............................................................................................................

१३. के विद्यालयको शैक्षिक उपलब्धि विद्यालयले गर्ने खर्चमा भर पर्छ ?

..............................................................................................................

१४. तपाईको विद्यालयको भौतिक सुविधाको अवस्था कस्तो छ ?

..............................................................................................................

१५. तपाईको विद्यालयका खास समस्याहरु के के हुन् ?

..............................................................................................................

१६. माथिका समस्या समाधान गर्न कस्ता उपाय अपनाउनुपर्ला ?

..............................................................................................................

१७. शिक्षामा गरिएको सरकारी लगानी वृद्धिले विद्यार्थीहरुको प्रवाह दरमा प्रभाव परेको छ ? लगानी गरिएअनुसार कति प्रतिशत विद्यार्थीहरु बढेका छन् ?

१८. सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धीमा फरक आउनुका मूल कारणहरु तपाइको विचारमा के लाग्छ ?

..............................................................................................................

१९. विद्यार्थी सहभागिता बढाउन कस्ता कस्ता उपायहरु, कार्यकमहरु गर्दै आउनु भएको छ ?

..............................................................................................................

## अनुसूची ३

## विद्यार्थीहरुका लागि प्रश्नावली

विद्यालयको नाम : विद्यार्थीको नाम :

ठेगाना : कक्षा :

१. विद्यालयको पढाइ कस्तो छ ?

..................................................................................................................

२. विद्यालयमा पढाइको वातावरण कस्तो छ ?

..................................................................................................................

३. के तिमी सधै विद्यालय आउँछौं ?

..................................................................................................................

४. साथीहरु विद्यालय जाँदा तिमी के गरेर दिन बिताउँछौं ?

क) घरको काम गरेर ख) घास काट्ने र गाई हेरेर

ग) भाइबहिनी हरेर घ) ज्याला मजदुरी गरेर

५. सरकारी विद्यालय की नीजि विद्यालयको शिक्षा उपयुक्त लाग्छ ?

..................................................................................................................

६. तिमीले शिक्षामा गरेको लगानी अनुसार उपलब्धी प्रति कति सन्तुष्ट छौं ?

..................................................................................................................

७. सामुदायिक विद्यालयमा विद्यार्थी प्रवाहदर कस्तो रहेको छ ?

..................................................................................................................

८. विद्यार्थी प्रवाह दर घट्दै वा बढ्दै जानुका के कारणहरु के हुन जस्तो लाग्छ ?

..................................................................................................................

९. तिमीलाई विद्यालय आउन मन लाग्छ कि लाग्दैन ?

..................................................................................................................

१०. कक्षामा शिक्षकले पढाएको प्रभावकारी हुन्छ कि हुँदैन ?

....................................................................................................................

११. तिमीलाई विद्यालय पठाउन अभिभावकबाट कतिको पहल भएको छ ?

....................................................................................................................

१२. कक्षामा अहिलेसम्म अनुर्तिण हुने, कक्षा दोऱ्याउने गरेको छ कि छैन ?

....................................................................................................................

१३. विद्यालयको पढाईप्रति सन्तुष्ट छौ कि छौनौ ?

............................................................................................................

१४. विद्यालयमा शिक्षण सिकाइ कृयाकलापमा शैक्षिक सामाग्रीको प्रयोग हुन्छ कि छैन ?

............................................................................................................

१५. तिमीलाई मनपर्ने विषय र मनपर्ने विषय कुन हो ?

............................................................................................................

१६. तिमीलाई सबैभन्दा मनपर्ने शिक्षक को हो ?

............................................................................................................

१७. विद्यालयमा छात्रावृत्तिको व्यवस्था छ कि छैन ?

............................................................................................................

१८. अतिरिक्त कार्यक्रमहरु कतिको सञ्चालन हुन्छन के तिमीपनि कार्यक्रममा सहभागी हुने गरेको छौ ?

............................................................................................................

## अनुसूची ४

## शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम :                                                    ठेगाना :

१. तपाईको आज सम्मको शिक्षण अनुभवमा विद्यालयमा विद्यार्थी प्रवाह दर कस्तो पाउनु भएको छ ?

क) ज्यादै कम                    ख) ज्यादै धेरै

ग) केही प्रतिशत                 घ) कहिले न्यून कहिले धेरै

२. प्रभावकारी शिक्षणको लागि शिक्षकको अभिभारा कस्तो ठान्नु भएको छ ?

..........................................................................................................

३. विद्यालयबाट शिक्षणका लागि शैक्षिक सामग्री उपलब्ध तथा पुनताजगी तालिम प्रदान हुन्छ कि हुँदैन ?

..........................................................................................................

४. सामुदायिक विद्यालयको भर्नादर बढाउन कस्ता उपाय अवलम्बन गर्नुपर्ला ?

..........................................................................................................

५. यस विद्यालयको शैक्षिक क्षतिको दर कस्तो पाउनु भएको छ ?

..........................................................................................................

६. विद्यालयमा कक्षा छाड्ने र कक्षा दोर्‍याउने र अनुतिर्ण हुने मुख्य कारणहरु के होला जस्तो लाग्छ ?

..........................................................................................................

७. सरकारले शिक्षामा गरिएको लगानी अनुसार विद्यार्थीको उपलब्धी कस्तो पाउनु भएको छ ?

..........................................................................................................

८. कक्षामा शिक्षण गर्दा कस्ता कस्ता शिक्षण विधि अपनाउनु हुन्छ ?

..........................................................................................................

९. विद्यार्थीहरुको विद्यालयप्रतिको धारणा कस्तो पाउनु भएको छ ?

..........................................................................................................

१०. विद्यालयलाई असल र गुणस्तरयि शिक्षाप्रदान गरि विद्यार्थी प्रवादर र उपलब्धी बढाउन कस्ता कस्ता कदम पाल्नु भएको छ ?

## अनुसूची ५

## विद्यालय अवलोकन फारम

विद्यालयको नाम :

ठेगाना :

१. विद्यालयमा भएका जम्मा भवनको सङ्ख्या कति छ ?

.....................................................................................................

२. विद्यालयमा भएका जम्मा कोठा सङ्ख्याहरु कुन कुन प्रयोजनका लागि कति कति छन् ?

.....................................................................................................

३. कक्षाकोठाको प्रर्याप्तता कस्तो छ ?

.....................................................................................................

४. शैक्षिक सामग्रीको सुरक्षा तथा व्यवस्थापन पक्ष कस्तो छ ?

.....................................................................................................

५. विद्यालयमा पुस्तकालयको व्यवस्था कस्तो छ ?

.....................................................................................................

६. यदि पुस्तकालयको व्यवस्था छ भने कसको लागि प्रयोग गरिएको छ ?

.....................................................................................................

७. विद्यालयमा शिक्षण कृयाकलापमा शैक्षिक सामग्रीको उपलब्धता छ कि छैन ?

.....................................................................................................

८. विद्यालयको कम्पाउण्ड घेरिएको छ ?

.....................................................................................................

९. विद्यालयमा शौचालय र पिउने पानीको व्यवस्था छ ?

.....................................................................................................

१०. यदि छैन भने कसरी व्यवस्थापन गरिएको छ ?

.................................................................................................................

११. के विद्यालयसँग आम्दानी दिने खालको जमिन छ ?

.................................................................................................................

१२. विद्यालयमा प्रर्याप्त शिक्षक दरबन्दी छ ?

.................................................................................................................

१३. विद्यार्थीहरुको प्रवाहदर कस्तो छ ?

.................................................................................................................

१४. विद्यालयमा भर्नादरको स्थिति कस्तो छ ?

.................................................................................................................

१५. सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको भौतिक तथा शैक्षिक अवस्था उपयुक्त छ ?

.................................................................................................................

१६) खेलमैदानको व्यवस्था छ / छैन ।

.................................................................................................................

१७) कम्प्युटरको व्यवस्था छ / छैन ।

.................................................................................................................

१८) खेल्ने सामग्रीहरु साथै शैक्षिक सामाग्रीहरुको व्यवस्था छ छैन ?

.................................................................................................................

१९) विद्यालयमा अतिरिक्त कार्यक्रम सञ्चालन हुन्छन वा हुँदैन ?

........................................................................................................

## अनुसूची ६

## लक्षित समुह छलफल निर्देशिका

१. लक्षित समुह छलफल सञ्चालन गर्नुभन्दा पहिले ६-१० जना सम्मको समुह निर्माण गर्नुपर्दछ ।

२. समुह निर्माण गर्दा एउटै पृष्ठभूमि भएका व्यक्तिहरुको समुह बनाउनुपर्दछ ।

३. लक्षित समुह छलफलको लागि बनाइएका प्रश्नहरु खुल्ला रुपमा समावेश गर्नुपर्दछ ।

४. लक्षित समूह छलफलको लागि स्थान निर्माण गरिनुपर्दछ ।

५. छलफलमा एक जना मोडरेटर र एक जना नोट टेकरको व्यवस्था हुनुपर्दछ ।

६. छलफलमा आएका प्रश्नलाई र उत्तरलाई टिपोट गर्नुपर्दछ ।

७. टिपोट गरिएका संकलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्नुपर्दछ ।

## लक्षित समुह छलफलका लागि तयार गरिएका प्रश्नावलीहरु

१. विद्यालयमा प्रवाहदर घट्ने र पढ्ने कारणहरु के के हुन् ?

२. माध्यमिक तहको उपलब्धिमा सुधार गर्न कस्ता उपाय अवलम्बन गर्नुपर्ला ?

३. के लगानी वृद्धिले मात्र उपलब्धि स्तर बढाउछ भन्नु सहि हो ?

४. सामुदायिक विद्यालयको उपलब्धी स्तर संस्थागत विद्यालयको समान बनाउन के कदम चाल्नुपर्ला ?

५. माध्यमिक तहको शिक्षा प्रति के कस्ता सुधारोन्मुख नीति अवलम्बन गर्नुपर्ला ?

## अनुसूची ७

### विद्यार्थीको उत्तीर्णदर, विद्यार्थीको कक्षा दोहोर्‍याउने दर, विद्यार्थीको कक्षा छोड्ने दर निकाल्न प्रयोग गरिएको सुत्रहरु

१. कक्षा उर्त्तीणदर $= \dfrac{\text{अर्को कक्षाका लागी उर्तीण भएका विद्यार्थी सङ्ख्या}}{\text{त्यस कक्षाका कुल विद्यार्थी सङ्ख्या}} \times १००$

२. बिचैमा कक्षा दाहोर्‍याउने $= \dfrac{\text{कुनै वर्ष कुनै कक्षामा कक्षा दोर्‍याउने वि.सं.}}{\text{त्यहि वर्ष त्यही कक्षामा भर्ना भएका विद्यार्थी सङ्ख्या}} \times १००$

३. कक्षा छोड्नेदर $= \dfrac{\text{शैक्षिक सत्रको बिचैमा विद्यालय छाड्ने वि.स.}}{\text{त्यही वर्ष त्यही कक्षामा यस वर्ष भर्ना भएका वि.स.}} \times १००$